# विषय -सूची

## अध्याय - १


१.१ अध्ययनको परिचय ........ १
१.२ अध्ययनको उद्देश्य ........२
१.३ अध्ययनको कार्यक्षेत्र ........३
१.४ अध्ययनको प्रक्रिया ........३
१.५ अध्ययनको अवधि........६
१.६ अध्ययनको कार्यविधि ........७
१.७ अध्ययनको सिमा ........८


## अध्याय - २


२.१ परिचय ........९
२.२ लोकभाषा र साहित्य ........१७
२.३ लोककथा र लोक नाटक ........२२
२.४ गाउँखाने कथा ........२६
२.५ उखान टुक्का/लोकोक्ति ........२६
२.६ लोक विश्वाश, लोक आस्था र लोक मान्यता ........२७
२.७ पेशा ........२८
२.८ खानपान ........३१
२.९ लोकबाजा ........३१
२.१० लोकभाका र लोकगीत ........३३
२.११ फर्निचर, भाँडाकुँडा र हातहतियार ........३६
२.१२ भेषभूषा तथा गहनाहरु ........३९
२.१३ लोक धर्म / लोक अनुष्ठान ........४१
२.१४ लोक रीतिरिवाज तथा लोक प्रचलन........४३

# विषय -सूची


२.१५ लोक संस्कार ....................................................४८
२.१६ लोक उत्सव तथा चाडपर्वहरु ....................................................५३
२.१७ लोक प्रविधि, लोक शिल्पकला र लोक वास्तुकला ....................................................५८
२.१८ लोक खेल तथा लोक मनोरञ्जन ....................................................६०
२.१९ लोक गाथा, लोक नाच र साँस्कृतिक परम्परा ....................................................६१

## अध्याय-३

३.१ निष्कर्ष तथा सुझावहरु .................................................... ६६
३.२ वौद्धिक सम्पत्तिको सचेतना स्तर एवं समुदायले लोकवार्तालाई दिने महत्त्व : ........................६८
३.३ वौद्धिक सम्पत्तिको क्षेत्रमा दुरा समुदायको लोकवार्ता (Folklore) को महत्व र भूमिका :.......६९
३.४ दुरा जातिको लोकवार्ता एवं लोक परम्परा संरक्षणार्थ समुदाय र राज्यको भूमिका र दायित्व :.......७०
३.५ समुदायका लोक वार्ताहरुको उपयोगिताका आधारमा वर्गीकरण ....................७३
३.६ सन्दर्भ सूची ....................................................७४


अनुसूचीहरु ....................................................७५
१. दुरा जातिमा प्रचलित लोकवार्ताहरु एक झलक
२. प्रश्नावलीहरु

# पश्चिमाञ्चलका दुरा समुदायमा प्रचलित लोकवार्ता (*Folklore*)









## को
## अध्ययन सम्बन्धी

# अन्तिम प्रतिवेदन
# (*FINAL REPORT*)

**२०६६ फाल्गुण १४ गते**


पेश गरिएको कार्यालय :

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय
कालिकास्थान, डिल्लीबजार, काठमाडौं ।


तयार एवं पेश गर्ने :

सिर्जनशील अध्ययन केन्द्र नेपाल प्रा.लि.
धापासी, काठमाडौं ।

# दुरा समुदायका लोकवार्ता एक झलक



भू.पू. भारतीय हवल्दार भीमबहादुर दुरा र दुरा सेवा समाज केन्द्रीय उपाध्यक्ष लोक बहादुर दुरा



भू.पू. भारतीय आर्मी वीरबहादुर दुरा



काठका भाँडाकुँडाहरु



काठका भाँडाकुँडाहरु



धुप बाल्ने भाँडो



राडी बुन्दा कम्मरमा लगाउने छालाको पेटी

अनुसूची-१

# दुरा समुदायका लोकवार्ता एक झलक




चोयाको डालो



चोयाको भकारी



ढलोटको मानो



पाँचमुखे नाग भएको पूजाको भाँडो



काँचको गिलास



दियो बाल्ने ठडाल्नु

अनुसूची-१

# दुरा समुदायका लोकवार्ता एक झलक



फलामको हतियार



फलामको हतियार



धनुष



फलामको हतियार



खोसेलाको पिर्का




ऐतिहासिक सिन्दुरे ढुङ्गा

# दुरा समुदायका लोकवार्ता एक झलक



नेटा गा. वि.स.को वरदानी गाउँ



कलात्मक आँखी झ्याल



कलात्मक ढोकाको चौकोस

# अध्याय - एक

## १.१ अध्ययनको परिचय :

सम्पत्तिमाथिको परम्परात्मक सोचमा हिजोआज केही परिवर्तन आएको छ । आजको युग विज्ञान र प्रविधिको युग हो, अनि आविष्कारको युग हो । परम्परागत रुपमा भोग चलनमा रहेका घर जग्गा, सुनचाँदी, नगद, चौपाया आदि जस्ता सम्पत्तिको भन्दा बौद्धिक र मौलिक सृजनाको आर्थिक महत्त्व बढी हुने कुराप्रतिको चेतना पनि आज व्यापक रुपमा बढ्दो छ। कुनै पनि समुदाय विशेषको आफ्नै प्रकारका लोक मान्यता, रीति–रिवाज, प्रचलन र शिल्पहरु हुन्छन् । बौद्धिक सम्पत्तिको सन्दर्भमा यस्ता लोक बार्ताको अलग्गै विशेषता र पहिचान रहिआएको छ।

बौद्धिक सम्पत्तिको क्षेत्रमा अप्रकाशित तर अत्यन्तै महत्वपूर्ण सम्पदाको रुपमा रहेको लोकवार्ता (Folklore) कुनैपनि समुदाय वा राष्ट्रको सभ्यताको द्योतक हो । सभ्यताको पहिचान, परम्परागत ज्ञान र विकासको स्रोत एवं कुनैपनि समुदायका मानिसहरुको सामाजिक, साँस्कृतिक र आर्थिक जीवनको आधारको रुपमा रहेको लोकवार्ता अन्तर्गत पर्ने लोकगीत, लोक सङ्गीत, लोक परम्परा, लोक कथन, लोक साहित्य, लोक धर्म, लोक विश्वास र लोक रीतिरिवाज जस्ता विषयहरु अन्य समुदाय र क्षेत्रको लागि समेत अनुकरणीय उदाहरणको रुपमा रहन सक्छन् । विज्ञान र प्रविधिको विकास सँगसँगै आज कुनै एक क्षेत्र वा कुनै समुदायका लोकवार्ता (Folklore) को अन्य क्षेत्र वा समुदायका मानिसहरुले समेत यथावत रुपमै वा रुपान्तरित स्वरुपमा प्रयोग गर्न सक्ने सम्भावना देखिएबाट आर्थिक लाभ वा अन्य फाइदा प्राप्त गर्ने परम्पराको सुरुवात भइसकेको छ । यस्तो अवस्थामा समुदाय वा राष्ट्रले आफ्नो क्षेत्रभित्रका लोक परम्परा र लोकवार्ताको संरक्षण र

जगेर्ना गरी तिनको चोरी, दुरुपयोग वा अनैतिक र अनधिकृत प्रयोग हुनबाट रोकथाम गरी त्यस्ता सम्पत्तिको प्रयोगबाट समुदायलाई लाभ पुग्ने वातावरण तयार पार्नु अपरिहार्य भएको छ।

समुदायको गहनाको रुपमा रहेका लोकवार्ताको अध्ययन र अनुसन्धानद्वारा तिनको अध्यावधिक विवरण सङ्कलन एवं व्यवस्थापन गरी लोकवार्ताको संरक्षण तथा तिनको व्यावसायिक एवं वैज्ञानिक प्रयोगका सम्भाव्यताहरु पहिचान गर्दै प्रचलित लोकवार्ताको थप विकास गर्नु राष्ट्रको दायित्व हो। यही दायित्वको बोध गरी **नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय**ले नेपालको पश्चिमाञ्चलको लम्जुङ जिल्लामा बसोबास गर्ने दुरा समुदायमा प्रचलित लोकवार्ता (Folklore) को पहिचान र अध्ययन गर्न मिति २०६६/६/२० को गोरखापत्रमा प्रकाशित सूचना अनुसार मिति ०६६/८/१६ मा **सिर्जनशील अध्ययन केन्द्र नेपाल (प्रा.) लि.** र **नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय**बीच भएको सम्झौता मुताविक अध्ययन कार्य गर्ने सम्बन्धमा अध्ययनको यो अन्तिम प्रतिवेदन (Final Report) तयार गरी स्वीकृतिको लागि पेश गरिएको छ।

## १.२ अध्ययनको उद्देश्य :

(क) नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको लम्जुङ जिल्लामा बसोबास गर्ने दुरा जातिका समुदायमा प्रचलित लोक भाका, लोक बाजा, लोक जात्रा, लोक कथा, लोकोक्ति, लोक खेल, लोक मनोरञ्जन, लोक गीत, लोक नाच, लोक नाटक, गाउँखाने कथा, उखान टुक्का, लोक भाषा आदि जस्ता मौखिक लोकवार्ता र प्रदर्शनकारी लोक कला तथा लोक अनुष्ठान, लोक रीतिरिवाज, लोक उत्सव, लोक विश्वास, लोक आस्था, लोक प्रचलन, लोक धर्म, लोक मान्यता, लोक वास्तुकला, लोक प्रविधि, लोक शिल्पकला, लोक भेषभूषा एवं ती समुदायले प्रयोग गर्ने भाँडाकुँडा, फर्निचर र हतियारको सम्बन्धमा विस्तृत विवरण सङ्कलन गरी प्रस्तुत गर्ने।

(ख) बौद्धिक सम्पत्तिको क्षेत्रमा लोकवार्ता (Folklore) को महत्व र भूमिकाको अध्ययन, विश्लेषण गरी तिनको जगेर्नाको अवस्थाको बारेमा सुझावहरु प्रस्तुत गर्ने।

(ग) दुरा समुदायका मानिसहरुले आफ्ना लोकवार्ता (Folklore) लाई दिने महत्व वा हेर्ने दृष्टिकोणको अध्ययन गरी तिनीहरुमा रहेको बौद्धिक सम्पत्तिप्रतिको सचेतनाको स्तरको बारेमा विवरण प्रस्तुत गर्ने।

(घ) दुरा समुदायमा प्रचलित लोकवार्ता र लोक परम्पराहरुको संरक्षण र प्रवर्द्धनका लागि सम्बन्धित समुदाय एवं राज्यले खेल्नुपर्ने भूमिका र निर्वाह गर्नुपर्ने दायित्वको सम्बन्धमा विवेचना गर्ने र सो को कार्यार्थ आवश्यक आधार सुझाव प्रस्तुत गर्ने।

(ङ) माथि प्रस्तुत गरिएका विवरण एवं विवेचनाका आधारमा अध्ययनको अन्तिम निष्कर्ष र सुझावहरु पेश गर्ने।

## १.३ अध्ययनको कार्यक्षेत्र :

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको लम्जुङ जिल्लामा बसोबास गरिरहेका दुरा समुदाय र तीनमा प्रचलित विभिन्न प्रकारका लोकवार्ता नै यस अध्ययन कार्यको प्रमुख कार्यक्षेत्र हुन्।

## १.४ अध्ययनको प्रक्रिया :

### (क) तथ्याङ्क सङ्कलन :

अध्ययनको लागि आवश्यक तथ्याङ्कहरु विभिन्न स्रोत, विधि एवं माध्यमहरुको उपयोगद्वारा सङ्कलन गरिएको छ।

**(अ) तथ्याङ्क सङ्कलनको स्रोत :**

अध्ययनको लागि आवश्यक पर्ने सूचना तथा तथ्याङ्क विभिन्न प्राथमिक र माध्यमिक स्रोतहरुबाट सङ्कलन गरिएको छ। प्राथमिक स्रोत अन्तर्गत सम्बन्धित

समुदायका अनुभवी एवं बौद्धिक व्यक्तित्वहरुको सहयोग लिइएको छ। माध्यमिक स्रोतका रुपमा विभिन्न सरकारी, अर्धसरकारी, गैह्रसरकारी एवं निजी क्षेत्रबाट विभिन्न समयमा सम्बन्धित विषयमा प्रकाशित पुस्तकहरु, रिपोर्टहरु, बुलेटिनहरु वा अन्य सामग्रीहरुको उपयोग गरिएको छ। साथै इन्टरनेट र वेभ साइटमा उपलब्ध हुने सम्बन्धित विषयका विवरणहरुको पनि प्रयोग गरिएको छ। विभिन्न पुस्तकालयमा रहेका पुस्तक तथा अनुसन्धानपत्रहरुको समेत अध्ययन गरी आवश्यकताअनुसारको विवरण उपयुक्तताको आधारमा सङ्कलन गरी प्रयोग गरिएको छ।

**(आ) तथ्याङ्क सङ्कलन विधि :**

अध्ययनको लागि आवश्यक प्राथमिक विवरण विभिन्न तथ्याङ्क सङ्कलन विधिको प्रयोग गरी सङ्कलन गरिएको छ। यसमा मुख्यतया असंभावित नमूना विधि (Non-Probability sampling method) को उपयोग गरी दुरा समुदायभित्रका कम्तिमा १० (दश) परिवारलाई नमूनाको रुपमा छनौट गरिएको छ। साथै सम्बन्धित समुदाय विशेषको अधिकार, हकहित एवं संस्कृतिको जगेर्नाको लागि स्थापना भएका विभिन्न संस्थाहरुबाट समेत अध्ययनको लागि आवश्यक लोकवार्ता सम्बन्धी विवरण तथा तथ्याङ्कहरु प्राप्त गरी प्रस्तुत प्रतिवेदनमा समावेश गरिएको छ।

**(इ) तथ्याङ्क सङ्कलनका माध्यमहरु :**

अध्ययनको लागि प्रयोग हुने सूचना, विवरण एवं तथ्याङ्कहरु विभिन्न माध्यमहरुको प्रयोग गरी सङ्कलन गरिएको छ।

**(१) प्रश्नावली :**

विविध प्रकारका प्रश्नावली निर्माण गरी अध्ययनले समेट्ने समुदायमा प्रचलित लोकवार्ताहरु सम्बन्धी विवरण र तथ्याङ्कहरु तालीमप्राप्त तथ्याङ्क सङ्कलक मार्फत सङ्कलन गरिएको छ।

**(२) प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्ता :**

प्रश्नावलीको साथसाथै अध्ययनको लागि आवश्यक विवरण तथा सूचनाहरु सम्बन्धित समुदायका अनुभवी एवं प्रवुद्ध व्यक्तिहरु, सो समुदायका विषयमा अध्ययन गरेका स्रोत व्यक्तिहरु एवं सम्बन्धित क्षेत्रमा क्रियाशिल संघ संस्थाहरुमा कार्यरत व्यक्तिहरुसँग प्रत्यक्ष रुपमा भेटेर अन्तर्वार्ताको माधयमबाट प्रश्नहरु सोधी आवश्यक विवरण सङ्कलन गरिएको छ।

**(३) अवलोकन :**

सम्बन्धित समुदायमा गएर केही दिन समुदायसँग प्रत्यक्ष रुपमा घुलमिल भई समुदायका मानिसहरुको दैनिक जीवनयापनको प्रत्यक्ष अवलोकन गरी सो समुदायमा प्रचलित लोकवार्ताको विषयमा आवश्यक विवरणहरु प्राप्त गरिएको छ।

**(४) संवाददाताहरुमार्फत विवरण सङ्कलन :**

कतिपय दुर्गम स्थानहरुमा रहेका स्रोतहरुबाट तथ्याङ्क सङ्कलन गर्नुपर्दा प्राकृतिक प्रतिकूलता अथवा देशमा उत्पन्न हुनसक्ने विशेष परिस्थितिका कारण सम्बन्धित क्षेत्रमा पुग्न असमर्थ हुने परिस्थिति सिर्जना भएपनि सम्बन्धित क्षेत्रका सम्वाददाताहरु वा प्रतिनिधिहरुको सहयोगमा समेत अध्ययनका लागि आवश्यक तथ्याङ्कहरु प्राप्त गर्न पहल गरिएको छ।

**(५) अन्य :**

माथि उल्लेखित माध्यमहरु बाहेक समय, लागत, कार्यक्षेत्र, भौगोलिक अवस्थिति तथा क्षेत्रगत विशेषता समेतका आधारमा सम्भव भएका अन्य माध्यमहरुको प्रयोग गरी अन्तिम प्रतिवेदनका लागि तथ्याङ्कहरु संकलन गरिएको छ।

### (ख) तथ्याङ्क प्रशोधन :

सम्बन्धित समुदायसँग सरोकार राख्ने प्रश्नावलीद्वारा तथा अन्य माध्यमबाट प्राप्त हुने विवरण तथा तथ्याङ्कहरुलाई तिनको प्रकृति, गुणस्तर र महत्वको आधारमा विभिन्न समूहहरुमा वर्गीकरण गरिएको छ। तथ्याङ्क सङ्कलकहरु मार्फत प्राप्त हुन आएका तथ्याङ्कहरुलाई विभिन्न विधिहरु अपनाई प्रशोधन गरिएको छ र विश्लेषण एवं मूल्याङ्कन गर्न योग्य बनाइएको छ।

### (ग) तथ्याङ्क विश्लेषण र मूल्याङ्कन :

प्रशोधित तथ्याङ्कहरुलाई विभिन्न गणितीय विधिहरुको उपयोग गरी आवश्यकताअनुसार संश्लेषण एवं विश्लेषण गरिएको छ। तथ्याङ्क विश्लेषणबाट प्राप्त हुने नतिजाहरु समेतका आधारमा सम्बन्धित समुदायमा रहेका लोक परम्परा र लोकवार्ताहरुको प्रचलन र विकासको अवस्थाको सम्बन्धमा मूल्याङ्कन गरिएको छ। मूल्याङ्कनका नतिजाहरुलाई विभिन्न तरिकाहरुबाट प्रस्तुत गरिएको छ।

### (घ) अध्ययनका निष्कर्ष र सुझावहरु :

अध्ययनको मूल्याङ्कनको आधारमा अध्ययनका निष्कर्ष र सुझावहरुलाई बुँदागत रुपमा पेश गरिएको छ।

## १.५ अध्ययनको अवधि :

देशमा कायमै रहेको राजनीतिक अस्थिरताका कारण उत्पन्न असहज परिस्थिति र सम्बन्धित राजनीतिक पार्टीका भ्रातृ संगठनहरुबीच भइरहेको झडपका घटनाका साथै गणराज्य–स्वायत्तराज्य मागका कारण अनिश्चित रुपमा हुने बन्द र हडतालले गर्दा प्रस्तुत प्रतिवेदनका लागि आवश्यक तथ्याङ्क संकलनमा बाधा उत्पन्न हुनु स्वाभाविकै हो। अध्ययनको सिलसिलामा प्राकृतिक र मानवीय दुबै कारणले यात्रा मार्गमा अवरोधहरु उत्पन्न भई तथ्याङ्क संकलकहरुलाई समस्या नपरेको होइन तथापि सम्झौताको शर्त बमोजिम अर्थात् सम्झौता भएको मितिले तीन महिना भित्र यो अन्तिम प्रतिवेदन तयार गरी स्वीकृतिका लागि पेश गरिएको छ।

## १.६ अध्ययनको कार्यविधि :

(क) नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट अध्ययनको अवधारणा पत्र स्वीकृत भई सो सम्बन्धी जानकारी पत्र र सम्झौता बमोजिम पाउनुपर्ने पेश्की रकम प्राप्त भएको भोलिपल्टदेखि नै विस्तृत अध्ययन कार्य प्रारम्भ गरिएको ।

(ख) प्रारम्भमा उल्लेखित जिल्लाको सम्बन्धित समुदायमा प्रचलित लोकवार्ताका विविध आयामहरुको अध्ययन गरी आवश्यक विवरणहरु प्राप्त गरिएको ।

(ग) उल्लेखित समुदायमा प्रचलित लोकवार्ताको अध्ययन, विश्लेषण र विवेचना समेतलाई समेटी विस्तृत कार्यारम्भ गरेको २ (दुई) महिनाभित्र अर्थात सम्झौता भएको मितिले ३ (तीन) महिनाभित्र अन्तिम प्रतिवेदन तयार गरी पेश गरिएको ।

(घ) नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट मस्यौदा प्रतिवेदन स्वीकृत भएको पत्र र सुझाव प्राप्त भएपछि सो को आधारमा सङ्कलन हुन बाँकी रहेका र आवश्यक ठहरिएका तथ्याङ्क तथा विवरणहरु संकलन गरी त्यसलाई थप प्रशोधन, विश्लेषण र मूल्याङ्कन गर्दै गरिएको अन्तिम प्रस्तुतिबाट देखिएका निष्कर्ष र सुझावहरु सहित अध्ययनको यो अन्तिम प्रतिवेदन तयार गरी सो को २ (दुई) प्रति नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा बुझाइएको छ । सम्झौता बमोजिम यस प्रतिवेदनलाई सी.डी.मा समेत राखी २(दुई) प्रतिकै दरले प्रतिवेदनसाथ संलग्न गरिएको छ।

## १.७ अध्ययनको सिमा :

(क) कतिपय विषयमा सम्पूर्ण नमूनाहरुको अध्ययन गर्न समय र स्रोतका आधारमा सम्भव नहुने भएकाले नमूना तथ्याङ्क सङ्कलन विधि प्रयोग गरिएको छ।

(ख) सम्बन्धित स्रोत व्यक्ति तथा संस्थाबाट प्राप्त भएका विवरणहरुलाई नै यथार्थ विवरण मानी अध्ययनको आधारको रुपमा लिइएको छ।

(ग) पश्चिमाञ्चल विकास क्षेत्रको लम्जुङ जिल्लामा बसोबास गर्दै आएका दुरा जातिको समुदायमा प्रचलित लोकवार्ताको अध्ययन गर्न सम्झौतामा उल्लेखित स्रोत र समयावधि पनि आफैमा अध्ययनको सिमाको रुपमा रहेको छ।

(घ) तोकिएको समयावधिभित्र सम्भव भएसम्म सम्बन्धित समुदायको लोकवार्ता सम्बन्धी विवरणहरु संकलन गरी पेश गरिएको छ। यस प्रतिवेदनमा उल्लेखित लोक वार्ताहरु नै सम्बन्धित समुदायका सम्पूर्ण लोकवार्ता हुन् भन्ने अवस्था होइन।

(ङ) अध्ययनका क्रममा संकलन गर्न सकिएका सम्पूर्ण स्थलगत तस्विरहरुलाई प्रतिवेदनमा समावेश गरिएको छ।

# अध्याय - दुई

## २.१ परिचय

दुरा जातिको उत्पत्ति र नामाकरणको बारेमा हालसम्म जे जति खोज अनुसन्धानहरु भएपनि त्यसबाट यस बारेका सर्वमान्य तथ्यहरु सार्वजनिक हुन सकेका छैनन्। विभिन्न प्रकारका सम्भावित



नेटा गा.वि.स.बाट देखिएको दुरा डाँडा

आधारहरुको प्रस्तुतिमै खोजकर्ताहरुको मत व्यक्त भएको पाइएको छ । हुन त विभिन्न लेखक विद्वानहरुले व्यक्त गरेका मतहरुमा कतिपयका तर्क र प्रस्तुतिमा समता देखिएको भएता पनि कतिपय लेखकहरुले विल्कूलै फरक र विपरित प्रकृतिका मत पनि राखेका छन् । दुरा सेवा समाजद्वारा प्रकाशित 'दुरा जातिको भाषा, परम्परा र संस्कृति' नामक पुस्तकमा दुरा जाति दुल्लु दैलेखबाट आएका हुन् भनिएको छ । 'दुल्लु दैलेखका राजा दुलाल वंशका थिए । सोही दुलाल विविध परिस्थितिले गर्दा बसाई सराईको क्रममा मनाङ र मुस्ताङबीचको शिखरमा रहेको रुद्रभोट हुँदै लम्जुङ प्रवेश गरेका थिए। सोही दुलाल जाति रुद्रा भोटबाट प्रवेश गरेकाले रुद्रा–रुदुरा भएर अन्त्यमा दुरा शेष रहेकाले दुरा भन्ने जातिको नाम रहेको हो भन्ने जनश्रुति पाइन्छ ।' यस बाहेक पनि दुरा जातिको उत्पत्ति र नामाकरणका बारेमा विभिन्न लेखकहरुका निम्नलिखित भनाइहरु तथा जनश्रुतिहरु पाइन्छ –

२.१.१. उत्तर पश्चिमी चीनको पुराङ भन्ने प्रदेशमा पुहीं भन्ने वंशमा दुई भाइ छोरा थिए – कुगी र तुरा। वंश बिस्तार हुँदै जाँदा कुगीको वंश चीनमै रह्यो भने तुराको वंश चाहिँ बसाइँ सरी मङ्गोल हुँदै सातौं शताब्दीमा कर्णाली प्रदेशमा प्रवेश गऱ्यो र ११ औं शताब्दीमा काली गण्डकी पार गरी उनीहरु मध्यपश्चिम क्षेत्रमा फैलिएका हुन् । मध्यपश्चिम क्षेत्रमा दुराहरुको सबैभन्दा पुरानो र ठूलो बस्ती तुर्लुङ्कोट नै हो । डाँडामा तुराहरु बसेकाले तुरालुङ्कोट भन्ने नामाकरण भएको र पछि अपभ्रंश हुँदै तुरालुङबाट तुर्लुङ भएको हो भन्ने भनाई छ । दुरा डाँडास्थित तुर्लुङकोटमा अझैपनि प्राचीन घर र गढीका भग्नावशेषहरु छँदैछन्। हाल घना जङ्गलमा परिणत भएको त्यस ठाउँमा पानी पँधेरो, तेल पेल्ने कोलका ढुङ्गा, मसानघाट लगायतका मानव सभ्यताका चिनारीहरु प्रशस्तै भेटिन्छन् । इतिहासको कुनै कालखण्डमा (लगभग ५०० वर्ष भन्दा अघि) भयानक डढेलो लागेपछि हतास बनेका दुराहरु बसाईं सरी तुर्लुङ्कोटबाट ठूलो स्वाँरा, मकै स्वाँरा, हाँडी खोला लगायतका ठाउँतिर छरिएका हुन् भन्ने जनश्रुति रहेको पाइएको छ।

२.१.२. भारतको चितौडगढमा मुसलमानहरुले आक्रमण गरेपछि राजदरवारका परिवारको भागाभाग भयो । त्यही क्रममा एउटा समूह नेपाल आइपुग्यो । तराईको औलो छल्दै उकालो लाग्ने

क्रममा उनीहरु अग्लो पहाडमा आएर जङ्गल फाँडी बसे। दरबारबाट निकै टाढा, डाँडाको बस्ती भएको हुनाले 'दूर डाँडा' भनियो र दूर डाँडामा बस्नेहरुलाई दूरा भन्न थालियो। यसरी दुरा र दुराडाँडा नामाकरण भएको हो भन्ने कुरा भू.पू. सचिव नरकान्त अधिकारीले सुनाउनुभएको हो भनी डा. ऋषिकान्त अधिकारीले 'दुरा जातिको परिचय' नामक पुस्तकमा लेख्नुभएको छ।

२.१.३. नगेन्द्रराज शर्माले पनि साझा प्रकाशनबाट प्रकाशित आफ्नो पुस्तक 'नेपालको जनजीवन' मा युद्धका कारणले चितौडगढबाट विस्थापित भई घुम्दै फिर्दै आएका राजपुत महिला र उनको नोकरबाट जन्मेका सन्तानहरु दुरा डाँडामा गएर बसेकाले तिनीहरुलाई नै पछि दुरा भनिएको हुनुपर्छ भन्ने लेख्नुभएको छ भने इतिहासविद् तथा प्रकाण्ड विद्वान स्व. योगी नरहरिनाथले पनि चितौडगढमा मुसलमानले आक्रमण गरी विजय प्राप्त गरेपछि ज्यान जोगाउन भाग्दै जाँदा राजवंशका केही व्यक्तिहरु दुल्लु दैलेख पुगे र त्यहीँबाट जाजरकोट, रुकुम, पर्वत, तुरानकोट, मादीनदी हुँदै दुराडाँडा आइपुगेका हुन् भन्ने लेख्नुभएको छ।

दुरा जातिका पूर्वजहरु दैलेख (पूर्व समयमा दुल्लु भन्ने गरिएको) बाट पूर्वतिर बसाई सर्दै आएका हुन् भन्ने कुराप्रति धेरैजसो खोजकर्ता–लेखकहरुको मत नबाझिए पनि दुल्लुमा भारतको चितौडगढबाट आएका हुन् वा उत्तरी चिनियाँ क्षेत्रबाट आएका हुन् भन्ने कुरामा भने मत बाझिएको पाइन्छ। यहाँनेर अनुसन्धानको विषय के पनि छ भने हिमालय शृङ्खला पार गरी उत्तरी क्षेत्रबाट दक्षिणी क्षेत्रमा प्रवेश गरेका गुरुङ, लेप्चा लगायतका कतिपय मङ्गोल वर्णका जातिसँग दुराहरुको शारीरिक बनौट, ज्योतिष पद्धति, लोकधर्म र लोक विश्वाश, संस्कृति र परम्परा, सामाजिक प्रचलन, शुभ अशुभ संस्कारहरु मिल्दाजुल्दा भएकाले पनि पूर्वजहरु चितौडगढबाटै आएका हुन् भनेर यकिन गरिहाल्न भने सकिन्न। हुन त सदियौंको कालखण्डले संस्कार र संस्कृतिमा लोक र वातावरणको प्रत्यक्ष प्रभाव पनि पर्दछ। तथापि दुराका पूर्व राजाहरुको इतिहास दुल्लु (दैलेख) सँग जोडिएको हुनाले दुल्लु अघिको इतिहास त्यहीँबाट खोजी गर्दा उपयुक्त हुन्छ।

दुरा सेवा समाजद्वारा २०५४ सालमा प्रकाशित 'दुरा जातिको आर्थिक तथा सामाजिक पक्षको एक अध्ययन' नामक प्रतिवेदनमा यस जातिको जनसंख्या ५,६७६ रहेको तथ्य सार्वजनिक गरिएको थियो भने केन्द्रीय तथ्याङ्क विभागले २०५८ सालको जनगणना अनुसार नेपाल अधिराज्यभरमा यस जातिको कूल जनसंख्या ५१६९ मात्र रहेको जनाएको छ । नवौं राष्ट्रिय जनगणना २०४८ सम्म दुरा जातिको जनसंख्या कतै पनि उल्लेख नभएकोले दशौं राष्ट्रिय जनगणना हुनु पूर्व तथ्याङ्क विभागका तत्कालीन महानिर्देशक केशवराज शर्मालाई भेटी २०५८ सालको जनगणना प्रतिवेदनमा दुरा जातिको जनसंख्या अनिवार्य रुपमा समावेश गर्नका लागि माग राख्दै ज्ञापनपत्र बुझाइएको र दशौं जनगणनाको प्रतिवेदनमा दुरा जातिको जनसंख्या छुट्याइएको कुरा दुरा सेवा समाजद्वारा २०५१ सालमा प्रकाशित बुलेटिनमा जनाइएको छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, ललितपुरले यस जातिलाई पहाडी क्षेत्रमा बसोबास गर्ने जनजातिका रुपमा सूचीकृत गरेको छ भने सरकारी मानवीय विकाश सूचकांक २०५८ (साक्षरता दर, पक्की घर, भूमीको स्वामित्व, व्यवसाय, भाषा, जनसंख्या तथा स्नातक तह वा सो भन्दा माथिको शैक्षिक स्थितिको आधारमा गरिएको नेपालका आदिवासी जनजातिहरुको वर्गीकरण सूची) ले लोपोन्मुख समूह, अति सिमान्तकृत समूह, सिमान्तकृत समूह, सुविधा वञ्चित समूह र उन्नत समूह गरी वर्गीकरण गरेको ५ वर्ग मध्ये दुरा जातिलाई 'ग' समूहका आदिवासी जनजाति अर्थात् सिमान्तकृत समूहमा राखेको छ।

दुराहरुको प्रमुख थलो पश्चिमाञ्चलको लम्जुङ जिल्ला भएता पनि छिमेकी जिल्लाहरु कास्की र तनहूमा पनि उनीहरुको धेरै ठाउँमा बाक्लै बस्ती रहेको पाइन्छ। दुराहरु पूर्वमा रामेछापसम्म पुगेर व्यवस्थित बसोबास गरेका प्रमाणहरु पनि फेला परेका छन् । यसै सन्दर्भमा सिन्दुरे गाविस –३, ठूलो स्वाँरा, लम्जुङ स्थायी बसोबास भएका दुरा सेवा समाज, केन्द्रीय कार्य समितिका उपाध्यक्ष लोक बहादुर दुराका अनुसार रामेछापमा अझै दुरा गाविस अस्तित्वमा छँदैछ। जनश्रुति अनुसार पूर्वकालमा सो ठाउँमा दुराहरुको बस्ती थियो। उनीहरु बसेको ठाउँ फाँटिलो र उर्वर थियो। सोझा र मेहेनती दुराहरुलाई त्यहाँबाट धपाउने प्रपञ्च गरी छिमकी गाउँका एकजना नाम चलेका झाँक्रीले दुरासँग मीत

लगाएछन् । मीत लाएपछिको सम्बन्ध प्रगाढ र विश्वाशिलो नहुने त कुरै भएन । दुराका अवसरवादी झाँक्री मीत कुनै उपयुक्त अवसरको पखाईमा थिए । एकदिन त्यो समय पनि आयो । दुरा गाउँमा केही मानिस बिरामी परे, जसमध्ये केही मरे भने केही सिकिस्त भए । त्यो बेलाको प्रचलन र विश्वास अनुसार उपचारका लागि मीत झाँक्रीलाई बोलाउन पठाइयो । झाँक्रीले जोखाना हेरिसकेपछि बडो दुःखी हुँदै देवी देवता रिसाएकोले सो स्थान दुराहरुको लागि अफाप भएको र तुरुन्तै सम्पूर्ण दुराहरु बसाईं सरेर नहिंडे गाउँ नै सखाप हुने चेतावनी दिएपछि रातारात त्यहाँका दुराहरु गाउँ छाडेर हिंडेका थिए । रामेछापस्थित सो दुरा गाविसमा पुगी, हेरी किंवदन्तीमा सुने अनुसारका केही कुराहरु आफूले प्रत्यक्ष अनुभव गरेको समाजका उपाध्यक्ष लोक बहादुर दुराले बताउनुभएको छ ।

प्रमुख बसोबास रहेको जिल्ला लम्जुङमा कूल जनसंख्याको ७२ प्रतिशत दुराहरुको बसोबास रहेको छ भने खजेगाउँ, तुर्लुङकोट, भाँगु, मकैस्वाँरा, ठूलो स्वाँरा, सानो स्वाँरा,




दुरा जातिको परम्परागत गोल घर

काने स्वाँरा, बासपानी, नेटा, कुन्छा, तान्द्राङ, बर्धान, हाँडीखोला, नास्के, लाङ्दी, पतरी, सिठानी, सम्ले, भदौरे, रामबजार, भोर्लेटार आदि ठाउँहरुलाई उनीहरुको प्रमुख बासस्थान भएका ठाउँका रुपमा चिनाउन सकिन्छ। यसैगरी दोस्रो ठूलो बस्ती भएको जिल्ला तनहूँमा कूल जनसंख्याको लगभग १६ प्रतिशत दुरा बसोबास गर्दछन् । जसमा शिशाघाट, राम्चे, धरमपानी, सत्रसय, चिसापानी, तनहुँसुर, रामथुम्की, क्यामिन, दमौली आदि ठाउँहरुको नाम प्रमुख रुपमा लिन सकिन्छ। यस बाहेक कास्की, चितवन, नवलपरासी, ओखलढुङ्गा, डोटी, काठमाडौं, ललितपुर, कैलाली, रौतहट, रामेछाप लगायत नेपाल अधिराज्यका १२ वटा जिल्लामा दुराहरु छरिएर रहेको कुरा दुरा सेवा समाजले जनाएको छ।

सुगठित शरीर, ठिक्क (मध्यम) उचाई, केही थेप्चो नाक र साना आँखा, बाटुलो अनुहार, गहुँगोरो रंग भएका मङ्गोल वर्णका दुराहरु झट्ट हेर्दा गुरुङ जस्तै लाग्छन्। अधिकांश दुरा र गुरुङ बस्ती नजिक नजिक रहेको र दुरा र गुरुङमा सामान्य जातीय विभेद समेत देखिएकोले दुराले आफ्नो थर परिवर्तन गरी गुरुङ लेख्ने गरेको पाइयो भने वृटिश र भारतीय सेनामा भर्ती हुन सहज होस् भन्ने मनसायले पनि धेरै दुराहरु गुरुङ भएका रहेछन्। दुराहरुको बस्ती सीमित भू–भागमा मात्र भएकोले बसाई सरेर अन्यत्र (नौलो ठाउँमा) जाँदा सजिलोको लागि पनि गुरुङ भनी परिचय दिने गरेका धेरै उदाहरणहरु भेटिएका छन् । वास्तविक रुपमा जन्मदर घटेर दुराहरुको जनसंख्या घटेको नभई जात परिवर्तन गर्ने कारणले गर्दा नै यस्तो स्थिति आएको कुरा दुराहरु स्वयं स्वीकार्छन्। तर हाल आएर नयाँ पिंढी आफ्नो पहिचान र अस्तित्वप्रति सचेत भएका कारण आगामी दिनमा जनसंख्या घट्दो दिशातिर अघि नबढ्ला भन्ने विश्वाश गर्न सकिन्छ। अध्ययनको क्रममा लम्जुङ जिल्लाका विभिन्न गाउँमा वृटिश तथा भारतीय आर्मीका अवकाशप्राप्त पाका उमेरका धेरै दुराहरु भेटिए, जसले भर्तीमा आफ्नो थर गुरुङ भएको बताएका छन्। अध्ययन भ्रमणकै क्रममा पोखरामा भेटिएका प्रसिद्ध ठाडो भाकाका गायक वुद्धिमान दुरा 'धम्पु' ले आफू वुद्धिमान दुरा भन्दा बढी वुद्धिमान गुरुङ (धम्पु) को नामले परिचित भएको बताउनुभएको छ। श्री ३ जङ्गबहादुरको पालामा दुराहरुको जनसंख्या ११ हजार रहेको कुरा पनि गायक 'धम्पु' ले दावी गर्नुभयो।

लम्जुङ जिल्ला, शाहवंश, नेपाल एकीकरण र दुरा जाति इतिहासको पानामा अन्योन्याश्रित नाम भएर बसेका छन् । इतिहास खोतल्दै जाँदा पृथ्वीनारायण शाह, गोर्खा राज्य र शाह वंशको अभ्यूदयसँग लम्जुङ जिल्ला र दुरा जातिको नाम अग्रस्थानमा आउँछ ।




यशोब्रह्म शाहलाई चाँदीको जाबीमा बोकेर ल्याउँदै गरेका खजे दुराको शालिक
(चन्द्रेश्वर गा. वि. स., खजेगाउँ, लम्जुङ)

इतिहासकारहरुका अनुसार दुलाल वंशीहरु दुल्लु दैलेखबाट बसाईं सर्दै जाजरकोट, रुकुम, पर्वत, शिशाघाट, तुरानकोट हुँदै कास्की आइपुगे । त्यहाँ उनीहरुको समूहका एकजना सदस्यको मृत्यु  भयो। मृत्यु भएपछि उनीहरुले त्यही ठाउँमा अर्घौं पनि  गरे। जुन ठाउँ आजसम्म पनि अर्घौंको नामले चिनिन्छ। त्यही  अर्घौंबाट दधिराम दुरा र मधै दुरा लम्जुङ हेर्न भनी ममादी नदी किनारमा पुगेका थिए। संयोगवश सोही ठाउँमा गोरजेबाट शुकराज केप्छा, सिदीबाट चामु धिंगल र घले राजासँग मनमुटाव भइ लम्जुङबाट हिंडेका कुश्माखर घिमिरे पनि त्यही ठाउँमा आइपुगे । पाँचैजनाको भेट भयो र लम्जुङका घले राजालाई हटाउने योजना बनाई कास्कीकोटका राजा कुलमर्दन शाहका छोरा माग्न गए । यी पाँचैजनाले कुलमर्दनका छोरा कालु शाहलाई डडुवा भन्ने ठाउँमा ल्याई पुरानकोटलाई राजधानी बनाए। पछि घले राजाले षड्यन्त्र गरी शिकार खेल्न बोलाएर एकान्त पारी कालु शाहको हत्या गरिदिए । यसपछिको घटनाक्रममा भने केही अस्पष्टता देखिएको छ । एकथरि लेखकहरुले कालु शाहको हत्यापछि काखे छोरो यशोव्रह्म शाहलाई लिएर माइत जान लागेकी रानीलाई

बिचैमा रोकी मिदिम र रामुञ्चे खोलाको दोभान नेरको ओढारमा लुकाएर राखियो र त्यहीँबाट लुकाउँदै फर्काइ ल्याएर यशोब्रह्मलाई राजा मानी दुरा डाँडाको भागु गाउँस्थित ढुङ्गामा सिन्दुर जात्रा गरियो भन्ने मत व्यक्त गरेका छन् । रानी र नाबालक यशोब्रहम शाहलाई लुकाई राखिएको भनिएको ओढार र सिन्दुरजात्रा गरिएको सिन्दुरे ढुङ्गा अहिले पनि छँदैछन् । सो ओढारलाई हाल रानी ओढार भनिन्छ भने सिन्दुरे ढुङ्गाको नामबाट त सिन्दुरे गाविस नै नामाकरण भएको छ। यशोब्रह्म शाह र उनकी आमा (कालु शाहकी पत्नी) लाई लिन जाने समूहका खजे दुरा भन्ने व्यक्तिले बालक यशोब्रह्मलाई चाँदीको जावीमा बोकेर ल्याएको भन्ने भनाई अनुसार चन्द्रेश्वर गाविस अन्तर्गतको खजे गाउँमा सोही इतिहास झल्कने गरी खजे दुराको शालिक निर्माण गरिएको छ। यता सिन्दुरे ढुङ्गामा पनि खजे दुराले बालक यशोब्रह्मलाई जावीमा बोकेको सानो शालिक प्रतिकको रुपमा बनाइएको छ।

अर्काथरी इतिहासकारहरु चाहिँ के भन्छन् भने कालु शाहको हत्यापछि खजे दुरा, कुश्माखर अधिकारी लगायतका व्यक्तिहरु पुनः कास्कीकोट गएर कुलमर्दन शाहलाई भेटी अर्को छोरा मागे। एउटा छोराको हत्या भइसकेकाले अर्को छोरा दिन रानी राजी नभएपनि राजा चाहिँ मञ्जुर नै भएकाले उनले सम्झाई बुझाई रानीलाई पनि मनाए। राजाले ५ भाइ छोरामध्ये

एउटालाई रोजेर लानु भन्ने आदेश दिएपछि सबैलाई सुतेको बेला हेर्ने सहमती भएछ। राती सुतेको बेला गएर हेर्दा यशोब्रह्म शाह सिरानीतिर सर्दै सर्दै गएको देखेपछि यो छोरा लच्छिनको रहेछ भनी उसैलाई रोजी खजे दुराले चाँदीको जावीमा बोकेर ल्याएका हुन्। जे होस् कालु शाह र यशोब्रहम शाह पृथ्वीनारायण शाहका पूर्वज भएको र शाह वंशको उदय हुनुमा दुराका पूर्वजहरुको पनि अतुलनीय योगदान रहेकोले नेपालको एकीकरणपछिको विशाल राज्यमा दुरा जातिको आफ्नै प्रकारको अमिट र गौरवमय इतिहास जोडिएको छ। तथापि यो गौरवमय इतिहासमा खजे दुरा साथसाथै गुरुङ, बाहुन लगायतका अन्य जातका व्यक्तिवहरुको पनि उत्तिकै योगदान भएको कुरालाई भने कसैले पनि बिर्सनु हुन्न।

## २.२. लोकभाषा र साहित्य :

यस जातिको आफ्नो छुट्टै भाषा भएको दावी गरिए पनि समुदायमा आफ्नो भाषा बोल्ने प्रचलन भने छैन। बोलीचालीमा नेपाली भाषा प्रयोग गर्ने गरेका दुराहरुले आफ्नो मातृभाषा किन र कहिलेदेखि बोल्न छाडे भन्ने कुराको ठोस प्रमाण भेटिएको छैन। कतैकतै दूर्लभ रुपमा भेटिने गरेका दुरा भाषाका ज्ञाताहरुबाट सङ्कलन गरी दुरा भाषाका केही वाक्य र केही शब्दका कोश प्रकाशनमा ल्याइकएका छन् । जसमध्ये २०५१ सालमा दुरा सेवा समाजले प्रकाशन गरेको 'दुरा भाषाको शब्दकोष' र डा. ऋषिकान्त अधिकारीद्वारा लिखित पुस्तक 'दुरा जातिको परिचय' नामक पुस्तकको नाम यहाँ प्रमुख रुपमा उल्लेख गर्न सकिन्छ। यसैगरी स्नातकोत्तरको शोधपत्र लेख्ने क्रममा २०४९ सालमा मुक्तिनाथ घिमिरेले प्रत्यक्ष मौखिक कुराकानी र अध्ययनका क्रममा फेला पारेका दुरा भाषाका थुप्रै शब्द र वाक्यहरु संकलन गरेको थाहा भएको छ । केही महिना अघि लम्जुङ, हाँडीखोला, डाँडागाउँमा आजभन्दा ८५ वर्ष अघि विरालो वर्गमा जन्मिएकी समा दुरालाई दुरा भाषा बोल्ने एकमात्र जिबित महिलाका रुपमा प्रचारमा ल्याइएको थियो । उनको दुरा वार्ता राजधानीका टेलिभिजनहरुले समेत प्रसारण गरेका थिए। वृद्धा समा दुराका अनुसार दुरा भाषा ९० सालतिर प्रशस्तै बोलिन्थ्यो । अहिले पनि देशीबाजे, चिनी बूढी, जिमालका लोग्ने स्वास्नी र कोंग्रामा घर भएकी आफ्नै छोरी फूलमाया समेतले बोल्न जानेको उनी बताउँछिन् । दुराभाषा विज्ञका नामले प्रख्यात



दुरा भाषा बोल्ने एक मात्र जिवित महिला : समा दुरा (डाँडा गाउँ, लम्जुङ)

भएकी अत्यन्तै फरासिली समा दुरा कोही आगन्तुकलाई देख्नासाथ वडो उत्साहित लवजमा धाराप्रवाह दुरा भाषा बोल्न थाल्छिन् । अर्थ सोध्यो भने वाक्यको वा शब्द मात्रको पनि नेपालीमा उल्था गर्न अल्छी नमान्ने समा दुरा बढीजसो आफ्नै पारामा अनेक कुरा बोलिरहन्छिन् । उनका हरेक वाक्यका पछाडि 'होने जो' लाग्छ। काल नछुट्टिने र थेगो झैं हरेक वाक्यमा प्रयोग हुने 'होने जो' ले गर्दा उनको दुरा भाषा पाल्सी झैं लाग्छ । दुरा भाषा बोल्ने एकमात्र जिवित महिलाको भाषा

र खोजकर्ताहरुले प्रकाशमा ल्याएका भाषामा मेल नखानुले भाषाको अध्ययनमा अन्यौलता र अस्पष्टता खडा भएको छ। कुनै समुदायको मातृ भाषा एउटै पुस्तामा कसै कसैले मात्र बोल्न जान्नु, भाषा जान्ने महिला समा दुराकै दौंतरी र उनका जिवित अग्रजहरुले नजान्नु, एउटा पुस्तामा कसैले सुन्दै नसुन्नु कोही खरर बोल्नुले दुरा भाषा सम्बन्धमा अनेकन अनुत्तरित प्रश्नहरु खडा भएका छन्। शब्दहरु संकलन गर्दा एउटै बस्तुको नाम ४ वा सो भन्दा बढी भेटिनुले पनि भाषा अझ रहस्यमय बनेको छ। अध्ययनको क्रममा समा दुरासँग प्रत्यक्ष वार्ता गरी संकलन गरिएका शब्दार्थ र दुरा सेवा समाजद्वारा प्रकाशित पुस्तकमा लेखिएका केही फरक फरक शब्दार्थ उदाहरणका रुपमा प्रस्तुत गरिएका छन् –

## २.२.१. लोकभाषा (केही शब्दार्थ)

| नेपाली | समा दुरा | दुरा भाषाको शब्दकोष |
|---|---|---|
| गोरु | गोसे | गोसा |
| गाई | रिलु | गुसा |
| बाख्रा | राइलो | रो/म्यो/र/वनभेउ |
| बिरालो | राल्तो | ङ्याफी |
| कुकुर | कुइदाना | नकी/नाक्यू/कोक |
| भैंसी | मै | मैख/मई/माई |
| डोको | दोब्लो | राफे/रोके |
| कोदो | लम | किँ/किउ/नारे |
| धान | कि | सिकोमे/ह्वो/साली/राका/रो |
| मकै | मगरु | राका/मासी/सितरान |
| कटेरो | टू | भ्रो/सी |

दुरा भाषाकै शब्दकोषमा समेत धान र मकै दुबैलाई 'राका' भनिएबाट पनि यस भाषाको शब्दका सम्बनधमा अझै शुक्ष्म अध्ययन र अनुसन्धानको खाँचो महसुस हुन्छ।

## २.२.१.१. पारिवारिक साइनोहरू :

| नेपाली | दुरा |
|---|---|
| बा | बाउ |
| आमा | मैखू |
| हजुरबा | आँखे |
| हजुरआमा | आँखेस्यो |
| ससुरा | हाएपो |
| सासू | हाएमो |
| छोरा | रो/ह्रे/रसरी |
| छोरी | म्रेहे/मेरे |

## २.२.१.२. खाद्य पदार्थहरू :

| नेपाली | दुरा |
|---|---|
| तोरी | किउ/नाना |
| बेसार | केंलो |
| सातु | सिठो |
| तरुल | तेमे/सलतुम/कै |
| लसुन | प्रमु |
| आँप | औवो |
| साग | साग |
| काँक्रो | लाइ |

## २.२.१.३. भाँडाकुँडा/हातहतियार :

| नेपाली | दुरा |
|---|---|
| लोटा | वउनाला |
| गाग्री | गाग्री |
| ठेकी | धार्नी |
| डालो | डुमी |
| ताउलो | गोया |
| बन्चरो | वन्यो/व्याँची |
| खुकुरी | क्ववा |
| खुरपोटो | खुरपेटो/खोर्ले |

## २.२.१.४. पोशाकहरू

| नेपाली | दुरा |
|---|---|
| पटुका | के पो/पाखा |
| कछाड/काछ | कास |
| चोलो | ज्याकू |
| दौरा | दरा |
| पोते | काँची |
| टोपी | कुले |
| पछ्यौरा | ऋमु |
| भोटो | गाठा/गादा |

## २.२.१.५. शारीरिक अंगहरू

| नेपाली | दुरा |
|---|---|
| टाउको | पधे/मुनी |
| कपाल | ऋ/पधे |
| निधार | हाउँ |
| आँखा | मि |
| नाक | नु |
| घाँटी | पो/खली |
| छाती | माउ |
| स्तन | नाम्लो |

## २.३. लोककथा र लोकनाटक

यस जातिमा कथा भन्ने प्रचलन उतिसारो पाइन्न। लोक तथा दोहोरी गीतको उर्वर थलोको रुपमा परिचित पश्चिमाञ्चल विकास क्षेत्र र त्यसमा पनि लम्जुङ जिल्लामा दुराहरुको प्रमुख बसोबास रहेको हुँदा यस क्षेत्रकै प्रचलन अनुसार साँझको जमघट गीत–सङ्गीतमै बित्ने र दिउँसोको फूर्सदमा पनि गीत गाउने वा कुनै खेलबाट मनोरञ्जन लिने प्रचलन रहेको छ। यस क्षेत्रका कुनैपनि जातिमा नाटकको प्रचलन भने छैन। तर सोरठी, रोदी, असारे गीत लगायतका लोकगाथा तथा गीति परम्परा भने रहेका छन्। कहिलेकाहीँ लाहुरेहरुले लाहुरका अनौठा, रोमाञ्चक र युद्धका वास्तविक कहानी सुनाउने प्रचलन भने यो जातिमा रहेको पाइएको छ। तथापि अन्य जातिमा झैं यस जातिमा पनि कथाको प्रचलन अवश्य पनि छ। जे जस्तो मौलिक संस्कृति र परम्परा भएपनि सबै जात र धर्मावलम्बीहरुमा एक अर्काको धार्मिक–साँस्कृतिक प्रभाव परी कतिपय मिश्रित प्रचलनहरु देखिने हाम्रो मुलुकका सबैजसो बस्ती र गाउँमा देवता, राक्षस, भूतप्रेत, परी, राजा–महाराजा आदि विषयका अनेकन लोक कथाहरु प्रचलित छन्। जसबाट दुरा समुदाय पनि टाढा छैन। कुनैपनि समाजबाट

मौलिक रुपमा उत्पत्ति भएका यस्ता कथाहरु ती समुदायका सम्पत्ति हुन् । त्यसलाई पहिचान र प्रकाशन गरी सम्बन्धित समुदायले आर्थिक लाभ लिन सक्ने कुराप्रति सचेतना आजको आवश्यकता हो। यसै सन्दर्भमा कर्पुटार क्षेत्रका दुरा समुदायमा प्रचलित एउटी टुहुरी केटीको मर्मस्पर्शी कथा –

## २.३.१. लोककथा

### *टुहुरी केटीको कथा*

एकादेशमा बाबु–आमा र छोरी बस्दारहेछन् । छोरीलाई आमाले धेरै माया गर्दिरहिछन् भने बाबुले त्यति वास्ता गर्दोरहेनछ। तै पनि त्यो तीन जनाको परिवार सुखैसँग बसेको रहेछ। रहँदा बस्दा एकदिन आमाचाहिँ बिरामी भइछ र ओखतीमुलो गर्दागर्दै मरिन्छि। आफूलाई धेरै माया गर्ने आमाले छाडेर गएपछि त्यो केटीले आफू टुहुरो भएको ठानिछ र धेरै रोइछ। एकदिन बाबुले अर्की श्रीमती ल्याएछ। २–४ दिन त कान्छी आमाले त्यो टुहुरी केटीलाई राम्रै गरिछ तर समय बित्दै जाँदा कान्छी आमाको व्यवहार एकदमै रुखो हुँदै गएछ ! राम्रोसँग खान नदिने, पिट्ने, काम धेरै लाउने र बेलुकी बाबुसँग आफ्नो विरुद्धमा कुरा मात्र लाउने सानीआमाको व्यवहारले गर्दा टुहुरी केटीलाई बाँच्न मुश्किल पर्दै गएछ। एकदिन बाबुचाहिँ किनमेलका लागि बजार जाने भएछ। घरमा भएका सबैलाई के के ल्याइदिँऊ ? भनेर सोधेछ तर टुहुरी केटीलाई भने केहीपनि सोधेनछ। बजार जाँदाजाँदै कालो सर्पले उसको बाटो छेकेर ‘सबैसँग के ल्याइदिँऊ ? भनेर सोधिस् तर टुहुरी छोरीलाई किन सोधिनस् ?’ भनेछ। उसले पनि डराएर हात जोड्दै ‘बिर्सिएछु, माफ पाऊँ !’ भनेछ। तुरुन्तै फर्किएर घरमा आई टुहुरी केटीलाई ‘के ल्याइदिँऊ छोरी?’ भनेर सोधेछ। उसले एउटा बाखी ल्याइदिनु ! भनिछ। नभन्दै बाबु चाहिँले सबैको इच्छा अनुसारको सर सामान ल्याएछ। टुहुरी केटीलाई पनि उसले भने जस्तै बाखी ल्याएर दिएछ।

टुहुरी केटी सँधै बाख्री चराउन वनमा जान थालिछ। दिउँसो उसलाई धेरै भोक लाग्थ्यो, तर खानेकुरा हुँदैनथ्यो। भोकले ऊ छट्पटाउँथी, रुन्थी तर उसको दुःख बुझ्ने कोही हुँदैनथ्यो। यसरी नै दिनहरु बित्दै गएछन्। एकदिन जङ्गलमा सँधै झै भोकले टुहुरी केटी रोइरहेकी रहिछ, कतैबाट आवाज आएछ –'के भयो छोरी ? किन रोएकी ?' उसले चारैतिर हेरिछ तर बाख्री बाहेक कसैलाई पनि नदेखेर आफैँलाई भ्रम भएको होला भनेर पुनः रुन थालिछ। यत्तिकैमा फेरि कतै नजिकैबाट त्यस्तै आवाज आएछ। टुहुरी केटीले यताउती हेरी र हैरान भई, कसको आवाज होला ? उसले ठम्याउन सकिन। 'म तिम्री बाख्री आमा हुँ नानी ! किन रोएकी ? यता आऊ !' बाख्रीले भनिछ। टुहुरी केटी छक्क पर्दै अनि खुशी भएर बाख्रीको छेउमा गइछ र आफ्नो मनको कुरा सबै सुनाइछ। बाख्रीले भनिछ –'नरोऊ नानी ! म तिमीलाई खानेकुरा दिन्छु, भन के खान्छ्यौ ?' टुहुरीले पनि 'घिऊ हालेको मसिनाको भात खान पाए हुन्थ्यो' भनिछ। नभन्दै बाख्रीले पनि 'घिऊ हालेको मसिनाको भात ओकलेर दिइछ। त्यस दिनदेखि हरेक दिउँसो टुहुरीले बाख्री आमाले दिएको मीठा मीठा खानेकुरा खान थालिछ र हृष्टपुष्ट हुँदै गइछ। यता सानी आमाकी पनि एउटी छोरी रहिछ। आफूले जति मीठा र पोषिला खानेकुरा ख्वाए पनि आफ्नी छोरी भने ख्याउटी र दुब्ली तर पेटभरी खान नपाएकी टुहुरी केटी भने हृष्टपुष्ट र राम्री हुँदै गएकीले उसलाई शंका लागेछ। दिउँसो पक्कै पनि कसैले खानेकुरा दिन्छ होला भन्ठानेर सौतेनी आमाले टुहुरी केटीको चियो गर्नका लागि आफ्नी छोरीलाई पनि बाख्रा हेर्न जङ्गल पठाउने बिचार गरिछ।

सौतेनी आमाको आदेश अनुसार टुहुरी केटी र उसकी सौनेती आमाकी छोरी (बैनी) बाख्रा चराउन गङ्गल गएछन्। सँदाझैं त्यो दिन पनि बाख्री आमाले घिउ हालेको मसिनाको भात दिइछ। दिदी बहिनी दुबैले बाँडेर खाएछन्। टुहुरी केटीले बैनीलाई 'त्यो कुरा आमालाई नभन्नू है !' भनिछ। तर सौतेनी बैनीले भने भातको सिता नङमा लुकाएर घर लगी आफ्नी आमालाई देखाउँदै सबै कुरा बेलिबिस्तार लगाइछ। त्यसपछि जसरी भएपनि त्यो बाख्री मार्नुपर्ला भन्ने सोच बनाएर सौनेती आमाले एउटा योजनाको जाल बुनिछ। बिरामी भएको बहाना गरी घरमा झाँक्री बोलाउन लगाइछ। सौतेनी आमाले पहिल्यै केही पैसा दिएर यसोयसो भन्नु है ! भनेर सिकाएको झाँक्रीले योजना अनुसार घरमा भएको बाख्रीको शरीरमा भूतप्रेतले बास गरेकाले त्यो बाख्री काटेर त्यसको मासु खाए मात्र रोग निको हुने नत्र एक एक गरी परिवारै सखाप हुने चेतावनी दिएछ। त्यो सबै प्रपञ्च थाहा पाएकी

बाख्रीले टुहुरी केटीलाई भनिछ –'अब मलाई काट्छन् तिमीलाई पनि केही मासु देलान्, नखानू। सबैले मासु खाइसकेपछि हड्डीखुड्डी फाल्न लगाउलान्, सबै एकै ठाउँ भेला पारेर एकान्त जङ्गलमा लगेर गाडीदिनू है !' बाख्रीको त्यो कुरा सुनेर टुहुरी केटी बाख्रीलाई अंगालो हालेर खूब रोइछ र रुँदारुँदै बाख्रीसँगै त्यही निदाइछ।

भोलिपल्ट त्यो घरमा छिमेकीहरु पनि भेला भएछन् र बाख्री काटेर सबैले मासुभात खाएछन्। अलिकति बचेखुचेको हड्डी र केही मासु टुहुरी केटीलाई पनि खान दिएछन् तर उसले नखाई लुकाई राखिछ। खानपान सकिएपछि उसलाई सबै हड्डी फाल्न अह्राएछन्। बाख्रीले भनेझैं टुहुरी केटीले पनि सबै हड्डीखुड्डी भेला गरी एकान्त जङ्गलमा लगेर गाडीछ। केही दिनमै त्यो ठाउँमा सुनको मुलो पलाएछ। गाउँलेहरुले थाहा पाएर उखेल्न गएछन्, तर जति उखेल्न खोज्यो त्यो सुनको मुलो भित्रभित्र भाँसिदोरहेछ। त्यो खबर एक कान दुईकान राजाको दरबारसम्म पुगेछ। सैनिकहरुको लावा लस्कर सहित राजा त्यहाँ आएछन् र सुनको मुलो उखेल्न खोजेछन् तर त्यो भित्र भित्र पसेछ। अन्त्यमा केही नलागेर राजाले जसले त्यो सुनको मुलो उखेल्न सक्छ लोग्नेमान्छे भए ज्वाइँ बनाउने र केटी मान्छे भए रानी बनाउने घोषणा गरेछन्। धेरै मान्छेले आएर त्यो सुनको मुलो उखेल्ने प्रयास गरेछन् तर कोही पनि सफल नभएपछि राजाले 'हाम्रो राज्यका सबै मान्छेले प्रयाश गरिसके ? अब कोही पनि बाँकी छैन त ?' भनेछन्। त्यत्तिकैमा भीडबाट कोही एकजनाले 'महाराज ! एउटी टुहुरी केटी बाँकी छ !' भनेछ। राजाको आदेश बमोजिम त्यो टुहुरी केटीलाई बोलाएर उखेल्न लाउँदा मुलो सजिलै उखेलिएछ। घोषणा अनुसार राजाले धुमधामसँग त्यो टुहुरी केटीसँग विवाह गरेछन्।

टुहुरी केटी महारानी भएको घटनाले सौतेनी आमालाई ठूलो छटपटी भएछ। उसले आफ्नी छोरीलाई महरानीको सुसारेको रुपमा दरबार पठाइछ। एकदिन नुहाउने बहानामा सुसारे वहिनीले सबै गहना र कपडा खोल्न लगाई महारानीलाई कुवामा धकेलेर महारानीका सबै गहना र कपडा लगाई दरवारमा नक्कली रानी भएर बसिछ। तत्कालै कुवामा पानी भर्न आएको एक दायालुले महारानीलाई कुवाबाट बाहिर निकाली आफ्नो घरमा लुकाएर राखेछ। महारानी भेष बदलेर काम गर्ने नोकर्नीको रुपमा दरबार प्रवेश गरिछ र लुकेर महाराजका आवश्यकताहरु पूरा गर्दिरहिछ। नक्कली महारानीको आनिबानी र स्वभावबाट अनौठो महसुस गरिरहेका राजाले एकदिन आफ्नो शयनकक्षबाट हतार हतार

बाहिर निस्कँदै गरेकी नोकर्नीको भेषमा रहेकी सक्कली महारानीलाई फेला पारी बिचैमा रोकी केरकार गर्दा उनले सबै घटनाक्रम थाहा पाएछन्। तत्पश्चात राजाले नक्कली महारानी बनेर दरबारमा बसेकी केटी लगायत उसकी चण्डाल र धूर्त आमा समेतलाई चारपाटा मोडेर देश निकाला गरिदिएछन् र आफ्नी सक्कली पत्नी टुहुरी केटीसँग सुखसँग राजकाज चलाएछन्।

## २.४. गाउँखाने कथा

अन्य जात–जतिमा झैं यस जातिमा पनि मेलापात, गोठाला जाँदा, रोदीघर बस्दा वा कुनै चाडपर्व र उत्सवमा भेला भई फूर्सद भएका बेला कहिलेकाहीँ गाउँखाने कथा भन्ने प्रचलन पनि रहेको पाइन्छ। तर यो प्रचलन त्यति प्राथमिकतामा परेको चाहिँ पाइएन। दुराहरुको आफ्नै मातृभाषा लोपोन्मुख भएकाले गाउँखाने कथा नेपाली भाषामै भन्ने गरिन्छ।

**२.४.१. चार चुच्चे मुख बुच्चे के हो ? (उत्तर : बाक्सा)**

**२.४.२. म भन्दा मिल्ने तँ भन्दा नमिल्ने के हो ? (उत्तर : ओठ)**

**२.४.३. अगाडि शंख पछाडि पंख के हो ? (उत्तर : कुकुर)**

**२.४.४. आमाभन्दा छोरी बोक्सी के हो ? (उत्तर : खोर्सानी)**

**२.४.५. लामो लहराको मीठो फल के हो ? (उत्तर : खोला र माछा)**

## २.५. उखान टुक्का/लोकोक्ति :

**२.५.१. केटी माग्न जाँदा पहिले केटीकी आमालाई हेर्नु**

**२.५.२. जहाँ गाह्रो त्यही बूढो सारो**

**२.५.३. खोला तर्नेले लौराको जोहो पहिल्यै गर्नुपर्छ, खोलामा पसेर रुने होइन**

**२.५.४. अघि राँड मानिन पछि राँड जानिन**

**२.५.५. सुँगुरलाई स्वर्ग जान्छस् भन्दा के मान्थ्यो !**

## २.६. लोक विशवाश, लोक आस्था र लोक मान्यता :

यस जातिमा पनि अन्य जातिमा झैं लामा, झाँक्री, देवता, भूतप्रेत र मृतात्माको अस्तित्वप्रति विश्वाश गर्ने प्रचलन रहेको छ। यो बाध्यात्मक प्रचलन त होइन, तथापि समाजमा उल्लेखित विषयहरुको शक्ति र अस्तित्वप्रति विश्वाश रहेको पाइन्छ। मान्छे मरेपछि गुरुङहरुमा झैं दुरा समुदायमा पनि अर्घौ गर्ने प्रचलन छ। यदि अर्घौं गरिएन भने मृतात्माले अर्को जन्म लिन सक्दैन र कष्टपूर्वक उसको आत्मा पृथ्वीमै भाड्किरहन्छ भन्ने लोक विश्वाश छ। यसरी आत्मा भड्कियो भने परिवार, वस्तुभाउ र अन्नपातमा हानी नोक्सानी हुने पनि विश्वाश गरिन्छ। कूल पितृलाई अंगेनाको छेउमा बनाइएको अग्लो ठाउँ (कैसा) मा दैनिक जल चढाइन्छ। यसो गर्दा कूलपितृले आशिर्वाद दिन्छन् भन्ने लोक मान्यता रहिआएको छ।

**२.६.१. शनिबार छुट्नु अशुभ हुन्छ।**

**२.६.२. मङ्गलबार मिसिनु अशुभ हुन्छ। मिसिनै परे तारा लागेपछि मात्र मिसिनु पर्छ।**

**२.६.३. पूर्णेको परेवामा हिंड्नुहुन्न।**

**२.६.४. औंशीको चतुर्दशीमा हिँड्नुहुन्न।**

**२.६.५. सङ्क्रान्ति र मसान्तमा घर छाड्नुहुन्न।**

**२.६.६. जन्मबार हिंड्नुहुन्न।**

**२.६.७. नौ दिन, नौ महिना र नौ वर्षमा पनि नभेट्नु।**

**२.६.८. जन्मबार कसैलाई पैसा वा मूल्यवान वस्तु नदिनु।**

# २.७. पेशा

प्राथमिकताको आधारमा दुरा जातिको पेशालाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ –

**२.७.१. कृषि तथा पशुपालन**

**२.७.२. लाहुर (सैनिक पेशा)**

**२.७.३. वैदेशिक रोजगार**

**२.७.४. व्यापार**

**२.७.५. जागीर**

## २.७.१. कृषि तथा पशुपालन :

अधिकांश दुराहरु पहाडी भागमा बसोबास गर्ने भएकाले उनीहरुको जीवन यापनको प्रमुख आधार कृषि र पशुपालनलाई नै मान्न सकिन्छ। अन्नबालीमा उनीहरु कोदो, आलु, मकै, गहुँ, जौ, धान आदि प्रमुख रुपमा लगाउने गर्दछन् भने पशु–पंक्षीमा भेंडा, च्याङ्ग्रा, बाख्रा, गाई, भैंसी, कुखुरा आदि पाल्ने गर्दछन्। भैंसीको तुलनामा गाईले लामो समयसम्म दूध दिने, भीर–पाखामा हिंड्न भैंसीलाई गाह्रो हुने र भैंसीलाई स्याहार बढी चाहिने भएको कारणले गाईको तुलनामा भैंसी पाल्ने प्रचलन बिस्तारै घट्दै गएको पाइन्छ। अधिकांश दुरा बस्तीको नजिक पाखा र जङ्गल भएका कारणले पशु पालनका लागि उपयुक्त प्राकृतिक वातावरण भएपनि शिक्षाप्रतिको चेतना र रोजगारीको खोजीका कारणले अधिकांश युवावर्ग गाउँबाट पलायन हुन थालेकाले पशुपालन घट्दो स्थितिमा छ। यातायातको पर्याप्त असुविधाका कारण गाउँमा उत्पादन हुने फलफूल, तरकारी, दुग्धजन्य पदार्थ विक्री हुन नसक्दा र स्थानीय रुपमा

आमदानीको अन्य वैकल्पिक अवसरहरु नभएको हुँदा पनि कृषि, पशुपालन र फलफूल खेतीमा मात्र निर्भर व्यक्तिहरुको जीवनस्तर माथि उठ्न कठिनाई भइरहेको पाइएको छ।

## २.७.२. लाहुर (सैनिक पेशा) :

वि.सं. १८७२ को सुगौली सन्धीपछि नेपालीहरु वृटिश सेनामा भर्ती हुने लहर चल्यो। मङ्गोल वर्णका गुरुङ, राई, लिम्बू, मगर र आर्य वर्णका क्षेत्रीहरुलाई वृटिश सरकारले प्राथमिकताका साथ धमाधम भर्ना लियो। त्यसबेला असंख्य दुराहरु गुरुङ थर लेखाई वृटिश सेनामा भर्ती भए। कतिले गुरुङ दुरा पनि लेखाएको पाइएको छ। हुन त त्यहीबेला दुरा थरमै भर्ती भएका केही पुर्खाहरुले युद्धमा वीरता देखाएर ठूल्ठूला पदक र सम्मान पनि नपाएका होइनन् तर सजिलोका लागि गुरुङ थर लेखाउने प्रचलनले गर्दा दुराहरुको जनसंख्याको ठूलो हिस्सा आन्तरिक पलायन भएको मानिएको छ। वृटिश सेनामा मात्र नभई भारतीय र नेपाली सेनामा सेमत दुराहरु ठूलो संख्यामा भर्ती भएका छन्। यति बेला लम्जुङ लगायतका जिल्लाका दुरा बस्तीमा घुमेर हेर्ने हो भने घरैपिच्छे जस्तो भू.पू. आर्मीहरु भेट्न सकिन्छ। दुरा समुदायमा अहिले आर्मीका बहालवालाहरुको तलव र भू.पू.हरुको पेन्शनले मात्र आर्थिक स्रोतको ठूलो हिस्सा ओगटेको छ भन्दा उपयुक्त नै हुन्छ। सुगठिलो शरीर भएका, सोझा, इमान्दार र साहसी दुराहरुले वीरताका लागि संसारमा नेपाल र नेपालीको नाम उचो राखेका छन्।


**वीरताको चिनो** : सुवेदार भिमबहादुर दुरा र दिर्घासिंह दुराले प्राप्त गरेको तक्मा

## २.७.३. वैदेशिक रोजगार :

सैनिक पेशा अंगाल्न नचाहेका र चाहँदा चाहँदै पनि असफल भएका युवाहरु अन्य प्रकारका वैदेशिक रोजगारीका लागि विदेश जाने प्रचलन पूर्व समयमा हुँदै आएको र केही वर्ष यता भर्तीहरु रोकिन थालेपछिको अवस्थामा पनि यस समुदायका युवा वर्ग आ–आफ्नो योग्यता र कौशलता अनुसार वैदेशिक रोजगारीका लागि खाडी लगायतका अन्य मुलुकतिर जाने प्रचलन निकै बढेको छ।

गाउँघरमा शिक्षित र अशिक्षित दुबै प्रकारका बेरोजगारीको बढ्दो चापले गर्दा अवसरको खोजीमा विदेशतिर पलायन हुनु दुरा जातिका युवाको मात्र नभई सम्पूर्ण नेपाली युवाहरुको एउटा दुखद् र दूर्भाग्यपूर्ण यथार्थ हो । राजनीतिको फोहोरी कूचक्रले गर्दा कहिल्यै शान्ति नआएको र अवसरका ढोका बन्दको बन्दै रहेकाले दक्ष, अर्धदक्ष र अदक्ष अनि शिक्षित र अशिक्षित सबै प्रकारका युवाहरुले देश छाडिरहेका छन्।

## २.७.४.व्यापार :

दुराहरु व्यापारिक क्षेत्रमा उल्लेख्य रुपमा प्रवेश गरेको नभएता पनि ग्रामिण भेकबाट शहरी भेकतिर बसाईं सर्दै जाने क्रममा वातावरण र परिस्थिति अनुसार फट्टाफुट्ट व्यापारतिर पनि लागेको पाइएको छ। कृषि र सैनिक पेशा नै प्रमुख रुपमा अंगालेका भएपनि सम्पन्नता र विपन्नता दुबै कारणले तराई र शहरतिर बसाईं सर्दै जाने क्रममा उनीहरुको दैनिकीमा पनि परिवर्तन हुँदै गएको मान्न सकिन्छ।

## २.७.५. जागीर :

पूर्व समयमा वैदेशिक रोजगार, त्यसमा पनि लाहुरे हुनु नै दुरा युवाहरुको एकमात्र लक्ष्य भएका कारण शैक्षिक क्षेत्रमा खासै ठूलो प्रगति हुन सकेको थिएन। त्यसैकारण प्राविधिक तथा प्रशासनिक क्षेत्र यो समुदायको पहुँचबाट टाढै रह्यो । तथापि शैक्षिक क्षेत्रमा

कहालीलाग्दो अवस्था भने पक्कै होइन। कतिपय सचेत परिवारका व्यक्तिहरु वा पढेरै केही गरौं भन्ने सोच भएकाहरुले शैक्षिक क्षेत्रमा राम्रै उपलब्धी हासिल गरेको र विभिन्न सरकारी तथा गैह्र सरकारी क्षेत्रमा सक्रिय रहेको पनि पाइएको छ। अहिलेको शैक्षिक अवस्थालाई हेर्ने हो भने लम्जुङ, कुन्छाका दुर्गा बहादुर दुराले पी.एच.डी. गरेका छन्। उच्च शिक्षा हासिल गर्नेहरु पनि लगभग दुई दर्जनको हाराहारीमा पुगिसकेका छन्। यसैगरी एसएलसी उत्तिर्ण गर्ने र स्कूल पढ्दैगर्नेहरुको संख्या किटान गरेर भन्न सक्ने अवस्था नरहे पनि यो संख्या उल्लेख्य रुपमा रहेको पाइएको छ। जे होस् दुराहरुको वर्तमान शैक्षिक अवस्था सन्तोषजनक र प्रगतिउन्मुख नै देखिएकाले आगामी दिनमा सरकारी तथा गैह्रसरकारी तथा प्रशासनिक क्षेत्रमा उनीहरुको उपस्थिति अझ बाक्लिदै जाने कुराप्रति विश्वस्त हुन सकिन्छ।

## २.८. खानपान :

दुराहरु पहाडी भेगमा बस्ने भएकाले उनीहरुको परम्परात्मक खानेकुरा पनि स्थानीय स्तरमा फल्ने अन्न र त्यहीँ प्राप्त हुने वस्तुमै आधारित छन्। दैनिक खानेकुरामा ढिंडो, दाल, भात (मकै–चामल), पिंडालु, भट्ट, खट्टे आदि पर्दछन् भने चाडपर्वमा सेलरोटी अनिवार्य रुपमा बनाइन्छ। घरेलु रुपमै बनाइने रक्सी दुराहरुको विभिन्न रितसँग जोडिएको नभई नहुने पेय पदार्थ हो। मासुमा राँगा, खसी, हाँस, कुखुरा, परेवा, सुँगुर आदि खाने चलन छ भने सिङ्दीबाट आएका धिङ्गल थरका दुराहरुमा भने सुँगुर र भैंसीको मासु खाने चलन पूर्व समयमा नभए पनि पछिल्लो पुस्ताले घर बाहिरै पकाएर भैंसीको मासु खान थालेका छन्। खानेकुरामा जातीय मौलिकता झल्कने कुनै परिकार भएको पाइएन।

## २.९. लोकबाजा :

अन्य जातिमा झैं यस जातिमा पनि विभिन्न चाडपर्व, उत्सवका साथै शुभ–अशुभ कार्यमा बजाउने विभिन्न प्रकारका बाजाहरु हुन्छन्। बाजा मध्ये प्रमुख बाजा मादल नै हो, जुन गीत–सङ्गीतमा

अन्य बाजाको तुलनामा बढी प्रयोग हुन्छ। यस बाहेक खाँगर, बाँसुरी, सारङ्गी, ढोल, ढ्याङ्ग्रो, ड्रम, भिन्जा, ढोलकी, खैंजडी, झुर्मा, झ्याली आदि बाजाको नाम लिन सकिन्छ। प्राय : बाजाहरु अन्यत्रबाटै खरीद गर्ने परम्परा रहेकाले समुदायमा बाजा बनाउने सीप भने देखिएन। समुदायका प्रमुख केही बाजाहरुको सामान्य परिचय यस प्रकार छन् –

### २.९.१. मादल :

यो बाजा प्राय : सबै प्रकारका गीतमा प्रयोग हुन्छ। मादल दुराहरुको मौलिक बाजा होइन तथापि गीत–सङ्गीतसँग मादलको साइनो भने अभिन्न छ। यस समुदायमा बजाइने मादल आम समुदायले बजाउने मादल नै हो। ठाडो भाकादेखि चुड्के शैलीको रोइला भाकासम्म अनिवार्य बाजा मादल भान्साको आलु जस्तै हो, जहाँ पनि मिल्ने र चाहिने।

### २.९.२. खाँगर :


सेलरोटी जस्तो आकारमा भित्र दाना भएको यो बाजा लोप हुने अवस्थामा पुगेको छ। नृत्य गर्दाखेरी छोरी मान्छेले खुट्टामा लगाउने यो बाजा पित्तल वा फलामले बनेको हुन्छ, जुन खुट्टाको चालसँगै छर्लङ् छर्लङ् बज्छ।

### २.९.३. भिन्जा :

यो पनि लोपोन्मुख बाजा हो। छोरा मान्छेले खुट्टामा डोरीले बाँधेर लगाउने यो बाजा पनि नाच्दा बज्ने गर्दछ।

### २.९.४. ढोलकी (ढलकी) :

मोटो तर छोटो आकारको यो बाजा मृत्यु संस्कारमा गरिने महत्त्वपूर्ण कर्म अर्घौं गर्दा मात्र बजाइन्छ। अशुभ कार्यमा बजाइने यो बाजा अरुबेला बजाउनु हुन्न। अर्घौं गर्दा एकातिर लामा पढिरहेका हुन्छन् भने अर्कोतिर ढोलकी बजाएर गीत गाउँदै नाचिन्छ, जसलाई 'स्यार्गा' भनिन्छ । अर्घौंको यस प्रकारको नृत्यमा गाउन र नाच्न जान्नेहरु सबै सहभागी हुन्छन्।



### २.९.५. झुर्मा :

यो पनि खुट्टामा लगाउने बाजा हो। नाच्दा यसबाट पनि आवाज निस्कने गर्दछ।

## २.१०. लोकभाका र लोकगीत :

मनोरञ्जनका लागि रोदीघर (रोधीघर) नै बनाउने परम्परा भएका दुराहरु लोकभाका र लोकगीतका लागि समृद्ध मानिन्छन्। लोकगीतको मूल भाका मानिने ठाडो भाकाका दर्जनौ प्रख्यात गायक गायिकाहरुको थलो लम्जुङ जिल्ला असंख्य लोक स्रष्टाहरुको जन्मस्थल पनि हो। लम्जुङमा प्रचलित लम्जुङे, सुनिमाया, यानिमाया, कुर्पुटारे, ठाडो भाका, रोइला, दोहोरी, झ्याउरे, असारे, घुमने भाका आदि लोक भाकाहरुका अग्रज र ख्याति कमाएका दुरा गायक–गायिकाहरुको नाम लिनुपर्दा देउ बहादुर दुरा, मनिराम दुरा, कैले माइला (कैले दुरा), भक्तिनी दुरा, जमदार माइला (दुरा),

विमाकुमारी दुरा आदिको नाम लिन सकिन्छ । जसमध्ये देउ बहादुर दुरालाई लम्जुङ जिल्ला मात्र नभई गण्डकी अञ्चलकै लोक गीतका अग्रज स्रष्टा मानिएको छ । लोकमा एउटा भनाई छ 'देउ बहादुर तीसको मनिराम बीसको पुतली पन्ध्रको ।' अर्थात् देउ बहादुरलाई ३० भनियो भने मनिरामलाई २० र अन्य छोरीचेली (पुतली)लाई १५ मात्र ।



प्रसिद्ध लोक गायिका विमाकुमारी दुराको माइती घर

गुरुङ, बाहुन, दमाई, कामी, क्षेत्री, सार्की लगायतका जात जातिहरुको बसोबास रहेको दुराडाँडा लगायतका लम्जुङे भेगमा लोकगीतलाई हराभरा बनाउनमा दुरा बाहेक अन्य जातका लोक स्रष्टाहरुको पनि उत्तिकै योगदान रहेको छ । यस क्षेत्रमा बसोबास गर्ने दुरा मात्र नभई गुरुङ, क्षेत्री र बाहुनहरु पनि उत्तिकै चाख मानेर लोकगीतहरु गाउँछन्–सुन्छन् । जसमध्ये व्राह्मण ( अधिकारी) परिवारका भेंडीखर्के साईंला पनि ठाडो भाकामा अत्यन्तै प्रख्यात नाम हो ।

चार वर्ण छत्तीस जातको फूलबारी हाम्रो नेपालमा आ–आफ्नै जातीय संस्कार र परम्पराहरु भएपनि लोकगीतले सामाजिक तथा जातीय सद्‌भाव र साँस्कृतिक एकता कायम राख्न अह्म भूमिका निर्वाह गर्ने कुरामा कसैको पनि दुईमत पक्कै नहोला । ठाडो भाकाको सन्दर्भमा प्रख्यात गायक वुद्धिमान धम्पु दुरा भन्नुहुन्छ –'चार प्रहर रात काट्ने मान्छे त अब थोरैमात्र बाँकी होलान् ।' विवाह, व्रतवन्ध, पञ्चवली, सत्यनारायण पूजा लगायतका अन्य चाडपर्व र उत्सवहरुमा रात छर्लङ्गै हुनेगरी ठाडो भाकाका गीत गाउने गरिन्छ। यो दोहोरी गीत जस्तै सवाल–जवाफमा गाइने गीत नै हो। मनिराम दुराले गाएको कर्पुटारे भाका –

*हा......लामो पाते सुरती त छोटो पाते कैना*

*हा.......बालखमा जानिनँ, तन्नेरीमा पाइनँ, बूढो भएँ चाहिन्न*

*हा......वर्षदिनको खेती लाको थियो मैले मकै खायो घुनले*

*हा.......अरनीलाई तायो तिमी र हामी भेट हुन पायो बाँचेको हुनाले*

लम्जुङ जिल्लामा अत्यन्तै प्रचलित ठाडो भाकाबारे केही जानकारी : यस प्रकारका गीत प्रायजसो मनोरञ्जन र समय बिताउनका लागि गाउने गरिन्छ। ठाडो भाकाका गीत माया प्रेम,



ठाडो भाकाका लोकप्रिय गायक बुद्धिमान धम्पु दुरासँग प्रत्यक्ष बार्ता गर्दै तुलसी गिरी

सुख–दुःख सबै प्रकारका हुन्छन्। दाजु र बहिनी, आमा र छोरामा गाइएमा दुःख–सुखका गीत हुन्छन् भने सोल्टी–सोल्टिनामा माया–प्रीतिका कुरा हुन्छन् । कुनै व्यक्तिलाई विगतमा सामाजिक रुपमा कुनै दाग लागेको रहेछ भने गीत गाउँदा व्यंग्य गर्ने चलन पनि हुन्छ। उसले त्यो व्यंग्यको सामना गर्नुपर्ने हुन्छ।

ठाडो भाका गाउँदा घटीमा एकातर्फ ४–५ जना वा सो भन्दा बढी भएको राम्रो मानिन्छ । एकजना गीत झिक्ने हुन्छ भने बाँकीले त्यसपछिको गीत सामूहिक स्वरमा गाउँछन् । गीत सवाल जवाफमा अगाडि बढ्दै जान्छ। गीतको फेद र टुप्पा हुन्छ। गीत गाउँदै जाँदा बीच बीचमा हौस्याउनेहरु हुन्छन्, जसलाई 'गफाडी' भनिन्छ। उनीहरुले गफले गीतको माहौललाई रङ्ग्याउँछन्। गफ हाल्दा साइनो अनुसार सम्बोधन गरेर हालिन्छ।

यदि अपरिचितसँग नै गीत गाएपनि ठाडो भाकामा 'तिम्रो घर कता पर्‍यो ?' भनेर सोधिन्न । सिधै नाम, थर सोध्नु र सोधीहाले पनि तुरुन्तै बताउनुलाई उत्ताउलो मानिन्छ। यदि केटाले त्यसरी नाम, थर सोधेमा 'कस्तो छोरी मान्छे भेट्न नपाको कैदी जस्तो रै'छ !' १० वर्ष कैदमा बसेको मान्छेले पो कैदबाट छुटेपछि को हो ? के हो ? भन्छ ! माया लाउँदै जानुपर्छ, विस्तारै थाहा भइहाल्छ नि !' भनिन्छ। ठाडो भाका गाउँदा केटाले 'माथि र भनूँ कालिकाको थाना रहर थियो हेर्न जान कल्ले हाल्यो होला गजुर !' भन्यो भने केटीले थाहा पाउनुपर्‍यो कि केटाले परिचय र ठेगाना खोज्न थाल्यो । यसरी आफ्नै प्रकारका शैली–नियममा बसेर, बाँधिएर गीतहरु गाइन्छ।

# २.११. फर्निचर, भाँडाकुँडा र हात हतियार

## २.११.१. फर्निचर :

यस समुदायमा फर्निचर सम्बन्धी कलात्मक, मौलिक, संरक्षण तथा व्यावसायिक प्रवर्द्धन योग्य सीप भएको पाइएन । आरी, बसिला, राँबो र छिनो जस्ता औजारहरुको प्रयोगबाट

आफ्नो आवश्यकता पूर्तीको लागि सामान्य प्रकारका खाट, दराज, कुर्सी, टेबुल, बेञ्च आदि जस्ता फर्निचरहरु समुदाय भित्रैका व्यक्तिहरुले निर्माण गर्ने गरेको भने पाइएको छ। समुदाय आफ्नो आवश्यकता पूर्तीको लागि आत्मनिर्भर नै छ।

## २.११.२. भाँडाकुँडा :

यस समुदायमा प्रचलित भाँडाकुँडाहरुमा प्रमुख रुपमा रक्सी राख्ने पुङ् र पुचाई, घिऊ राख्ने सिमाङ्, भुडको, ताप्के (ताउके), कसौंडी, डाडू, पन्यूँ, अँखोरा, थाल, कराही, सोताङ् आदि प्रमुख रुपमा प्रचलनमा रहेका छन्। पूर्व समयमा सरेजको थाल र सरेजकै कचौरा प्रचलनमा रहेकोमा हिजोआज परम्परात्मक भाँडाकुँडाको स्थान आधुनिक भाँडाकुँडाले लिन थालेका छन् । मही मथ्ने काठको सोताङ (ठेकीमा मही मथ्दा डोरीको सहायताले मदानीलाई दायाँ बायाँ घुमाइन्छ भने सोताङमा तलमाथि चलाएर मथ्ने गरिन्छ ।) भने मौलिक प्रकृतिका भएको पाइएको छ।

## २.११.३. हात हतियार :

अन्य आदिवासी तथा जनजातिका पूर्वजहरु झैं यस जातिका पूर्वजहरुमा पनि शिकार खेल्ने प्रचलन थियो। आदि कालमा युद्ध भइरहने कारणले पनि हात हतियारको ठूलो महत्व थियो। दुराका पूर्वजहरुले युद्ध तथा शिकारमा प्रयोग गरेका ऐतिहासिक तथा पुरातात्विक महत्वका कतिपय हात हतियारहरु समुदायबाट लोक भइसकेका छन् भने न्यून परिमाणमा कतै कतै रहेका त्यस्ता हतियारहरु उपयुक्त संरक्षणको पर्खाइमा छन् । दुरा समुदायकै अग्रजहरुका अनुसार ऐतिहासिक महत्वका धेरैजसो सामग्रीहरु अज्ञानताका कारण समुदायबाट विक्री भइसकेका छन् भने 'पुराना सामान घरमा राखे अनिष्ट हुन्छ !' भन्ने अन्धविश्वाशका कारण कतिपय व्यक्तिले त्यस्ता अमूल्य वस्तुहरु माटोमा गाड्ने वा कतै खोल्सा खोल्सीमा लगेर फाल्ने गरेकाले पनि त्यस्ता सामग्रीहरु सँदाका लागि लोप भएका छन्।

दुराहरुले प्रयोग गर्ने घरायसी हात–हतियारहरुमा खुर्पा, हँसिया, बञ्चरो, खुकुरी आदि पर्दछन् भने शिकार र युद्धमा धनुवाण, बन्दुक, भाला, गुलेली, तरवार, ढाल, चुप्पी, कट्यौरी आदिको प्रयोग गरिन्थ्यो । हाल फैलँदो मानव बस्तीका कारण वन्यजन्तु घट्दै गएको, जङ्गली जनावरहरु मार्नुहुन्न भन्ने चेतना बढेको र शिकार खेल्न कानुनले समेत निषेध गरेकाले

फलामका हतियारहरु



## २.१२. भेषभूषा तथा गहनाहरू

आफ्नै प्रकारका मौलिक भेषभूषा तथा गहनाहरु भएका दुरा समुदायको यो जातीय पहिरन उनीहरुको आफ्नै विशिष्ट मौलिकता र पहिचानको एउटा महत्वपूर्ण पाटो हो । समुदायमा सिर्जित परम्परात्मक रुपमा प्रचलनमा रहेका यस प्रकारका कलात्मक पहिरनहरु समुदायका अमूल्य सम्पत्ति पनि हुन् । केही समय यता नेपालमा जातीय पहिचान, अस्तित्व र मौलिकताप्रति चेतनाको स्तरमा भएको विकाशले गर्दा अन्य जनजातिले झैं दुरा समुदायका व्यक्तिहरुले समेत विभिन्न उत्सव तथा पर्वहरुमा आफ्ना परम्परात्मक भेषभूषा र गहनाहरु लगाउने प्रचलनमा वृद्धि भएको देखिएको छ। खासगरी युवा जमातमा देखिएको आफ्नो जातिय अस्तित्व र पहिचानप्रतिको सचेतनाको स्थिति निकै राम्रो पाइएको छ। यस समुदायमा प्रचलित महिला तथा पुरुष भेषभूषा र गहनाहरु यसप्रकार छन् –

### २.१२.१.

| **पुरुष भेषभूषा** | **महिला भेषभूषा** |
|---|---|
| टोपी | मखमलको चोलो |
| भोटो | मुगियाको गुन्यूँ |
| ज्वारीकोट | घलेक |
| कछाड | मजेत्रो |
| पटुका | पटुका |
| गादो/खादी | कर्मु |
| भाङ्ग्रा | |
| अस्कोट | |
| साफा | |

आफूलाई विकसित र आधुनिक ठान्ने कतिपय व्यक्तिहरु परम्परात्मक प्रचलनलाई रुढीवादी, अवैज्ञानिक र बेकारको ठान्दछन् । तर हाम्रा पूर्वजहरुले चलनमा ल्याएका र थीति बसालेका कुनैपनि सामाजिक, धार्मिक र साँस्कृतिक प्रचलनहरुको कुनै न कुनै विशेष अर्थ, उपयोगिता वा सो प्रचलन बसाल्नुको खास कारण भएको हामी पाउँछौं ।  जसले मानव सभ्यता र संस्कृतिलाई सहज र नियमवद्ध ढङ्गमा आजको यो अवस्थासम्म ल्याईपुऱ्याएको हो । यसै सन्दर्भमा दुरा समुदायका पुरुषले लगाउने खादी (इष्टकोटको पछाडि फेरो मारी शरीरमा क्रश बनाएर लगाउने) को उपयोगिताको उदाहरण यहाँ प्रस्तुत गर्न सकिन्छ। दुरा सेवा समाजका केन्द्रीय उपाध्यक्ष लोकबहादुर दुरा भन्नुहुन्छ – ‘खादीको क्रशबाट झोली बन्छ। जसले गर्दा पूर्वजहरु विभिन्न चाडपर्व लगायत विशेष परिस्थितिमा त्यहाँ आवश्यक सामान राख्ने गर्दथे। लाउने पनि भयो, झोला पनि भयो। कतै बास बस्नुपऱ्यो भने त्यही गाँठो फुकायो, ओढ्यो !’

## २.१२.२. गहनाहरु

**पुरुष गहना :**

औंठी, गकुल (कुण्डल)

**महिला गहना :**

बालो, रैयाँ, मुन्द्री, पोते, ढुंग्री, फूल, औंठी, कल्ली, चुरी, सगिनकी, बुलाकी, फुली, मारवाडी, कण्ठ

यस समुदायका पुरुषहरुले लाउने एकमात्र मौलिक गहना गकुल (कानको कुण्डल) लोपोन्मुख अवस्थामा पुगेको छ। यो रिङ् जस्तै एक प्रकारको गहना हो, जुन अन्य रिङ् भन्दा बनौटमा केही भिन्नता हुन्छ।

यस समुदायमा विवाह नभएका युवतीले पोते लगाउने चलन हुन्छ तर विधवाले भने चुरा र पोते लगाउँदैनन्।

# २.१३. लोकधर्म/लोकअनुष्ठान

दुराहरु आफूलाई वौद्धमार्गी मान्छन् तथापि यस जातिको धार्मिक परम्परा र लोक अनुष्ठानहरुमा हिन्दू र वौद्धको मिश्रित परम्परा भएको पाइन्छ । दुराहरु यसलाई देश, काल, वातावरणको प्रभाव मान्छन् । हुन त बहु धार्मिक, बहु भाषिक र बहु साँस्कृतिक विशेषता भएको नेपालमा यस्ता प्रभाव र यस प्रकारका मिश्रित परम्पराहरु अन्य जाति र स्थानमा पनि नभएको भने होइन। यस समुदायका कतिपय अग्रजहरु दुराको वास्तविक धर्म 'बोन' भएको तर्क राख्छन्। विभिन्न शुभ–अशुभ लोक अनुष्ठानमा लामा राख्ने प्रचलन भएका दुराहरु हिन्दू धर्मसँग सम्बन्धित प्राय : सबै देवी देवताहरुको पनि उत्तिकै आस्था र भक्तिका साथ पूजाआजा गर्ने गर्दछन्। धेरैजसो रीति–संस्कार गुरुङहरुसँग मिल्दोजुल्दो भएका दुरा ब्राह्मण क्षेत्रीका रीति रिवाजसँग पनि निकै भिजिसकेको देखिएको छ। बाहुन गाउँ नजिक बसेका दुराहरुमा सत्यनारायणको पूजा लगाउने र ब्राह्मणहरुद्वारा नै शिशुको नामाकरण गराउने प्रचलन रहेको पनि पाइएको छ। दुराहरुमा पञ्चबलि दिने प्रचलन पनि रहेको छ।

यस जातिको कुल थान आगेनाको नजिकै बनाइएको हुन्छ । अंगेनाको छेउमा अलि अग्लो बनाइएको सो ठाउँलाई 'फैसा' भनिन्छ, जहाँ पितृको नाममा दैनिक पानी चढाउने गरिन्छ । पानी चढाउँदा घरको सदस्य जसले चढाए पनि हुन्छ तर रजस्वला भएकी स्वास्नीमान्छेले भने चढाउनुहुन्न। कूल थान बाहिरिया मानन्छेले छुनुहुन्न भन्ने परम्परात्मक मान्यता रहेको छ। 'फैसा' भएको ठाउँमा बत्ती बाली रोटी, पुवा, माछा, मासु, अचार लगायतका आफूले खानेपति खाद्य परिकारहरु चढाई वर्षको एक पटक पितृ पूजा गर्ने प्रचलन रहेको छ, जसलाई 'खेमा गर्नु' भनिन्छ।

दुराहरुको कूल देवता थर अनुसार फरक फरक भएको पाइएको छ । पूजा आजामा देवी देवता अनुसार आवश्यक पूजा सामग्री फरक फरक हुने भएता पनि धूपबत्ती, फूल, चामल, नैवेद्य, फलफूल जस्ता सामग्री अनिवार्य हुन्छन् । जस्तो कि कालिकाको पूजा गर्दा जाँड रक्सी चाहिन्न भने कूल पितृ पूजा गर्दा (खेमा राख्दा) जाँड नभै हुन्न । जाँड रक्सी दुराहरुको एक अनिवार्य तथा रीति थीतिसँग जोडिएको पेय पदार्थ हो। कूल पूजा गर्दा कुखुराको भालेको भोग दिइन्छ। भेंडाको भोग दिने चलन पनि रहेको छ। कूल पूजामा लामाले विधि गरेपनि पूजारी भने घरकै मान्छे हुन्छन्।

विभिन्न प्रकारका पूजा तथा अनुष्ठानहरु गर्दा रुखको फेदमा सानो छानो बनाएर ढुङ्गालाई देवता मानी धजा राखेर विधिहरु गर्ने प्रचलन पनि रहेको छ। यस जातिमा वायु, देउराली, भुमे, भँगेर, कालिका–मालिका, उँधौली–उँभौली, सन्सरी, हरेलो, मौलो, नार्खु आदि जस्ता पूजा तथा अनुष्ठानहरु गर्ने प्रचलन रहेको छ । पूजा–अनुष्ठान गर्दा देउराली, शिकारी, झाँकी, भँयाल आदिलाई बलि चढाइन्छ । समुदायमा मृतात्मा तथा भूतप्रेत र बोक्सी डाइनीको अस्तित्वप्रति पनि विश्वाश राख्ने गरिन्छ।

## २.१३.१. लोक अनुष्ठानमा लामा परम्परा

दुराहरु विभिन्न शुभ–अशुभ कार्यमा लामा राख्ने गर्दछन् । पहिले लामा र घ्याब्री (क्लेबृँ) बराबरी राख्ने प्रचलन रहेकोमा घ्याब्री पढ्ने मान्छे पाउन छाडेपछि लामा राख्ने प्रचलन बढी



दुरा डाँडा, सिन्दुरे गा. वि. स. को चिहान डाँडामा लामा शिक्षा दिन बनाइएको घर

द

देखिएको छ। यो यिनीहरुको एउटा महत्वपूर्ण धार्मिक परम्परा हो । यस प्रकारको परम्परा

गुरुङ जातिमा पनि भएको पाइन्छ। निश्चित विधि विधान र उपासना पश्चात् समुदायका जो कोही पनि लामा बन्न सक्ने प्रावधान रहेको छ। यसमा जातपात र उमेरको बन्धन वा सिमा छैन।

लामा शिक्षाका मन्त्रहरु तिब्बती भाषामा मात्र भएकाले गुरुले सोही भाषामा दिक्षा दिने गर्दछन् । जसरी स्कूल कलेजको औपचारिक शिक्षा प्रणालीमा अध्ययनका तह हुन्छन्, त्यसैगरी लामा बन्ने विधानमा पनि तह तहको शिक्षा हुन्छ। लामा बन्नका लागि गाउँभन्दा टाढा एकान्तमा बसी गुरुको निर्देशन र निगरानीमा विभिन्न शास्त्रहरु पढ्ने र गाउँमा कर्महरु गर्दा गुरुको सहयोगी भई अभ्यास गर्ने गर्नु पर्दछ। सैद्धान्तिक र व्यवहारिक दुबै प्रकारका शिक्षा लिनु पर्दछ। एकान्तमा बास हुने भएकाले लामा शिक्षालाई 'गुफा बस्ने' पनि भन्ने गरिन्छ। जति धेरै गुफा बस्यो, जति जति चुनौतिपूर्ण साधना र अभ्यासहरु गऱ्यो उति उति माथिल्लो श्रेणिको लामा बन्ने कुरा समुदायका विज्ञहरु बताउँछन् । लामा बन्ने विधि र संस्कारभित्र चमत्कारिक तन्त्र मन्त्रको साधना पनि पर्ने भएकाले वर्षौंसम्म गुप्तवाश बस्ने र एकै रातमा १२ वटासम्म चिहानडाँडा घुम्ने जस्ता कठिन परीक्षा पनि साधकहरुले दिनुपर्ने हुन्छ। समुदायका अग्रजहरुका अनुसार पूर्व समयमा लामाहरु तुरुन्तै पानी पार्न, हावा हुरी चलाउन र तर्काउन साथै असिना समेत छल्न सक्ने क्षमता राख्दथे। उनीहरु त्यस्ता कैयौं चमत्कारिक कामहरु गर्दथे जो सामान्य मानवको लागि सम्भव नै छैन । यस्ता ज्ञानहरु हालसम्म अलिखित नै छन् र लोप भएर गइरहेका छन्।

## २.१४. लोक रीति रिवाज तथा लोक प्रचलन

यस समुदायमा पनि अन्य समुदायमा झैं आफ्नै प्रकारका लोक रीतिरिवाज र लोक प्रचलनहरु विद्यमान छन् । समुदायका प्रमुख केही रीतिरिवाज र प्रचलनलाई निम्नानुसार प्रस्तुत गरिएको छ –

## २.१४.१. गुन्यूँ चोलो दिने :

छोरीको उमेर ९,११ वा १३ वर्ष (विजोर वर्ष) पारी गुन्यू चोलो दिने प्रचलन रहेको छ। छोरी हुर्कन लागेको र हुर्किएका छोरी चेलीले संवेदनशील अङ्ग राम्रोसँग छोप्न कपडा लगाउनुपर्छ भन्ने साङ्केतिक अर्थमा यो प्रचलन सुरु भएको मानिएको छ।

## २.१४.२. गाउँ बार्ने :

उँधौली उँभौली, भूमि, भँयर पूजाका साथै विवाह वा मृत्यु हुँदा गाउँ बार्ने प्रचलन हुन्छ। गाउँ बार्दा ढिकी–जाँतो चलाउन, खनजोत गर्न र काठपातको काम गर्न हुन्न। घाँसपात लगायतका अन्य दैनिक घरायसी काम गर्न भने हुन्छ। यसो हुँदा सम्बन्धित पूजा वा शुभ–अशुभ कर्म भएको ठाउँमा गाउँलेहरुको सहयोग र सहभागिता पर्याप्त मात्रामा जुट्ने वातावरण बन्छ।

## २.१४.३. दोखालो फाल्ने (भूत पन्छाउने)

गाउँघरमा, त्यो पनि विकट पहाडी बस्तीमा अस्पतालको पहुँच हुँदैन। बिरामी पर्दा वा कुनै भवितव्य हुँदा आफ्नै परम्परागत ज्ञान र प्रचलन अनुसार नै उपचारका प्रथम प्रायशहरु गरिन्छन्। यदि लामा, धामी–झाँक्री र स्थानीय जडिबूटीहरुको प्रयोगबाट पनि रोग निको भएन भने दोस्रो प्रयाश डाक्टर हुन सक्छ। तर पूर्व कालमा ग्रामिण तथा पहाडी भेकमा डाक्टरको सेवा असम्भव जस्तै थियो, त्यसैले तन्त्र मन्त्र र जडिबूटीनै एकमात्र विश्वाश र भरोसाको वस्तु थियो।

यस जातिमान कोही बिरामी भएमा, खासगरी भूतप्रेत लागेको आशंका भएमा झाँक्रीको सल्लाह अनुसार खरानी, बेसार अंगारको तीनथरि रेखी, सोही रङ्गका तीनथरि ध्वजा, तीनवटा खरानीका डल्ला, धूप जस्ता सामग्री जम्मा गरी त्यसले बिरामीलाई पुछी राती दोबाटोमा लगेर राखिन्छ। ती सामान पन्छाएर ल्याएको पानीले पुनः बिरामीलाई छ्यापी भूतप्रेत लागेको भए त्यसले छाडेर जाने विश्वाश गरिन्छ। यदि बिरामीलाई बोक्सी लागेको ठहर भएमा माथिकै जस्तो विधि गरी कटुसको एकसरो काने पातमा तीन टुक्रा कुखुराको मासु, अतिकति भात, पहेलो अक्षता, पानी र मास राखेर पूजा गरिन्छ। यसैलाई दोखालो फाल्ने भन्ने गरिएको छ।

## २.१४.४. चियाँ (कलेजो) हेर्ने :

देवी देवताको पूजा पश्चात् वा घरमा बेहुली भित्र्याएपछि काटिएको कुखुरा वा खसी–बोकाको कलेजोको रङ्ग र आकार हेरी शुभ अशुभको अनुमान गरिन्छ। कलोजो हेरेर गरिने शुभ अशुभको अनुमान धेरै हदसम्म मिल्ने गरेको बुढापाकाहरुको अनुभव छ।

## २.१४.५ गुरुबाउ मान्ने :

परम्परात्मक  लोकगाथा–कृष्णचरित्र, घाटु, सोरठी जस्ता नाच नचाउने प्रमुख तथा सो सम्बन्धी विज्ञ व्यक्तिलाई समाजले गुरुबाऊ र गुरुआमाको उपाधी दिएको हुन्छ। गुरुबाऊ वा गुरुआमालाई भेटी वा सम्मान स्वरुप विभिन्न अवसरमा जाँड रक्सी, रोटी र बोकाको टाउको दिन चलन हुन्छ।

## २.१४.६. रोदी आमा मान्ने :

विभिन्न चाडपर्व, शुभकार्य वा भोज भतेर हुँदा आदरसाथ रोदी आमालाई बोलाई विभिन्न परिकारहरु खुवाउने र पेरुङ्गो भरि रोटी दिई आशिर्वाद लिने प्रचलन रहेको छ।

## २.१४.७ वायु बोलाउने :

कसैको मृत्यु भएमा त्यसपछि आउने वैशाख पूर्णिमाको दिन घरमा झाँक्री राखी मृतात्मालाई बकाएर उसका इच्छाहरु सुनी सो पूरा गरिन्छ। यसो गरे मृतात्माले घर परिवारलाई पिरोल्दैन भन्ने लोक विश्वाश रहि आएको छ।

## २.१४.८ भाकल गर्ने :

आफूलाई कुनै समस्या पर्दा, चिताएको कुनै काम पूरा होस् भन्ने चाहना हुँदा, विरामी पर्दा वा घरबाट टाढा रहेका आफन्तलाई दुःख कष्ट नहोस् भनी कामना गर्दा भगवानको नाममा कुनै

संकल्प वा प्रतिवद्धता व्यक्त गरिन्छ । कसैले कुखुरा, बोका आदिको बली दिने जस्ता हिंसात्मक संकल्प गर्छन् त कसैले परेवा उडाउने, लड्डु वा फलफूल मात्र चढाउने अथवा कठोर ब्रत बस्ने इच्छा राख्छन् । चढाउने वा समर्पण गर्ने कुरा देवी देवता अनुसार फरक फरक हुन्छ । यस प्रकारको भाकलको प्रचलन दुरा जातिमा मात्र नभई सबैजसो नेपाली समुदायमा रहेको पाइन्छ। भाकल, वास्तवमा आत्मवल बढाउने एक कारक मात्र हो। कसैले १० वटा लड्डु देला वा बोकाको हत्या गरी तात्तातो रगत चढाउला भन्ने आशामा कुनैपनि भगवानले कसैको खेताला बनेर काम गरिदिने पक्कै होइन। यो भ्रम हो। आफ्नो स्वार्थको लागि वा आफूलाई राम्रो होस् भन्नका लागि कसैको हत्याको सङ्कल्प गर्नु एउटा असाध्यै अमानवीय, क्रूर र विवेकहीन कार्य हो । यो कार्य पृथ्वीका अन्य प्राणीमाथि मान्छेको दादागिरी हो।

### २.१४.९. माइती राख्ने :

विभिन्न मेला तथा उत्सवका बेला एउटा गाउँका तरुनी तन्नेरीहरुलाई अर्को गाउँका तरुनी–तन्नेरीहरुले आतिथ्य सत्कार गरी मीठा मीठा खानेकुरा ख्वाई गाउँमै राख्ने प्रचलन छ । यसलाई माइती राख्ने भनिन्छ।

### २.१४.१०. पर्म प्रथा :

अन्य समुदायमा झैं यस समुदायमा पनि खेतीबाली लगायतका काम गर्दा पर्म अर्थात् श्रम साटासाट गरी सामूहिक रुपमा काम गर्ने प्रचलन छ। घरको एक जनाका दरले भेला भई समूहमा काम गर्दा वातावरण निकै रमाइलो हुने र यस प्रकारको प्रचलनले सामाजिक एकता र सद्भाव कायम राख्न समेत मद्दत पुग्ने गर्दछ। यसरी समूहमा काम गर्दा पर्म लगाउन पहिलोपटक गएका युवा युवती रहेछन् भने अग्रजहरुबाट काम सिके बापत दस्तुर स्वरुप दूध, दही, जाँड, रक्सी र केही रकम टक्रयाउनु पर्दछ।

## २.१४.११. थासो (ग्रह) फाल्ने :

यस समुदायमा वर्षको दुई पटक चैत र कात्तिकमा शुभ समय पारी ग्रहदशा हेर्ने, रक्षा डोरी बाँध्ने र ग्रह फाल्ने प्रचलन छ। यस समयमा लामाद्वारा वेद पाठ गरी अन्न तथा बिऊ बिजन शुद्ध गर्ने काम गरिन्छ । पुरानो डोको वा चित्रोलाई चारपाटे आकारमा काटी घरका सबै सदस्यहरुको कपडाका स–साना टुक्रा फूल, ध्वजा, धागो, कोदोको ढिंडोबाट बनाइएको मूर्ती, ढिंडो ओडाल्ने काठको दाबिलो, चोके काठ आदि राखेर दोबाटोमा लगी फालिन्छ। बद्दो–घट्दो (जन्म हुँदा न्वारनको दिन र मृत्यु हुँदा ३ वा १३ दिनमा) थासो फालिन्छ।

## २.१४.१२ रोदी बस्ने :

हिजोआज रोदी बस्ने प्रचलन प्रायः लोप भइसकेको छ । यो दुरा जातिको मात्र नभई पश्चिमाञ्चल विकाश क्षेत्रकै एउटा पुरानो साँस्कृतिक पहिचान हो । रोदी बस्ने एउटा निश्चित घर हुन्छ जसलाई रोदीघर भनिन्छ । त्यस घरकी आमालाई रोदी वा रोशी आमा भनिन्छ । साँस्कृतिक घरको रुपमा रोदी घरको चर्चा व्यापक भएपनि यसका अन्य धेरै विशेषता र राम्रा नराम्रा पक्षहरु पनि छन्। रोदी घरमा वरिपरिका गाउँका मानिसहरु भेला हुने भएकाले सबैतिरका हालखबर आदानप्रदान हुन्छ भने अर्को दिनको कामको बारेमा योजना बनाउनेदेखि साथ सहयोगको बारेमा पनि सल्लाह हुन्छ। यो एउटा सीप सिक्ने घर पनि हो।

तन्नेरीहरु रात रातभर गीत गाएर रोदी घरमा बस्दा यौनजन्य कृयाकलापका लागि सहज वातावरण बन्ने, रातभर मादल र गीत घन्कँदा छिमेकीहरुलाई बाधा पुग्ने, पढ्ने लेख्ने उमेरका युवा जमात रोदी बस्न जान थालेपछि पढाई स्वतः बिग्रने, विभिन्न अपराधिक समूहरुको जन्म र असुरक्षित अवस्था, रोजगारीका अवसर खोज्दै युवाहरुमा बढ्दो गाउँ छाड्ने प्रचलन आदि कारणहरुले गर्दा रोदी परम्परा किंवदन्ती मात्र हुने अवस्थामा पुगिसकेको छ।

### २.१४.१३ रिसियाँ खाने :

पर्म लगाई काम गर्ने टोलीलाई हुरी भनिन्छ। कामको मौसम सकिएपछि हुरीले वर्ष भरिमा जम्मा गरेको पारिश्रमिकबाट आयोजना गरिने भोजलाई रिसियाँ खाने भनिन्छ । भोजमा गाउँघरका बुढापाका, गुरुबाऊ, गुरुआमा, रोदी आमा लगायतका गन्यमान्य व्यक्तिहरुलाई बोलाई मासु, भात, रोटी, जाँड रक्सी आदि खुवाइन्छ र नाचगान गर्दै रमाइलो गरिन्छ। रिसियाँ एक देखि तीन दिनसम्म मनाइन्छ।

## २.१५ लोक संस्कार

### २.१५.१ जन्म संस्कार :

यस समुदायमा बच्चा जन्मेको ६ दिनमा छैठी र ११ औं दिनमा न्वारान गरिन्छ। बिजोर दिन पारेर ७ वा ९ दिनमा पनि न्वारान गर्ने प्रचलन रहेको छ । लामा, झाँक्री र पण्डितद्वारा बच्चाको नामाकरण गर्ने गरिन्छ। प्रचलन अनुसार विवाहित छोरी, भान्जा भान्जी वा ज्वाई मध्ये एकजना लामा, झाँक्री वा पण्डितकहाँ गई बच्चाको जन्म समय तथा मिति बताएपछि लामा, झाँक्री वा पण्डितले बच्चाको नामाकरण गरी गाईको गहुँत मन्तरेर दिन्छन्। सो गहुँत ल्याएपछि बालकका सबै कूल खलकलाई छोरी चेलीले छर्कन्छन्। त्यसपछि मात्र न्वारानको कर्म सुरु हुन्छ।

न्वारानमा छोरा भए कुखुराको भाले र छोरी भए पोथी काट्ने प्रचलन रहेको छ। छोरा भए सालको पातको सूर्य र छोरी भए चन्द्रमाको आकृति बनाई शिशुलाई दिने प्रचलन पनि रहेको छ। यसैगरी छोरा मान्छेलाई पुरुषार्थ र वीरताको प्रतिक स्वरुप धनु काँड, ठोरी समेत दिने परम्परा रहेको छ भने छोरी मान्छेलाई भविष्यमा कुशलतापूर्वक गृहस्थी चलाउन् भनी डोकोमा बोकेर घुमाउने गरिन्छ। न्वारानमा भेला भएका पाहुनाहरुलाई मासु, भात, जाँत रक्सी आदि खानेकुराहरु खान दिइन्छ।

## २.१५.२ भात खुवाई (पास्नी) :

छोरा भए ६ महिनामा र छोरी भए ५ महिनामा भात खुवाई गर्ने प्रचलन रहेको छ। बच्चालाई नयाँ कपडा लगाई असर्फी र पैसाले विभिन्न परिकारहरु ख्वाइन्छ भने भद्राई र तित्रा चराको चुच्चोले पनि ख्वाउने चलन रहेको छ। यसो गर्दा बच्चाहरु प्रष्ट बोल्ने र बाठा हुन्छन् भन्ने जन विश्वाश रहेको छ।

## २.१५.३ छेवर गर्ने :

छेवर शुभ लग्न हेरी ५,७ वा ९ वर्षमा गरिन्छ। एक पाथी धान, एकमाना चामल, रोटी, भेटी तयार पारी छेवर गरिने बालकलाई गाईको गोठमा लगिन्छ । बालकलाई गाईको दाम्लोले बाँधी दुबो र पाती चपाउन लगाएपछि मामाले कपाल काटिदिने गर्दछन्। कपाल काट्दा टुप्पी राख्ने प्रचलन रहेको छ । त्यसपछि मामाले नै छेवर गरिएका भाञ्जालाई टोपी र बालो लगाइदिने गर्छन् । छेवर नगरिएका पुरुषले विवाह तथा पितृकर्म गर्न नमिल्ने लोक मान्यता रही आएको छ। छेवर पश्चात् दिदी वहिनीलाई भेटी दिने र आमान्त्रितहरुलाई भोज भतेर ख्वाउने गरिन्छ।

## २.१५.४ पुटपुटे :

कुनै चेलीको विवाह पश्चात् पहिलो छोरो जन्मदा बालकका मावली गाउँलेहरुले मनाउने खुशीयालीलाई नै ‘पुटपुटे’ पर्व भनिन्छ। यसमा मावली गाउँबाट नाचगान गर्दै हर्षोल्लासका साथ बालकदेखि वृद्ध वृद्धासम्मको टोली बालक जन्मिएको गाउँमा आउँछन्। यसरी आएको टोलीलाई बालकका घर गाउँलेले मासु, रक्सी, रोटी लगायतका परिकार ख्वाएर स्वागत गर्छन् भने मावली गाउँलेहरुले बालकका बुबालाई टोपी, पगरी र आमालाई टिका मजेत्रो तथा

बालकलाई बाला र टोपी दिई टिका लगाएर आशिर्वाद दिन्छन् । फर्कने बेलामा मावली गाउँलेहरुले पुटपुटेमा दान गर्नेहरुलाई भोजको निम्तो दिने गर्दछन् ।

## २.१५.५ विवाह संस्कार :

यस जातिमा फुपू चेलो र मामा चेलीबीच विवाह गर्ने प्रचलन रहेको छ। विवाह गर्दा थर, गोत्र, र वर्गलाई सबैभन्दा महत्वपूर्ण विषयका रुपमा हेरिन्छ । वर्गलाई 'ल्हो' पनि भन्ने गरिन्छ। वर्ग अर्थात् ल्हो एक प्रकारको ज्योतिष पद्धति हो । यसको उत्पत्ति मङ्गोलियाको तुर्किस्थानमा भएको हो भन्ने विश्वाश गरिन्छ। तथापि चीनको तिब्बतमा यसको विकाश भई त्यहीबाट कोरिया, जापान, ताइवान, भियतनाम, कम्पुचिया, लाओस, म्यानमार, थाइल्याण्ड, नेपाल, भारत, भूटान आदि देशहरुमा फैलिएको हो भन्ने भनाई छ। यो ज्योतिष पद्धति एशियाका आधाभन्दा बढी देशमा विस्तार भएको पाइन्छ। यसलाई चिनियाँ ज्योतिष पद्धति भनिन्छ। नेपालका लिम्पाल, मुगल, डोल्पो, लोवा, नेस्याङ्वा, शेर्पा, लोमी आदि हिमाली जनता र थकाली, गुरुङ, तामाङ, लेप्चा, दुरा आदि जातिमा यही ज्योतिष पद्धति प्रचलित छ। यस पद्धतिमा पनि वैदिक ज्योतिषशास्त्रमा १२ राशी भएझैं १२ ल्हो हुन्छन्। जसमा मुसा, गाई, बाघ, बिरालो, गरुड, सर्प, घोडा, भेंडा, बाँदर, चरा, कुकुर र बँदेल पर्दछन् । यस पद्धतिमा १२ वर्ग ९ मेवा र ८ पार्ख हुन्छन् । यी नै कुराहरु यस ज्योतिष पद्धतिका मुख्य विधान हुन्।

विवाह गर्दा वर्गको निकै ठूलो महत्व हुन्छ । गाई र बाघ वर्गबीच विवाह गर्नु हुँदैन भन्ने मान्यता छ भने मुसा र चरा वर्गबीचको विवाह उत्तम मानिन्छ। बुबाको वर्ग आउँदा छोरीको र आमाको वर्ग आउँदा छोराको विहे गर्नु शुभ मानिन्छ। जन्म महिनामा विवाह गर्न वर्जित छ।

धिंगल, पुहीँ, क्याउसा, पाचे र दोर्दे गरी दुराका ५ थर हुन्छन्। जातपातको भेदभाव नभए पनि धिंगल, पाचे र दोर्दे आफूलाई एउटै वंशको सन्तान ठान्छन्। यी तीन थरका दुराबीच विहेवारी चल्दैन भने क्याउसा र पुहीँ यिनका कुटुम्ब हुन्। त्यसैगरी पुहीँ र क्याउसा एक अर्कामा विहे गर्दैनन्। धिंगल, पाचे र दोर्देसँग मात्र विहेवारी चल्छ।

विवाहका लागि केटी माग्ने लमीलाई कलिया भनिन्छ। परम्परा अनुसार केटीको घरमा दुईजना अलग अलग थरका कलिया पठाइन्छ । एकै थरका कलिया जानुहुन्न भन्ने परम्परात्मक मान्यता रहेको छ। कलिया र केटीका बाबु आमासँग कुरा मिलेपछि साइपाटा लगाउने प्रचलन छ। कुरा मिलेपछि साइत हेरी त्यसलाई औपचारिक रुप दिने काम नै साइपाटा हो। साइपाटा लगाउने दिनमा एक पुङ् रक्सी, एक ठेकी दही, रोटी, कुखुराको भाले लिएर केटीको घरमा जाने चलन छ। केटी तर्फबाट खानेकुरा स्वीकार भएपछि विवाह पनि पक्का भएको मानिन्छ। त्यसैबेला कुखुरा काटी त्यसको कलेजो (चियाँ) हेरेर शुभ अशुभको अनुमान गरिन्छ।

लामाद्वारा विवाहको साइत हेरिन्छ। सबै तयारी गरी विवाहको दिन बाजागाजा सहित बन्दुक पड्काउँदै जन्ति अन्माएर दुलहीको घर तर्फ जाने चलन छ। जन्ती दुलहीको घरमा पुग्ने बेलामा दुलहीकी भाउजूले दुलाहालाई कम्बल ओढाएर सम्मान गर्छिन्। जन्ती पर्सीसकेपछि सबैलाई गुन्द्रीमाथि लस्करै बसाइन्छ र विभिन्न परिकारहरु ख्वाइन्छ। दुलाहा, कलिया र दुलाहाका बाबुलाई ठूलो टपरीमा खानेकुरा दिई विशेष सम्मान प्रकट गरिन्छ। भतेरमा सर्वप्रथम दुलाहाले खान सुरु गरेपछि मात्र अरुले पनि खाने चलन रहेको छ।

विवाह संस्कारमा गोडा धुने, कन्यादान  दिने, वाग दन्त बोल्ने, सिन्दूर हाल्ने, दही चटाउने, पितृ जुधाउने, भार नचाउने, अन्माउने, प्होले फाल्ने, साइपाटा लाउने आदि रीति र कर्महरु प्रमुख रुपमा गर्ने गरिन्छ। अन्य जातिमा झैं यस जातिमा पनि सिन्दूर हालेको माइती खलकले हेर्नुहुन्न भन्ने मान्यता छ।

दुलही भित्र्याएपछि मूल ढोकामा कुखुराको भाले काटिन्छ र काटिएको भालेलाई आँगनतिर फालिन्छ। यसरी फालिएको भालेको दायाँ पखेटा माथि पर्‍यो भने दाम्पत्य जीवनमा दुलाहाको हैकम चल्ने र बायाँ पखेटा माथि पर्‍यो भने दुलहीको हैकम चल्ने विश्वाश गरिन्छ। यसैगरी भाले सिधा बसेर मर्‍यो भने दुबैको बराबरी हैकम चल्ने जन विश्वाश छ। त्यसपछि सो भालेको कलेजो हेरी शुभ अशुभको अनुमान पनि गरिन्छ। जसलाई चियाँ हेर्ने भनिन्छ।

विवाहको भोलिपल्टै दुलान फर्काउने चलन छ। दुलान फर्काउँदा रक्सी, रोटी आदि कोसेली लानुपर्छ भने माइतबाट घर फर्कँदा दुलहीले त्यसको दोब्बर लाने चलन छ। यदि कुनै कारणवश घरजम हुन नसके लोग्नेले स्वास्नीलाई छाड्दा 'ला गुन्यू लगा' भनी र स्वास्नीले लोग्ने छाडे 'ला कछाड लगा' भनी भद्र भलाद्मीहरुले तोकेको रकम दिनुपर्छ।

## २.१५.६ मृत्यु संस्कार :

मृत्यु संस्कार लामा वा घ्याब्रीद्वारा गराउने प्रचलन रहेको छ। मृत्यु संस्कार गर्नका लागि लामा वा घ्याब्री मृतकको घरमा आउँदा उनीहरुले शङ्ख बजाएर आफू आएको संकेत गर्छन्। त्यसपछि युवतीहरु बाटैमा पुगी कचौरामा राखिएको रक्सी पातले छोपेर खुवाउँछन्। यसलाई 'ट्होंसी गर्ने' भनिन्छ।

लाशलाई घर बाहिर निकालेपछि छोरी चेलीले गाईको गोबरले भित्रबाट बाहिर हुँदै घर लिप्नुपर्छ। छोरी बेटीले चरेसको थालमा तेल राखी मृतकको निधारमा लगाउनुपर्छ, नत्र लाश उठाउन मिल्दैन। लाश उठाएपछि एकजना वृद्ध व्यक्ति बाँसको दुईटा लठ्ठीमा सेतो कपडा र आँसी लिई ह–ह–ह गर्दै चिहानडाँडातिर अघिअघि हिंड्छन्। यसलाई बाटो देखाउने भनिन्छ। लाशलाई गाड्ने वा पोल्ने दुवै चलन छ। लाश जलाउँदा मुखमा छोराले र खुट्टामा मावलीले दागबत्ती दिनु पर्दछ। चितामा छोराले आगो लगाउँदा झ्याली र ढ्याङ्ग्रो बजाई सुसेली हाल्दै र हात हतियारहरु आकाशतर्फ ताक्दै जोडजोडले सबैजना कराउनुपर्छ। यसो गर्दा यमराजहरु पनि डराउँछन् भन्ने लोक विश्वाश छ। यदि जमिनमा गाड्नुपर्ने भयो भने लामाले जप गरी चोखो पानी छर्किएपछि शुद्ध गरिएको ठाउँमा मृतकको नाममा दिइएको कोदालो र हंसियाले उल्टो गरी उल्टै तरिको तीन पटक खन्नु पर्दछ। त्यसपछि अन्य औजारले खाल्डो खनिन्छ। चीतामा झैं लाशलाई तीन पटक घुमाएर खाल्डोभित्र राखिन्छ। जलाउँदा र गाड्दा मृतकको मुखमा सुन राख्नुपर्दछ। लाशलाई खाल्डोभित्र राखिसकेपछि उल्टो बसी खाल्डो पुर्नुपर्दछ।

चिहानडाँडाबाट फर्किएपछि मृतकको छोराहरुलाई मामलीले कपाल, दाह्री, जुँगा, आँखी भौं खौरिदिन्छन् । क्रियामा बस्नेले आफैले पकाएको खाना केराको एकसरो पातमा राखी एकछाक मात्र खाने गर्दछन् भने दिनदिनै नुहाउने र नुन बार्ने गर्दछन्। क्रियामा बस्नेले अन्य व्यक्ति र जनावरहरुलाई छुनु हुँदैन । मृतकलाई भारा नलागोस् भनी मलामीहरुलाई क्षमता अनुसारका खानेकुराहरु खुवाइन्छ भने मृतकको घरमा प्रत्येक घर परिवारबाट तोकिए अनुसारको कोर्जे (दस्तुर) र एकमाना चामल लानु पर्दछ।

बरखी फुकाउनुलाई 'फूलटिका फुकाउनु' भनिन्छ। लामा पुरोहित मान्नेहरुले अनिवार्य रुपमा अर्घौं गर्ने गर्दछन् । अर्घौं नगरेसम्म मृतात्माले स्वर्गको बाटो नपाउने भएकाले प्रेतात्मा बनी आफ्ना वंशजलाई सताउने, अन्न र पशुधनमा क्षति गराउने गर्दछन् भन्ने परम्परात्मक मान्यता रही आएको छ।

# २.१६ लोक उत्सव तथा चाडपर्वहरू

वहुधार्मिक, बहुसाँस्कृतिक तथा वहुभाषिक हाम्रो मुलुकमा एक अर्काको संस्कार र परम्परा झैं कतिपय लोक उत्सव र चाडपर्वहरुमा पनि समानता छन्। तथापि हरेक जातिका आफ्नै प्रकारका मौलिक तथा विशिष्ट परम्परा र चाडपर्वहरु पनि विद्यमान रहेका छन् । यसै सन्दर्भमा दुरा जातिमा प्रचलित लोक उत्सव र चाडपर्वहरुबारे यहाँ प्रकाश पारिएको छ –

## २.१६.१ बैशाख पूर्णिमा :

वैशाख पूर्णिमा दुराहरुको एक प्रमुख चाड हो । यस दिन दुराहरुले आफ्ना ईष्ट देवता चण्डीको पूजा गर्ने भएकाले यसलाई चण्डीपूर्णे पनि भनिन्छ। चण्डी पूजा गर्दा सबै विधि विधान गरिसकेपछि चौतारीको ढुङ्गाको छपनी मुनी कुखुराको फुल राखिन्छ। सो फुल अर्को वर्षसम्म जस्ताको तस्तै रहेमा सहकाल हुने र शुभ समाचार सुन्न पाइने विश्वाश गरिन्छ। यही दिन वायु पूजा पनि हुन्छ र पितृहरुको दुःख सुख बुझ्न कुलको डाङ्ग्रे (झाँक्री) लाई बक्न लगाइन्छ । त्यसदिन डाङ्ग्रेको शरीरमा मृतात्माको वाश भएको हुन्छ र उनीहरुले आफ्ना मनका कुरा व्यक्त गर्छन् भन्ने जनविश्वाश रहिआएको छ।

## २.१६.२ साउने संक्रान्ति :

यो दिन लुतो बराईको पूजा गरिन्छ। कुकुरडाइनो, मकरकाँची, कुरिलो, पानीसरो लगायतका सात प्रजातिका वनस्पति जम्मा गरी घरको मूल ढोकामा भ्रुण्ड्याएर पूजा गरी अगुल्टो फालिन्छ। यसो गर्दा सहकाल फर्कने, लुतो लगायतका रोगव्याी हट्ने जनविश्वाश रहेको छ। यसै दिनदेखि रोदी बसने र असारभरि थन्काइएका मादल डम्फू बजाउन सुरु गर्ने कार्य पनि आरम्भ हुन्छ। पूजाआजा सकेपछि नाचगान गरी मासु, रक्सी लगायतका परिकारहरु खाने चलन छ। संक्रान्तिको भोलिपल्ट अगुल्टो बार्ने परम्परा छ। यस दिन खनजोत र कृषिजन्य कामहरु गरिँदैन।

## २.१६.३ श्रीकृष्ण जन्माष्टमी :

माइती बाँध्ने चाडको रुपमा प्रख्यात यो दिन छोरी चेली दिदी वहिनी र भाञ्जीहरुले आफ्ना दाजुभाइ तथा माइतीहरुलाई निमन्त्रणा गरी खानेकुराहरु ख्वाउने चलन हुन्छ भने यसरी बाँधिएका माइती तीजको दरखाने दिनमा अनिवार्य रुपमा सहभागी हुनु पर्दछ।

## २.१६.४ दर खाने :

श्रीकृष्ण जन्माष्टमीको दिनमा बाँधिएका माइती र माइती बाँध्ने चेली रोदी घरमा भेला भई रोदी घरको भित्तामा बनाइएको शिव पार्वतीको चित्रमा पूजा गरी भोज खाने गर्दछन् जसलाई 'दरखाने' भनिन्छ। यसैदिन किशोरावस्थामा प्रवेश गरेका माइती र चेलीहरुको 'सियो राख्ने' (उपनाम राख्ने) प्रचलन पनि हुन्छ। सियो राखेपछि माइती–चेलीले एक अर्कालाई त्यही उपनमले बोलाने गर्दछन्।

## २.१६.५ दशैं :

यो चाड अन्य जाति सरह मनाउने प्रचलन भएपनि दुरा समुदायमा आफ्नै प्रकारका केही भिन्नताहरु पनि भएको पाइन्छ। दशैंमा दुराहरु प्राचीन थलो तुर्लुङ्कोटको डाँडामा अवस्थित

कालिका देवीको मन्दिर र मौलाकालीमा विशेष धुमधामका साथ पूजा आजा गर्छन्। अष्टमी लागेपछि घरको चारै सुरमा विभिन्न देवी देवताको पूजा गरिन्छ। यो दिन भोकै बसी आफ्ना दिवंगत पितृहरुलाई सम्झिएर केराको पातमा विभिन्न खानेकुराका परिकार राखी पानी चढाइन्छ। यसलाई 'ख्यामा राखिएको' भन्ने प्रचलन छ। ख्यामा राखिनुलाई अर्धवार्षिक श्राद्धको रुपमा पनि हेरिन्छ। घरको मूल व्यक्तिद्वारा राखिएको ख्यामा विवाहित छोरीले उठाउने प्रचलन छ।

दशमीको दिनदेखि पूर्णिमासम्म हर्षोल्लासका साथ टिका लगाउने चलन छ। पूर्व समयमा दही र अक्षेताको सेतो टिका लाउने प्रचलन भएकोमा हिजोआज रातो टिका पनि लाउन थालेको पाइन्छ। आशिर्वाद दिँदा त्यस्तो खास श्लोक भन्ने प्रचलन नरहे पनि दुबो जस्तै मौलाउनू, नदी जस्तो लामो आयु होस्, लाहुरे हुनु–ठूलो पदमा पुग्नू आदि जस्ता आशिर्वाद दिने प्रचलन रहेकोमा हिजोआज समय परिस्थिति अनुसार आशिर्वादमा पनि परिमार्जन भई धेरै पढ् लेख् गरी विद्वान हुनू राम्रो जागिर खाएर हाकिम हुनू, थोरै सन्तान जन्माउनू भन्न थालिएको छ। टिका लगाउँदा गच्छे अनुसार दक्षिणा पनि दिने चलन छ।

पुरानो चलनमा जिमाल (गाउको मुख्य व्यक्ति, सरकारी तिरो उठाउने व्यक्ति) मान्न जाने गरिन्थ्यो। कतिपय व्यक्तिहरु त जिमालकहाँ टिका लगाएर आशिर्वाद लिएपछि मात्र टिका फुकेको ठान्दथे। टिका लाउन जाँदा कोसेलीको रुपमा पुङ्मा रक्सी र ठेकीमा दही लाने गरिन्थ्यो। जिमाल मान्ने प्रचलन बाध्यात्मक भने थिएन। हाल जिमालहरुको बैधानिक अस्तित्व समाप्त भएपनि परम्पराप्रति सद्भाव राख्ने कतिपय व्यक्तिहरु अझै पनि जिमाल मान्न जाने गरेका छन्। त्यो बेलामा जिमाल मान्न चाकडी पनि हुन सक्थ्यो भने अहिलेको अवस्था भनेको प्रेम, आस्था र परम्पराप्रतिको झुकाव मात्र हो।

## २.१६.६ तिहार :

यो चाड अन्य हिन्दू धर्मावलम्बीहरुले झैं मनाउने प्रचलन छ। देउसी, भैलो खेल्ने, दिपावली गर्ने र दिदी वहिनीले दाजु भाइलाई भाइटिका लगाएर रोटी, रक्सी, मासु लगायतका

परिकारहरु दिन्छन् भने दाजु भाइले पनि गच्छे अनुसारको दक्षिणा दिदी वहिनीहरुलाई दिने गर्छन् ।

## २.१६.७. पन्ध्र पुष :

मङ्गोल वर्णका दुरा, गुरुङ, लेप्चा, थकाली, शेर्पा, भोटे, थामी, ह्याल्मो, तामाङ, जिरेल आदि जातिको ठूलो पर्व हो पुष १५ । पुष १५ ज्योतिष शास्त्रमा वर्ग (ल्हो) मान्ने सम्पूर्ण जातिको नयाँ वर्षको प्रारम्भ हुने दिन हो। यसलाई विभिन्न जातिले आ–आफ्नै ढङ्गले मनाउने प्रचलन रही आएको छ। नेपालका मङ्गोलनश्लका जनजातिहरुको भाषा तिब्बतीयन भाषा परिवारको भएको कुरामा सबै विद्वानहरुको एकमत भएको पाइन्छ। तिब्बती भाषामा 'लो' को अर्थ नयाँ र 'सर' को अर्थ वर्ष हुन्छ। 'लोसार' को अपभ्रंश उच्चारण नै ल्होसार हो। यसरी पुष १५ लाई गुरुङ, तामाङ लगायतका मङ्गोल समुदायले विभिन्न साँस्कृतिक झाँकी समेत प्रदर्शन गरी उत्सवकै रुपमा धुमधामसँग मनाउँछन् भने दुराहरु रात्रीभोजको आयोजना गरी नाचगान गर्छन् । विवाह गर्दा वर्ग मिलाएर हेरिने हुँदा नयाँ वर्गको प्रारम्भ हुने यो दिनको त्यसैपनि ठूलो महत्व छ । असार मसान्तलाई आर्थिक वर्षको अन्त्य मानी सो समयमा व्यापारिक कारोबारको हिसाब मिलान गर्ने प्रचलन रहेझैं दुरा समुदायमा पुष १५ को भाका राखेर लेनदेनको कारोबार गर्ने प्रचलन रहेकाले पनि यो दिनको छुट्टै सामाजिक महत्व छ।

## २.१६.८ माघे संक्रान्ति :

यो पर्वमा विहानै उठी नुहाई धुवाई गरी चोखो भएर चेलिबटी र भान्जा भान्जीलाई टिका लगाई दक्षिणा दिने गरिन्छ। त्यसपछि आफन्तजनहरुसँग बसेर अघिल्लै दिन पकाएको मासु, रोटी, रक्सी, तरुल लगायका खानेकुरा खाइन्छ । पुष मसान्तमा पकाएको खानेकुरा माघे संक्रान्तिमा खाने भएकाले पुषको पाक्के माघमा खाने पनि भन्ने गरिन्छ।

## २.१६.९ फागु पूर्णिमा

पौराणिक कथा अनुसार हिरण्यकश्यपु नामक दानवी प्रवृत्तिको व्यक्तिले विष्णुभक्त प्रल्हादलाई मार्नका लागि आगोमा नजल्ने वरदान पाएकी आफ्नी वहिनी होलिकालाई आदेश दिएको र होलिकाले बालक प्रल्हादलाई काखमा राखी चीतामा बस्दा वरदानको दुरुपयोग गरेकोले राक्षसी होलिका स्वयं जलेर नष्ट भएकी तर भक्त प्रल्हादलाई केही नभएको खुशीयालीमा फागु पर्व परापूर्वकालदेखि नै मनाउन थालिएको विश्वाश गरिन्छ। होलीको नामले पनि प्रख्यात यो पर्व विशेषगरी नेपाल र भारतका हिन्दू धर्मावलम्बीहरुको समुदायमा विशेष धुमधामका साथ मनाइन्छ।

फागु पूर्णिमाको दिन दुरा समुदायमा अबिर खेल्ने, रङ्ग घोलिएको पानी छ्यापाछ्याप गर्ने, नाच्ने, गाउने र मिठा मिठा परिकारहरु खाने गरिन्छ। विशेषगरी कास्की जिल्लाको सिमानामा पर्ने करपुटार बजारमा ठूलो मेला लाग्दछ। त्यहाँ वरिपरिका गाउँबाट हजारौंको संख्यामा मानिसहरु मेला भर्न आउँछन्। यही कर्पुटार बजारमा ठाडो भाकाका प्रसिद्ध गायक स्व. देउबहादुर दुरा रातभर गीत गाउँथे भन्ने जनश्रुति रहेको छ।

## २.१६.१० चैते दशैं :

पूर्व समयमा दुराहरुको सबैभन्दा प्राचीन र ठूलो बस्ती रहेको विश्वाश गरिएको तुर्लुङ्कोटमा अवस्थित कालिका मन्दिरमा ठूलो मेला लाग्दछ। वरिपरिका गाउँबाट मेला भर्न र रमाइलो हेर्न सबै जात जातिका मानिसहरु तुर्लुङ्कोट जान्छन्। यसैबेला ठेलो (छेलो) हान्ने प्रतियोगिता पनि गराइन्छ र विजयी खेलाडीलाई फेटा गुथाई जय नारा लाउँदै काँधमा बोकेर घुमाइन्छ। इष्टमित्र र छोरीचेली समेत आमन्तित्र हुने यो पर्वमा नाचगानका साथै रक्सी मासु लगायतका खानेकुरा खाई रातभर रमाइलो गरिन्छ।


## २.१७. लोक प्रविधि, लोक शिल्पकला र लोक वास्तुकला :

अन्य जाति र समुदायमा झैं यस जातिमा पनि आफ्ना आवश्यकताअनुसारका विभिन्न प्रकारका प्रविधि, शिल्प र वास्तुकला सम्बन्धी ज्ञान र सीप रहेको पाइन्छ। दैनिक घरायशी प्रयोगमा नभई नहुने चोयाका सामग्रीहरु स्याखु (घुम), डोको, नाङ्लो, भकारी, मकैको खोसेलाबाट कलात्मक पिरका, ऊनबाट राडी, पाखी, अस्कोट, स्थानीय वनस्पतिबाट परम्परात्मक कपडा भाङ्ग्रा र खादी बनाउने प्रचलन रहेको छ। तथापि एउटा पुस्ताबाट अर्को पुस्तामा सीप हस्तान्तरण गर्ने परिपाटीको सुनिश्चितता नभएको र उत्पादित सामग्रीलाई व्यावसायिक रुप दिन नसकिएको साथै सामग्री निर्माणका सहज प्रविधिबारे अध्ययन अनुसन्धान नभएका कारणले यस्ता कतिपय सीप लोप हुने अवस्थामा पुगिकेका छन् । यसैगरी परम्परात्मक औजारहरुकै भरमा पुङ् (जाँड, रक्सी, पानी, छनुवा आदि राख्ने भाँडो), हर्पे (घिउ राख्ने भाँडो) पुचाई (रक्सी राख्ने भाँडो), खुर्पेटो (खुर्पा राख्ने भाँडो) जस्ता काठका कलात्मक भाँडा बनाउने सीप पनि यो समुदायमा देखिएको छ । यस्ता सीप भएका



कलात्मक आँखी झ्याल

शिल्पकारहरु पनि समुदायमा बिरलै मात्र बाँकी रहेको बुझिएको छ। यस जातिका पुराना बस्ती तथा घरमा अझै काठबाट बनेका आकर्षक आँखी झ्यालहरु र मूल ढोकाको



कोलढुङ्गा

चौकोशमा कुँदिएका कलात्मक बुट्टाहरु प्रशस्तै  देख्न पाइन्छ। राँबो र बसिलाको भरमा मात्र बनाइएका यस्ता शिल्पलाई आधुनिक प्रविधिमा व्यवसायिक रुप दिन सके यसले मनग्ये बजार पाउने सम्भावना देखिएको छ। यस जातिले ढुङ्गाको तेल पेल्ने कोल र पानी घट्टको प्रयोग गरी कुटानी–पिसानीमा आफ्नै प्रविधिबाट आत्मनिर्भरता देखाएको पनि पाइएको छ। तथापि यस्ता प्रविधिहरु लोपोन्मुख अवस्थामा रहेका छन्। तन्त्र–मन्त्रप्रति विश्वाश राख्ने दुरा समुदायमा दुख् बिमार हुँदा तन्त्र–मन्त्रका अलावा विभिन्न प्रकारका वनौषधि प्रयोग गरी उपचार गर्ने मौलिक तथा परम्परात्मक प्रविधिहरु पनि भएको पाइएको छ।

**२.१७.१ बढी गर्मी र ग्याष्ट्रिक हुँदा घोड ताप्रेको रस खाने।**

**२.१७.२ उच्च्व रक्तचापमा र मुटुको रोगीले भृङ्गराज कुटेर रस खाने।**

**२.१७.३ ग्यास्ट्रिक हुँदा रानी सिन्काको मुन्टो अथवा बेलाउतीको बोक्राको रस खाने।**

**२.१७.४ चोटपटक लागे धनसेप वा भृङ्गराजको लेप लगाउने।**

**२.१७.५ ज्वरो आए निम वा घोडताप्रेको रस खाने।**

# २.१८. लोक खेल तथा लोक मनोरञ्जन :

अन्य जातिमा झैं यस जातिमा पनि आफ्नै प्रकारका मौलिक तथा परम्परात्मक लोक खेलहरु खेली मनोरञ्जन गर्ने प्रचलन रहेको पाइन्छ। मुख्य रुपमा मनोरञ्जनका लागि ठेलो (छेलो) हान्ने, गीत संगीतका कार्यक्रम गर्ने, रोदी बस्ने, भोज भतेर गर्ने लगायतका परम्पराहरु प्रचलनमा रहेको पाइन्छ । यस जातिमा प्रचलित मौलिक तथा परम्परात्मक केही खेल यसप्रकार छन् :-

## २.१८.१ गीर :

यो एक प्रकारले हक्की जस्तै खेल हो। बाँस काटेर त्यसको आँखाको वरिपरिको भाग फाली बल जस्तो आकार बनाइन्छ । त्यसपछि काठलाई ताछेर अलिकति टुप्पो घुमेको आकारमा लठ्ठीजस्तो बनाइन्छ। सोही लठ्ठीले हक्की खेलेझैं बाँसको आँखाबाट बनाएको बल (गीर) खेलिन्छ। यो खेल खेल्ने कुनै खास मौसम हुँदैन । फूर्सद भएको बेला र युवा समूह भेला भएको बखत जुनसुकै समयमा पनि खेलिन्छ। खेल खेल्न यति नै जना चाहिन्छ भन्ने नभए पनि भएको समूहबाट बराबरी संख्यामा दुबैतिर टिम छुट्याइन्छ। गीर छिराउन फुटबलको पोष्ट जस्तै एउटा निश्चित ठाउँ तोकिएको हुन्छ। यस्तो खेल हिजोआज खेल्न छाडिएको छ।

## २.१८.२ डुडु :

यो कपर्दी जस्तै छुने खेल हो । खेलाडीहरु दुई समूहमा विभाजित हुन्छन् । बीचमा एउटा सिमारेखा हुन्छ। एउटा टिमको खेलाडी अर्को टिमको सिमारेखाभित्र प्रवेश गरी जतिसक्दो धेरै जनालाई छोएर फर्कनुपर्छ। छोएर फर्कन सक्यो भने छोइएका खेलाडीहरु सबै मर्छन्। ( बाहिरिन्छन्) र समातियो भने सोही खेलाडी स्वयं मर्छ। यसरी खेल्दै जाँदा जुन समूहका सबै खेलाडी पहिले मर्छन् त्यही समूहको हार हुन्छ।

### २.१८.३ बेंडखाले :

यो आँशी (हँसिया)ले आँशीलाई ठुड्ने खेल हो। यो खेल मेलापात वा वनमा घाँस दाउरा गर्न जाँदा खेल्ने प्रचलन छ। यो खेल खेल्दा निश्चित दूरीबाट फुत्त आँशी फालेर अर्को आँशीको बेंड (बींड) मा ताकेर हान्नुपर्छ। हान्दा नलागे पुनः दोहोऱ्याएर हान्न पाइन्न। यदि बेंडमा आँशीको टुप्पो गाडियो तर बेंड फुटेन भने निकाल्न पाइन्छ। यसैगरी दुबै तर्फबाट पालैपालो एक एक पटक हान्दै जाँदा जसले पहिला बेंड फुटाल्छ उसको जीत हुन्छ।

### २.१८.४ ठेलो (छेलो) :

विभिन्न मेला, उत्सव र चाडपर्वमा यो खेल खेलिन्छ। खेल खेल्दा गह्रुङ्गो ढुंगो बोकी हत्केलाको सहायताले काँधमा अड्याई दगुरेर तोकिएको ठाउँबाट जतिसक्दो बलले फालिन्छ। जसले ढुङ्गो टाढा फाल्न सक्छ ऊ विजयी हुन्छ। विजेतालाई फेटा गुथाई काँधमा बोकी विभिन्न नारा लाउँदै खेल स्थल वरपर घुमाइन्छ। यो रोमाञ्चक र बहादुरीको खेल खेल्न लाहुरेहरु समेत विदा लिएर घर आउने गरेको पाइन्छ।

## २.१९ लोकगाथा, लोकनाच र साँस्कृतिक परम्परा

नेपालका अन्य आदिवासी जनजाति झैं दुरा समुदायमा पनि परम्परात्मक रुपमा चल्दै आएको नृत्य र कथात्मकता समेत विद्यमान रहेका विभिन्न महत्वपूर्ण घटनाहरुको शृंखलावद्ध वर्णन भएका साँस्कृतिक परम्पराहरु प्रचलनमा रहेको पाइन्छ। यस समुदायमा प्रचलित सोरठी, घाँटु जस्ता लोकगाथाको गायन तथा नृत्यका सिलसिला र नियम सम्बन्धी प्रशिक्षण दिने व्यवस्था नभए पनि समुदायमा जिज्ञाशुहरुले आफ्नै इच्छा र मेहेनतले सिक्ने गर्दछन्। एउटा समाज वा क्षेत्रमा प्रत्येक नृत्यका गुरुबाऊ वा गुरुआमा हुने गर्दछन्। यो उसको कौशलता र अनुभवको आधारमा समाजले स्वतः स्फूर्त रुपमा स्वीकार्ने र दिने पदवी हो। एकपटक गुरुबाऊ वा गुरुआमा बनेको व्यक्ति आजीवन त्यही पद र सम्मान ग्रहण गरिरहन्छ। एउटै व्यक्ति पनि अलग अलग नृत्यको गुरुबाऊ वा गुरुआमा बन्न पनि सक्छ। तर

यस्ता प्रतिभाशाली व्यक्तिहरु बिरलै हुन्छन् । आजकल समाजमा गुरुबाऊहरु पाउन गाह्रो हुँदै गएकोले कतिपय ठाउँमा अन्यत्रबाट गुरुबाऊ ल्याएर पनि नृत्य गराउने प्रचलन रहेको छ । गुरुबाऊको अलग्गै पोशाक नभए पनि ऊ समूहको माझमा हुनुपर्छ । उसले गीत तथा कथाको सबै खण्ड राम्ररी जानेको हुनुपर्छ । कसैले बिगार्‍यो भने तुरुन्तै सच्याउन सक्नुपर्छ । यदि गुरुबाऊ बूढो व्यक्ति छन् भने टाउकोमा फेटा लगाइदिने चलन हुन्छ । मादले जतिसुकै जान्ने हुन् तर गुरुबाऊलाई मान्नैपर्छ । यसै सन्दर्भमा दुरा समुदायमा प्रचलित लोकगाथा यहाँ प्रकाश पार्ने प्रयाश गरिएको छ ।

## २.१९.१ सोरठी ः

सोह्र हांगा भएकाले यस गीति नृत्यलाई सोरठी भनिएको हो भन्ने सामाजिक मान्यता रहेको छ । नृत्यमा युवतीहरु युवकको भेषमा र युवकहरु युवतीको भेषमा नाच्ने परम्परा रहेको छ । अन्य गीत गाउने र छोप्नेहरु पनि धेरै हुन्छन् । केटा भई नाच्नेहरुले जामा, भोटो, पटुका, असकोट, पौजरी र टोपी फूल लाउँछन् भने केटी भई नाच्नेहरुले छिटको गुन्यू, मखमलको चोलो, पटुका, घलेक र मजेत्रो लगाएका हुन्छन् । नाचमा विशेष रुपमा मादल र खैंजडी बजाइन्छ । यो कथात्मक नृत्यमा निकै रोचक र हृदयविदारक ऐतिहासिक कथा छ ।

परापूर्वकालमा जयसिङ्गे नामका राजाका १५ वटी रानीहरु थिए तर सन्तान थिएनन् । रहँदा बस्दा उनले सन्तानको आशामा सोह्रौं रानी भित्र्याए र सोह्रौं रानीबाट छोरीको जन्म भयो । कान्छी रानीबाट पुत्री लाभ भएपनि ईर्ष्याले जलेका १५ रानीहरुले राज ज्योतिषलाई आफ्नो वशमा पारी षडयन्त्र गरेर सो छोरी अत्यन्तै अलच्छिना भएकाले दरबारमा राखे ठूलो अनिष्ट हुन्छ भन्ने भ्रामक भविष्यवाणि गराए । ज्योतिषकै सल्लाह बमोजिम सुनको कलात्मक बाकस बनाई शिशुलाई त्यसमा राखेर नदीमा बगाइयो । उक्त बालकलाई जालहारी र कुमालेले एकसाथ फेला पारे । भागबण्डामा बाकस जालहारीले र भित्र भएको बस्तु कुमालेले लिने शर्त बमोजिम बाकसमा फेला परेकी बालिकालाई कुमालेले घर लगी पालपोष गरेर हुर्कायो । कुमालेको घरमा कुर्हिएकी राजकन्या तरुनी भएपछि उसको रुपको राज्यभरि चर्चा भयो । एककान–दुईकान त्यो चर्चा राजाको कानमा पनि पुग्यो । राजा

जयसिङ्गे कुमालेकी छोरी हेर्न स्वयं गए। कुमालेकी छोरीको सुन्दरताबाट राजा समेत लठ्ठिए र ऊसँग विवाह गर्ने निधो गरे । विहेको प्रक्रिया अन्तिम चरणमा पुगेपछि कुमालेले सो कन्यालाई लुगा धुन जाँदा खोलामा सुनको बाकसमा फेला पारेको कुराको वृत्तान्त सुनाएपछि राजालाई कन्या आफ्नै छोरी भएको थाहा हुन्छ। कन्या ३२ लच्छिनले युक्त भएको समेत थाहा पाएपछि राज ज्योतिष र रानीहरुको कर्तुत पर्दाफास हुन्छ। त्यसपछि क्रोधित बनेका राजाले सजाय स्वरुप काँधमा सुँगुरको पाठो झुण्ड्याएर कुकुरको खुट्टाको माला लगाई अत्यन्तै अपमानका साथ राज ज्योतिषलाई राज्यबाट निकाला गरेको कथा सोरठी नृत्यमा वर्णन गरिएको हुन्छ । कलात्मक, रोमाञ्चक, हृदयविदारक र कौतुलहताले भरिपूर्ण यो लोकगाथा पश्चिमाञ्चल क्षेत्रका गुरुङ र मगर समुदायमा पनि प्रचलित रहेको पाइन्छ।

## २.१९.२ घाँटु :

यो दुराहरुको प्रचलित तथा प्राचीन संस्कृति हो । श्रीपञ्चमीदखि चण्डीपूर्णिमासम्म विशेष प्रकारको सजावटमा यो नृत्य नाच्ने गरिन्छ। करिब चार शताब्दी पूर्व गण्डकी क्षेत्र तथा मादी र सेती नदीको सङ्गमस्थलको आसपासबाट यो नृत्य प्रचलनमा आएको हो भन्ने किंबदन्तीहरु छन्। नृत्य परम्परा अनुसार रजस्वला नभएका दुईजना कन्यालाई कानमा चेप्टो सुन, नाकमा बुलाकी, मखमली चोली, पोते, शिरमा भुटेको धान उनेर बनाइएको मुकुट, बुट्टेदार फरिया, पटुका र अन्य आभूषणहरु लगाई मध्ययुगिन राजकुमारीको भेषमा सिंगारी राजा र रानीको प्रतिकको रुपमा नचाइन्छ।

यो नाच त्यसबेलाका राजा प्रताप शाह (पर्शुराम) र रानी पम्फावती, युवराज बालाकृष्ण, बाज्योली राजा र गाज्योली रानीहरुको जीवन गाथामा आधारित भएको पाइन्छ । यसको कथावस्तु र इतिहास साधारण लागेपनि नृत्यका स्वरुप र प्रकृतिका छुट्टाछुट्टै विशेताहरु रहेका छन् । नृत्यको समयमा घाँटुनीहरुलाई घाँटु लाग्नु, देवी लाग्नु, काँप्नु तथा घाँटु गीत तथा नृत्यको सम्पूर्ण प्रक्रिया घाँटु गुरुबाट मात्र पूरा गर्न सम्भव हुनुले यो एउटा आश्चर्य र अनुसन्धानको विषय पनि हो। यस नृत्यसँग सम्बन्धित विभिन्न जनश्रुतिहरु पनि छन्। जस्तै प्राचीन समयमा रात परेपछि जङ्गली जनावरहरुले सताउने हुँदा त्यसबाट बच्नका लागि एकै

ठाउँमा जम्मा भएर नाचगान गरी समय बिताउने गरिन्थ्यो । त्यही परम्पराको विकशित स्वरुपमा घाँटु नृत्यको विकाश भएको हो। आज पनि 'घाँटु नाचे बाघले खाँदैन, बाह्रमासे घाँटु विधिवत् नाचे बोक्सी र भूतप्रेत लाग्दैन' भन्ने जनविश्वाश रहेको पाइन्छ। घाँटु बाह्रमासे, सती र कुसुण्डा गरी तीन प्रकारका हुन्छन्। विभिन्न प्रकारका कथामा विभाजित भएकैले नृत्यका प्रकार पनि छुट्याइएको हुन्छ । समष्टिमा घाँटुलाई राजा पर्शुराम र रानी पम्फावतीको कथा भनिएता पनि प्रत्येक नृत्यका छुट्टाछुट्टै शैली, प्रकृति र विशेषता रहेकोले कुन पक्षको घाँटु नृत्य गरिने हो सोही अनुसारको गीतको थालनी घाँटु गुरुले गर्छन्। सती घाँटुमा राजा पर्शुरामको देहान्त भएपछि विह्वल भएकी रानी पम्फावती सती गएको मार्मिक कथाको वर्णन गरिन्छ भने बाह्रमासे घाँटुमा जीवन शैलीसँग सम्बन्धित कुराहरु जस्तै जन्म, शृंगार, विवाह, शिकार, खेतीपाती, युद्ध आदि बारेका कथा हालिन्छ। यसैगरी वैशाख पूर्णिमाको एकदिन अगाडि सुरु गरी पूर्णिमाको भोलिपल्ट अन्त्य हुने घाँटुलाई कुसुडा घाँटु भनिन्छ। कुसुण्डाहरुको जीवन चरित्रमा आधारित यस कुसुण्डा घाँटुमा घाँटुनी (नर्तकी) हरु माग्दै हिड्ने पनि गर्दछन् । कुसुण्डा र उनीहरुका राजाले भैंसी र त्यस सम्बन्धी कुनैपनि वस्तुलाई घृणा गर्ने हुनाले घाँटुनीहरुलाई त्यस्ता शब्द सुनाउनुहुन्न, सुनाएमा अनिष्ट हुन्छ भन्ने परम्परात्मक मान्यता छ। सुर र तालमा नाचिने यस नृत्यमा सुर ताल बिग्रन गएमा घाँटुनीहरुको ज्यान समेत खतरामा पर्न सक्छ भन्ने पनि जनविश्वाश छ। जसले गर्दा नृत्य गुरुले विशेष सतर्कता अपनाएका हुन्छन् । यस नृत्यमा मादलको ताल सुन्ने बित्तिकै घाँटुनीहरु काम्न थाल्दछन् र गीत र तालसँगै बेहोस भई पालैपालो ढल्दछन्। बेहोश भएका घाँटुनीहरुलाई नृत्य गुरुले गीत र तालसँगै बिस्तारै होसमा ल्याउँछन् । पूर्ण होसमा आउनु अघि अर्धचेतन अवस्थामा घाँटुनीहरुले कसुण्डाहरुको आनीबानी र चालचलनको हाउभाउ देखाउँछन् । भोलिपल्ट गाउँलेहरुले धुमधामसँग हर्षोल्लासका साथ बाजागाजा र फूलमाला सहित विधिवत् कुसुण्डा घाँटुलाई सेलाउँछन्।

विभिन्न प्रकारका ऐतिहासिक कथा बोकेको यो नृत्य परम्परा कास्की, लम्जुङ, तनहुँ, स्याङजा, गोर्खा, मनाङ, पर्वत आदि जिल्लाहरुमा हालसम्म पनि प्रचलनमा रहेको पाइन्छ।

# उपसंहार

आफ्नै प्रकारका मौलिक तथा विशिष्ट लोक संस्कार र परम्पराहरु भएको दुरा जातिको लोपोन्मुख साँस्कृतिक, धार्मिक, पुरातात्विक तथा ऐतिहासिक महत्वका वस्तुहरुको संग्रह तथा संरक्षणको लागि कमसेकम एउटा मात्र भएपनि संग्राहलयको टड्कारो आवश्यकता देखिएको छ । प्राकृतिक सुन्दरता र दुरा जातिमा भएका आफ्नै प्रकारका मौलिक तथा साँस्कृतिक आकर्षणका कारण आन्तरिक र वाह्य पर्यटनको राम्रो सम्भावना देखिएकोले त्यसका लागि तालिम तथा पूर्वाधार योजनामा सम्बन्धित जिम्मेवार निकायले योजनावद्ध रुपमा अविलम्ब कार्य प्रारम्भ गर्नुपर्ने महसुस गरिएको छ। यसबाट सम्बन्धित समुदाय र राष्ट्रलाई समेत लाभ पुग्ने देखिन्छ। दुरा डाँडा वरपरका सीमित क्षेत्रमा मात्र दुराहरुको प्रमुख बस्ती रहेकाले योजनावद्ध ढङ्गको एउटै सडकले पनि दुराहरुको धेरैजसो बस्तीमा यातायातको पहुँच पुग्ने देखिएबाट सर्वसुलभ यातायातको पहुँच पुग्ने हो भने यस समुदायको आर्थिक समृद्धिका लागि ठूलो खुड्किलो बन्थ्यो भन्ने अनुमान पनि गर्न सकिन्छ।

# अध्याय -३

## ३.१ अध्ययनका निष्कर्ष तथा सुझावहरु :

### ३.१.१ निष्कर्ष :

लोकवार्ता, सम्बन्धित समुदाय तथा राष्ट्रकै समेत अमूल्य सम्पत्ति हुन्। वहुजाति, वहुभाषी र वहुसाँस्कृतिक फूलबारी नेपालमा बसोबास गर्ने विभिन्न जातजाति मध्ये पश्चिमाञ्चल विकास क्षेत्रको लम्जुङ जिल्लामा प्रमुख बसोबास भएका दुरा जातिमा पनि आफ्नै प्रकारका विशिष्ट तथा मौलिक परम्परा र लोकवार्ताहरु प्रचलनमा रहेका छन् । यी लोकवार्ताहरु सामाजिक, धार्मिक, ऐतिहासिक, साँस्कृतिक तथा आर्थिक दृष्टिकोणले अत्यन्तै महत्त्वपूर्ण वौद्धिक सम्पत्ति हुन् । पश्चिमाञ्चल विकाश क्षेत्रको लम्जुङ जिल्लाका विभिन्न भागमा बसोबास गर्ने दुरा समुदायमा गरिएको यस अध्ययनका निष्कर्षहरुलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ –

(१) दुरा समुदाय नेपालकै उत्कृष्ट र मौलिक विशेषतायुक्त लोकवार्ताले सम्पन्न समुदाय हो।

(२) यो समुदायका कतिपय लोकवार्ता लोपोन्मुख अवस्थामा पनि रहेका छन्।

(३) यो समुदायका लोकवार्ता र वौद्धिक सम्पत्ति संरक्षणको लागि स्थापित 'दुरा सेवा समाज' का सीमित अगुवाहरुमा यसको महत्त्वको बारेमा पर्याप्त चेतना भएको पाइएकोमा सो अभियानलाई सफल बनाउन सरकारी सहयोग र प्रतिवद्धताको पनि खाँचो महसुस गरियो।

(४) यो समुदायका लोक वार्ताहरुको उचित संरक्षण र प्रवर्द्धन हुन सके यसबाट समुदाय र राज्यले समेत लाभ प्राप्त गर्न सक्ने सम्भावनाहरु देखियो।

(५) यो समुदायमा विविध प्रकारका लोकवार्ताहरु भएको पाइएकाले विस्तृत रुपमा अध्ययन तथा अनुसन्धान हुनुपर्ने महसुस गरियो । पश्चिमाञ्चल विकास क्षेत्रको लम्जुङ जिल्लामा बसोबास गर्ने दुरा जातिका लोकवार्ताहरुको अध्ययन सम्बन्धी यस प्रतिवेदनमा यो समुदायका लोकवार्ताको रुपमा रहेका लोकभाषा र लोक साहित्य, लोक कथा र लोक नाटक, गाउँखाने कथा, लोकोक्ति र उखान टुक्का, लोक विश्वाश, लोक आस्था, लोक मान्यता, पेशा, खानपान, लोकबाजा, लोकभाका र लोकगीत, लोक उत्सव, चाडबाड, लोकधर्म, लोक अनुष्ठान, लोक रीतिरिवाज, लोक प्रचलन, भेषभूषा, गहनाहरु, लोक संस्कार, लोकनाच, लोक शिल्पकला, लोक प्रविधि, लोक वास्तुकला भाँडाकुँडा, हात हतियार, फर्निचर, लोकखेल, लोक मनोरञ्जन र लोकगाथा सम्बन्धी विस्तृत विवरणहरु प्रस्तुत गरिएका छन् । आफ्नै अनेक संस्कृति, धर्म, परम्परा र सीप ज्ञानले समृद्ध यस जातिका विविध लोकवार्ताहरु यतिमै मात्र सीमित भने छैनन् । यो अध्ययनले मात्र सम्बन्धित विषयका सम्पूर्ण पक्षहरुलाई पूर्ण रुपमा प्रस्तुत गर्न, केलाउन र विश्लेषण गर्न सम्भव नहुने भएता पनि समय र स्रोतको सिमाभित्र रहेर यथाशक्य सबै पक्षहरुलाई समेट्दै समुदायका असल पक्षहरुलाई बौद्धिक सम्पत्तिको रुपमा उजागर गर्ने प्रयाश गरिएको छ।

### ३.१.२ सुझावहरु :

यो प्रतिवेदन तयार पार्नका लागि उपलब्ध स्रोत र समयका आधारमा दुरा समुदायका प्रमुख लोकवार्ताहरुलाई प्रष्ट्याउँदै समुदायमा लोकवार्ताको अवस्था, तिनको राष्ट्रिय महत्त्व एवं लोकवार्ताको संरक्षणको लागि देखिएका कठिनाइहरुको समेत विवेचना गरी यसको उचित विकाश र संरक्षणका लागि विभिन्न पक्षहरुले खेल्नुपर्ने भूमिका र निर्वाह गर्नुपर्ने दायित्वलाई मुख्य केन्द्र विन्दूमा राखिएको छ । अध्ययन प्रतिवेदनमा प्रस्तुत गरिएका लोकवार्ता एवं तिनको विवेचना र अध्ययनको निष्कर्ष समेतका आधारमा निम्नानुसारका सुझावहरु प्रस्तुत गरिएका छन् –

(१) दुरा जातिमा विद्यमान लोकवार्ताहरु यस समुदायको मात्र नभई राष्ट्रकै समेत अमूल्य सम्पत्ति र पहिचान भएकाले यिनको संरक्षण गर्दै अभिलेख दुरुस्त गर्नका लागि समुदाय र राष्ट्रले समेत तदारुकताका साथ पहल गर्नुपर्ने देखिन्छ । जसका लागि समुदायमा परम्परात्मक सीपका रुपमा रहेका निगालो र भेंडाको ऊनबाट बन्ने सामग्रीहरलाई समयको माग अनुसार अझ परिस्कृत ढङ्गबाट उत्पादन गरी विश्वबजारसम्म पुऱ्याएर व्यावसायिक लाभ लिन सकिन्छ । दुरा समुदायका परम्परात्मक गहना र काठबाट बनाइने सामग्रीहरुको संरक्षण र उत्पादन पनि महत्त्वपूर्ण उपलब्धी हुन सक्दछ । लोक कथा र लोक गीतका साथै परम्परात्मक ज्ञानहरुलाई सङ्कलन गरी प्रकाशन गर्नुका साथै लोप हुन लागेको भाषालाई लिपिवद्ध गरी प्रशिक्षणको व्यवस्था मिलाइनुपर्दछ।

(२) यस जातिमा विद्यमान लोकवार्ताहरुको विस्तृत रुपमा खोजी तथा पहिचान गरी व्यावसायिक रुप दिन सकिने लोकवार्ताहरुको प्रवर्द्धनका लागि पूर्वाधार तयार पार्न सरकारी स्तरबाटै ठोस नीति सहितको पहल हुनु पर्दछ।

(३) लोपोन्मुख तथा महत्त्पूर्ण लोकवार्ताहरुलाई लिपिवद्ध तथा छायाँङ्कन गरी दिगो संरक्षणका लागि राज्यले पहल गर्नु पर्दछ।

## ३.१ वौद्धिक सम्पत्तिको सचेतना स्तर एवं समुदायले लोकवार्तालाई दिने महत्त्व :

यस समुदायमा आफ्ना मौलिक सिर्जनाहरुको महत्त्वप्रतिको चेतना बढ्दै गएको पाइए पनि त्यस्ता अमूल्य कला-कृतिको जगेर्नाका लागि ठोस कार्यहरु हुन् नसकिरहेको स्थिति देखिएको छ। समुदायले आफ्ना मौलिक तथा परम्परात्मक निधिहरुको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनको महसुस गर्दै २०५१ सालमा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा 'दुरा सेवा समाज' दर्ता गरी सम्बन्धित जन-समुदायलाई गोलवन्द गरेको भएपनि आवश्यक आर्थिक स्रोतको अभावका कारण उद्देश्य अनुरुपका

विविध कार्यहरु गर्न कठिनाई भइरहेको पाइएको छ । २०२८ सालमै लम्जुङ, तुर्लुङ्कोटका समाजसेवी शेर बहादुर दुराको अध्यक्षतामा एक तदर्थ समितिको गठन भएको थियो । तर सो तदर्थ समितिले उद्देश्य अनुरुप लामो समयसम्म उपलब्धीमूलक तथा ठोस काम गर्न सकेन । तथापि हालको छाता सङ्गठन 'दुरा सेवा समाज' को स्थापनाको लागि भने प्रेरक कारक भएको मानिएको छ । समाजकै पहलमा खजेगाउँ, दुराडाँडामा सङ्ग्राहलयका लागि जग्गा खरीद गर्ने कार्य सम्पन्न भइसकेको भएपनि आर्थिक कठिनाईका कारण सङ्ग्राहलय भवन निर्माण गरी परम्परात्मक तथा लोपोन्मुख कला कृतिको संग्रह तथा उचित सम्वर्द्धन गर्न समस्या भइरहेको देखिएको छ।

लम्जुङ जिल्ला गुरुङ र दुरा समुदायको प्रमुख बसोबास क्षेत्र भएको र गुरुङहरुले तमू धीं, तमू प्ये ल्हु संघ, तमू वौद्ध सेवा समिति, वौद्ध अर्घौ सदन आदि संस्थाहरु स्थापना गरी आफ्नो पहिचानको खोजी गर्दै समुदायको लोकवार्ताका लागि गरिरहेका उल्लेख्य कार्यहरुको प्रभाव दुरा समुदायनमा पनि परेको र यस समुदायका सचेत र शिक्षित वर्ग समुदायका निधिहरुको संरक्षणका लागि चिन्तनशील देखिएको भएपनि अझै केही ग्रामिण भेगका दुराहरुमा वौद्धिक र मौलिक सम्पत्तिको संरक्षणका लागि पर्याप्त चेतनाको स्थिति भन्ने देखिएन।

## ३.३ वौद्धिक सम्पत्तिको क्षेत्रमा दुरा समुदायको लोकवार्ता (Folklore) को महत्व र भूमिका :

उच्च तथा पहाडी भेगमा बसोबास भएका दुरा समुदायमा पनि अन्य जातिका झैं अनेकन मौलिक लोकवार्ताहरु विद्यमान छन् । विश्व समुदाय यान्त्रिक र कृत्रिम संसाधनको युगको चरम विन्दूमा पुगेको आजको स्थितिमा परम्परात्मक, मौलिक र हस्तकलाका कलात्मक सामग्रीहरुको माग बढिरहेको छ । आद्योगिक विकाशले गर्दा प्रकृतिमा परिरहेको नकारात्मक प्रभाव र पृथ्वीका तमाम चल–अचल जीव र प्राणीको जीवनचक्र पद्धति र नियमित प्राकृतिक स्वभावमै प्रतिकूल प्रभाव परिरहेको सन्दर्भमा हस्तकलाका सामग्रीहरुको माग बढ्नु स्वाभाविकै हो । समुदायबाट लोप हुने खतरामा रहेका निगालो, खोसेला, काठ र ऊनबाट बन्ने सामग्रीको कलात्मक सीपलाई व्यावसायिक रुप दिन सके सम्बन्धित समुदाय र राष्ट्रको लागि समेत उपलब्धीमूलक हुने देखिन्छ। दुरा बस्तीका वरपरका घले गाउँ, घान्द्रुक, घन पोखरा, सिक्लेश आदि ठाउँहरुमा आन्तरिक र वाह्य पर्यटनको

विस्तार भइरहेको भए पनि चेतना, आवश्यक तालीम, भौतिक पूर्वाधार र बाटो घाटोको असुविधाका कारण अत्यन्तै राम्रो सम्भावना भइकन पनि दुरा बस्तीहरुमा पर्यटकलाई आकर्षिक गर्ने कुनैपनि योजना नपुगेको पाइएको छ। जसले गर्दा स्थानीय रुपमा आय आर्जनका धेरै सम्भावनाहरुबाट यो समुदाय वञ्चित रहेको छ। लोकगीत र लोक संस्कृतिको धनी दुराहरुको यस्ता अमूल्य साँस्कृतिक रीति र परम्पराहरुले पर्यटन प्रवर्द्धनका लागि ठूलो भूमिका निर्वाह गर्ने देखिए पनि यस बारेमा ठोस र प्रभावकारी पहल कतैबाट पनि भएको पाइएन। दुराहरुको आफ्नै प्रकारका भेषभूषा, सेलरोटी, ढिंडो–फाँडो र मासुका परिकारहरु पनि पर्यटकका लागि आकर्षणका विषय हुन सक्ने सम्भावना देखिएको छ।

## ३.४ दुरा जातिको लोकवार्ता एवं लोक परम्परा संरक्षणार्थ समुदाय र राज्यको भूमिका र दायित्व :

सीमित जनसंख्या भएको, एउटा निश्चित भूगोल क्षेत्रमा मात्र प्रमुख बसोबास रहेको र राज्यबाट पाउनुपर्ने सेवा–सुविधा र अवसरबाट पर्याप्त लाभ नपाइरहेको यो समुदायको मौलिक कला, शिल्प र संस्कृतिको संरक्षणमा सम्बन्धित समुदाय र राज्यले खेल्नुपर्ने भूमिका निकै महत्त्वपूर्ण हुने देखिन्छ।

### ३.४.१ सम्बन्धित समुदायको भूमिका र दायित्व :

यस समुदायमा विद्यमान लोक परम्परा र लोकवार्ताको संरक्षणको लागि समुदायले निर्वाह गर्नुपर्ने भूमिका र दायित्व यसप्रकार छन् –

(१) लोप हुन लागेको दुरा भाषा संरक्षणका लागि अभियानकै रुपमा यथाशीघ्र कार्य प्रारम्भ गरी शब्द संकलन बृहत् शब्दकोश निर्माण र भाषा प्रशिक्षणको लागि पहल गरिनुपर्दछ।

(२) प्रत्येक गाउँ र क्षेत्रका दुराहरुले लोपोन्मुख तथा परम्परात्मक ज्ञान र सीपको खोजी गरी त्यसको जगेर्नाका लागि पहल गर्नुपर्दछ।

(३) समुदायका पुरातात्त्विक, ऐतिहासिक, धार्मिक र साँस्कृतिक महत्त्वसँग सम्बन्ध राख्ने लोपोन्मुख सामग्रीहरुको खोजी गरी त्यसको संरक्षण गर्नुपर्दछ।

(४) सम्बन्धित समुदायका प्रत्येक व्यक्तिहरुले समुदायका प्रत्येक उत्सव, चाडपर्व र अन्य समुदायका साँस्कृतिक समारोहहरुमा जाँदा समेत आफ्ना परम्परात्मक भेषभूषा र गहनाहरु लगाउने गर्नुपर्दछ।

(५) मौखिक रुपमा मात्र रहेका परम्परात्मक लोकगीत, लोकगाथा, लोककथा, लोकोक्ति, गाउँखाने कथा जस्ता लोकवार्ताहरुलाई लिपिवद्ध गरी संरक्षण गर्नुपर्दछ।

(६) रेडियो तथा टेलिभिजनहरुमा आफ्ना समुदायका लोकवार्ताको प्रचार र प्रवर्द्धन हुने किसिमका कार्यक्रम सञ्चालनमा विशेष जोड दिनुपर्दछ।

(७) समुदायका शिल्पकलालाई व्यावसायिक रुपमा उत्पादन गरी संरक्षण र प्रवर्द्धनमा ध्यान दिनु पर्दछ।

(८) परम्परात्मक सीप, ज्ञान र संस्कृति अघिल्लो पुस्ताबाट पछिल्लो पुस्तामा हस्तान्तरण हुँदै जाने व्यवस्थालाई सुनिश्चित गर्नु पर्दछ।

(९) आफ्ना साँस्कृतिक तथा धार्मिक पक्ष र पर्वहरुलाई छायाँङ्कन गरी टेलिभिजनहरुको माध्यमबाट प्रचार–प्रसार गरी विश्व समुदायलाई आकर्षित गर्नुका साथै त्यस्ता वृत्तचित्रबाट पनि आर्थिक लाभ लिने प्रयाश गर्नुपर्दछ।

(१०) आफ्नो समुदायको पहिचान, समुदायभित्र रहेका कलाका साथै ऐतिहासिक, धार्मिक र साँस्कृतिक महत्त्वका विषयहरु समेट्दै मासिक, द्वैमासिक वा

त्रैमासिक रुपमा भएपनि नियमित पत्रिका प्रकाशनको व्यवस्था मिलाउनु पर्दछ।

(११) जातीय गौरव र अस्तित्व रक्षाको लागि विविध कारणले दुराबाट गुरुङ वा थापा भएका परिवार र वंशको खोजी गरी यथासम्भव उनीहरुलाई आफ्नो वास्तविक पहिचानमा फर्काउन आवश्यक पहल गर्नु पर्दछ।

## ३.४.२ राज्यको भूमिका र दायित्व :

(१) दुरा भाषा बोल्ने र बुझ्ने जीवित व्यक्ति सीमित मात्र बाँकी रहेकाले अविलम्व भाषा अनुसन्धान तथा सङ्कलनका लागि ठोस कदम चाल्नु पर्दछ।

(२) दुरा जातिमा विविध प्रकारका संस्कृति–परम्परा र मौलिक शिल्पकलाहरु भएकाले सरकारले त्यस्ता अमूल्य र लोपोन्मुख निधिहरुको खोजी गरी तिनलाई लिपिवद्ध वा छायाङ्कन गरी दिगो संरक्षण गर्नु पर्दछ।

(३) नेपाल वहुभाषिक, वहु साँस्कृतिक र बहुधार्मिक मुलुक भएकाले दुरा लगायत अन्य जातिका समेत लोकवार्ताको पहिचान र संरक्षण गरी तिनको व्यावसायिक प्रयोजनका सम्भावित मार्गहरु पहिल्याउनका लागि सम्बन्धित विषयका विज्ञ तथा जिम्मेवार व्यक्तिहरु सम्मिलित अनुसन्धान तथा प्रवर्द्धनशाला कम्तीमा पनि एउटा विकाश क्षेत्रमा एउटाका दरले सरकारी स्तरमै स्थापना हुनुपर्दछ।

(४) उद्योगका रुपमा स्थापित हुन सक्ने लोकवार्तासँग सम्बन्धित सीप र ज्ञानलाई आर्थिक तथा प्राविधिक सहयोग जुटाएर राज्यबाट यथासम्भव उत्पादनका साथै बजार प्रवर्द्धन समेतमा भूमिका निर्वाह हुनु पर्दछ।

(५) समुदायका लोकवार्ताहरुको शुक्ष्म अध्ययन गरी अन्तर्राष्ट्रिय दर्ता अथवा सूचीकरणको लागि राज्यले अहम् भूमिका निर्वाह गर्नु पर्दछ।

(६) यस समुदायको बसोबास क्षेत्रमा रहको स्वच्छ हावापानी, मनोरम प्राकृतिक सुन्दरता तथा समुदायका मौलिक कला र परम्पराहरुले गर्दा आन्तरिक र वाह्‍य पर्यटन व्यवसायको सम्भावना देखिएकोले सो सम्बन्धी विस्तृत अध्ययन गरी त्यसको लागि वातावरण निर्माण तथा पूर्वाधारहरुको विकाशका लागि प्रमुख भूमिका निर्वाह गर्नु पर्दछ।

## ३.५ समुदायका लोकवार्ताहरूको उपयोगिताका आधारमा वर्गीकरण :

| व्यावसायिकरण गर्न सकिने | संरक्षण गर्नुपर्ने | अनुकरण गर्न योग्य | कैफियत |
|---|---|---|---|
| लोकगाथा : घाँटु, सोरठी, श्रीकृष्ण चरित्र | लामा र घ्याब्रेहरुको ज्ञान | | |
| लोकगीतहरु, लोकखेलहरु, गहनाहरु, खोसेलाबाट बनाइने पिरका, ठेलो (छेलो) खेल, बुट्टेदार आँखीझ्याल र ढोकाका कलात्मक चौकोस, ऊन र चोयाबाट बन्ने सामग्रीहरु | लोकोक्ति, उखान टुक्का र गाउँखाने कथा, लोकखेलहरु, रोधी (रोदी) परम्परा, शिकार तथा युद्धका सामान, लोकबाजाहरु, भेषभूषा, काठका भाँडाकुँडाहरु, ऊन र चोयाबाट बन्ने सामग्रीहरु, परम्परात्मक गोल घर, लोकप्रविधिजन्य उपचार विधि, भाषा | जातीय समानताको व्यवहार, परिवारमा नारीलाई दिइने महत्व, लोक मान्यता र विश्वाश, गाउँ बार्ने प्रचलन, होरी प्रथा, | |

# सन्दर्भ सूची


१. दुरा जातिको भाषा, परम्परा र संस्कृति (दुरा सेवा समाज), २०५१

२. दुरा भाषाको शब्दकोश (दुरा सेवा समाज), २०५१

३. दुरा जातिको परिचय (लेखक : डा. ऋषिकान्त अधिकारी), २०६२

४. गरिमा साहित्यिक मासिक, २०६६, मङ्सिर

५. एक चिनारी (दुरा सेवा समाज), २०५१

६. आदिवासी जनजाति सम्बन्धी व्यवस्था (राष्ट्रिय योजना आयोग तीन वर्षीय अन्तरिम योजना – २०६४/०६५, २०६६/०६७)

७. आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान परिचय

८. पश्चिमाञ्चल विकाश क्षेत्रको लम्जुङ र कास्की जिल्लामा बसोबास गर्ने गुरुङ समुदायमा प्रचलित लोकवार्ता अध्ययन सम्बन्धी प्रतिवेदन (नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय)

९. लोकवार्ता विज्ञान र लोक साहित्य (लुईंटेल खगेन्द्रप्रसाद), २०६३

१०. लोकवार्ता विज्ञान (शर्मा हरद्वारीलाल), १९९० ई.सं.

# अनुसूचीहरु

# अनुसूची–२ (प्रश्नावलीहरु)

# (क) पश्चिमाञ्चलका दुरा समुदायको लोकवार्ता अध्ययन

१. बसोबास स्थान र जनसंख्या सम्बन्धी विवरण भर्नुहोस ।

| सि.नं. | बसोबास स्थान | | | | जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| | अञ्चल | जिल्ला | गा.वि.स./न.पा. | टोलको नाम | महिला | पुरुष | जम्मा |
| | | | | | | | |

२. समुदायको मुख्य उद्गम स्थल कुन हो ?

..............................................................................................................................................

..............................................................................................................................................

३. समुदायमा प्रचलित लोकबाजा सम्बन्धी विवरण लेख्नुहोस्।

| सि.नं. | प्रचलित लोक बाजाहरुको नाम | निर्माणमा प्रयोग हुने सामग्रीहरु | बनोट/ आकार–प्रकार | मूल्य | प्रयोगको समय | प्रयोगको अवस्था र कारण | संरक्षणको लागि भएका पहलहरु | संरक्षण/सम्बर्द्धनका लागि गरिनुपर्ने कार्यहरु | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

४. समुदायमा प्रचलित लोक कथा सम्बन्धी जानकारी दिनुहोस्।

| सि.नं. | प्रचलित लोक कथाको शीर्षक | छोटकरीमा विषयवस्तु | कथाको महत्व / कथाले दिने शिक्षा | प्रकाशित भएको/ नभएको | हालसम्म प्रचलनमा रहनुको कारण | संरक्षणका प्रयासहरु | संरक्षणार्थ गर्नु पर्ने पहल |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

५. समुदायमा प्रचलित लोक खेलहरु सम्बन्धी विवरण लेख्नुहोस् ।

| सि.नं. | खेलको नाम | संलग्न खेलाडी संख्या | खेलिने अवसर / महिना | खेल्नाको कारण | खेलमा प्रयोग हुने सामग्रीहरु | खेल सम्पन्न हुन लाग्ने समय | खेलका नियमहरु | खेलको विशेषता | संरक्षणमा भएका प्रयासहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

६. समुदायमा प्रचलित लोक गीतहरु सम्बन्धी विवरण उल्लेख गर्नुहोस् ।

| सि.नं. | लोकगीतको बोल | गीतले बोकेको सन्देश | गीतको प्रकृति | लोकगीत गाइने कुनै विशेष समय वा अवसर | रेकर्डिङ/प्रकाशित भए/नभएको | संलग्न गायक, गायिका | गीत चोरीको अवस्था | संरक्षणमा भएका प्रयाशहरु | संरक्षणका लागि गर्नुपर्ने पहलहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

७. समुदायका प्रचलित नाचहरुको विषयमा उल्लेख गर्नुहोस् ।

| सि.नं. | लोक नाचको नाम | नाचको प्रकृति | नाचमा संलग्न हुनेको संख्या | नाचको सन्देश/महत्व | नाचमा लगाइने भेषभूषा | नाचमा प्रयोग हुने बाजाहरु | नाचमा प्रयोग हुने गीत/संगीत | नाचको छायाँकन/प्रसारण भए/नभएको | संरक्षणमा भएका प्रयासहरु | संरक्षणका लागि गर्नु पर्ने पहलहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

८. समुदायमा प्रचलनमा रहेका लोक नाटकहरुका बारेमा जानकारी दिनुहोस् ।

| सि.नं. | नाटकको नाम | नाटकको विषय | नाटकले दिने सन्देश | नाटकको अवधि | प्रमुख पात्रहरु | नाटकको छायाँकन/प्रसारण भए/नभएको | संरक्षणका प्रयासहरु | संरक्षणका लागि गर्नु पर्ने पहलहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

९. समुदायमा प्रयोगमा रहेका गाउँखाने कथा र उखान टुक्का सम्बन्धी विवरण लेख्नुहोस्।

| सि.नं. | गाउँखाने कथा | अर्थ | उखान टुक्का | अर्थ |
|---|---|---|---|---|
| | | | | |

१०. लोक मनोरञ्जनका तरिकाहरुबारे उल्लेख गर्नुहोस्।

| सि.नं. | लोक मनोरञ्जनका तरिका/साधनहरु | प्रयोगको समय | अन्य विशेषताहरु | संरक्षणमा भएका प्रयाशहरु | संरक्षणका लागि गर्नु पर्ने पहलहरु |
|---|---|---|---|---|---|
| | | | | | |

११. समुदायमा प्रयोग हुने लोक भाषाहरुका विषयमा लेख्नुहोस्।

| सि.नं. | भाषा | भाषा परिवार | प्रयोगको अवस्था | सो भाषा प्रयोग भएका प्रकाशनहरु (पुस्तक/पत्रिका/गीत) | कुनै विशेष अवसरमा प्रयोग हुने भए सो को विवरण | संरक्षणमा भएका प्रयाशहरु | संरक्षणका लागि गर्नुपर्ने पहलहरु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

१२. समुदायमा मनाइने लोक उत्सव/चाडपर्वका विषयमा उल्लेख गर्नुहोस्।

| सि.नं. | लोक उत्सव/ चाडपर्वको नाम | मनाइने समय/ अवधि | कसरी मनाइन्छ | मनाइने प्रचलनको अवस्था | राम्रा पक्ष/ नराम्रा पक्ष | संरक्षणमा भएका प्रयाशहरु | संरक्षणका लागि गर्नु पर्ने पहलहरु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

१३. समुदायमा व्याप्त लोक आस्था र लोक विश्वास कुनै भएमा उल्लेख गर्नुहोस्।

| सि.नं. | लोक आस्था | लोक आस्थाका कारण | लोक विश्वास | कारणहरु | फाइदा | बेफाइदा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

१४. समुदायमा मानिने लोक धर्म सम्बन्धी जानकारी दिनुहोस्।

| सि.नं. | लोक धर्म | धर्मका प्रमुख विशेषताहरु | सो धर्मसँग सम्बन्धित देवी देवताहरु | सम्बन्धित मठ/मन्दिर आदि | पूजाको विधि तरिका | उपलब्ध पुस्तकहरु | धर्मका मान्यताहरु | अरु धर्मसँगको समानता/ असमानता | पुजारी सम्बन्धी | सो धर्ममा मानिने चाडपर्वहरु | समयावधि | संरक्षणका प्रयाशहरु | गर्नुपर्ने पहलहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

१५. समुदायमा कुनै विशेष प्रकारका लोक प्रचलन र लोक मान्यताहरु भए उल्लेख गर्नुहोस्।

| सि.नं. | लोक प्रचरण | कारण | लोक मान्यताहरु | कारण | हालको अवस्था |
|---|---|---|---|---|---|
| | | | | | |

१६.समुदायमा प्रयोग भएका लोक प्रविधिहरु कुनै भए उल्लेख गर्नुहोस्।

| सि.नं. | लोक प्रविधिको परिचय | प्रयोग हुने क्षेत्र | प्रयोग गरिने तरिका | प्रयोगमा उपयोग गरिने अन्य सामग्री | प्रविधिको महत्व र विकास | संरक्षणमा भएका प्रयाशहरु | संरक्षणका लागि गर्नुपर्ने पहलहरु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

१७. समुदायमा रहेका लोक रीतिरिवाजका विषयमा जानकरी दिनुहोस्।

| सि.नं. | लोक रीतिरिवाज | मनाइने/सम्पन्न गरिने तरिका | रीतिरिवाजका विशेषताहरु | कुनै पुस्तक वा छायाँकन भएको भए सो को विवरण | संरक्षणमा भएका प्रयाशहरु | संरक्षणका लागि गर्नु पर्ने पहलहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |

१८. समुदायमा प्रचलित लोक वास्तुकला/शिल्पकला सम्बन्धी विवरण उल्लेख गर्नुहोस्।

| सि.नं. | वास्तुकला/ शिल्पकलाको विशेषता | निर्माण हुने सामग्रीहरु | तालीम सम्बन्धी व्यवस्था भए/नभएको | यस क्षेत्रमा लागेका जनशक्ति | उत्पादित वस्तुको प्रयोगको अवस्था | व्यापारको सम्भावना | संरक्षणमा भएका प्रयाशहरु | संरक्षणका लागि गर्नु पर्ने पहलहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

१९. समुदायका मानिसहरुको मुख्य पेशा कुन कुन हुन् क्रमश उल्लेख गर्नुहोस्।

(क) (ख) (ग) (घ) (ङ)

२०. समुदायमा प्रयोग हुने मुख्य भेषभूषाको विषयमा लेख्नुहोस्।

| सि.नं. | दैनिक जीवनको भेषभूषा | | | | बिहेमा प्रयोग हुने भेषभूषा | | ब्रतबन्धमा प्रयोग हुने भेषभूषा | चाडपर्व वा रीतिरिवाजमा प्रयोग हुने भेषभूषा | भेषभूषा प्रयोगको वर्तमान अवस्था | संरक्षणमा भएका प्रयाशहरु | संरक्षणका लागि गर्नुपर्ने पहलहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | बालक | बालिका | महिला | पुरुष | | | | | |
| | | | | | | | | | | | |

२१. समुदायमा प्रयोगमा आउने भाँडाकुँडा, फर्निचर र हातहतियारका विषयमा उल्लेख गर्नुहोस् ।

| सि.नं. | फर्निचर/भाँडाकुँडा/ हातहतियार | बनेको धातु | बनौट | विशेषता | कहाँ बनाइन्छ | मूल्य | संरक्षणमा भएका प्रयाशहरु | संरक्षणका लागि गर्नुपर्ने पहलहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

२२. आफ्नो समुदायमा प्रचलनमा रहेका लोकवार्ताहरुको महत्व वा आवश्यकता के देख्नुहुन्छ ?

..........................................................................................................................................................................

..........................................................................................................................................................................

२३. प्रचलित लोकवार्ताका राम्रा र नराम्रा पक्षहरु के के हुन् ?

..........................................................................................................................................................................

..........................................................................................................................................................................

..........................................................................................................................................................................

..........................................................................................................................................................................

२४. तपाईलाई बौद्धिक सम्पत्ति र लोकवार्ताको यससँगको सम्बन्धका विषयमा के थाहा छ ?

..........................................................................................................................................................................
..........................................................................................................................................................................
..........................................................................................................................................................................
..........................................................................................................................................................................

२५. आफ्ना लोकबार्ताहरु संरक्षणका लागि कसले के भूमिका निभाउनु पर्छ जस्तो लाग्छ ?

..........................................................................................................................................................................
..........................................................................................................................................................................
..........................................................................................................................................................................
..........................................................................................................................................................................

२६. अन्य केही भन्न मन लागेका विषयहरु भए –

..........................................................................................................................................................................
..........................................................................................................................................................................
..........................................................................................................................................................................
..........................................................................................................................................................................

<u>विवरण दिनेको</u> :

(क) नाम र दस्तखत :

(ख) ठेगाना :

(ग) मिति :

# अध्ययनको संगठन

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट पश्चिमाञ्चल विकास क्षेत्रको लम्जुङ जिल्लामा बसोबास गर्ने दुरा समुदायमा प्रचलित लोकवार्ता (Folklore) सम्बन्धी अध्ययन गरि सुझाव सहितको प्रतिवेदन पेश गर्न सिर्जनशील अध्ययन केन्द्र नेपाल प्रा.लि. लाई जिम्मा दिइएकोमा यस अध्ययनका लागि देहायको विशिष्ट प्रकृतिको संगठनले स्थलगत अध्ययन–अनुसन्धान कार्य सम्पन्न गरी यो प्रतिवेदन तयार भएको छ –

(क) श्री युवराज गिरी – टोलीनेता (अर्थशास्त्री)

(ख) श्री टेकनाथ भट्टराई – तथ्याङ्कशास्त्री

(ग) श्री पार्वती गौतम – लोकवार्ताविद् / लोकवार्ताशास्त्री

(घ) श्री अभिनन्दन चौधरी, श्री प्रभानन्द चौधरी – कम्प्युटर टाइप तथा डिजाइन

(ङ) श्री सन्तोष खनाल, श्री भूपेन्द्र पराजुली, श्री विष्णुमाया गिरी – तथ्याङ्क संकलक

(च) श्री तारानाथ निरौला – लोकभाषाविद्

(छ) श्री भुवनकुमार दुरा – सम्बन्धित समुदायको स्रोत व्यक्ति

(ज) श्री रामेश्वर बराल – समाजशास्त्री / मानवशास्त्री

(झ) श्री काजीमान प्याकुरेल – संस्कृतिविद्

(ञ) श्री हरि श्रेष्ठ, श्री कमल श्रेष्ठ – फोटोग्राफर

(ट) श्री सुशील गौतम – लोकबाजाविद्

(ठ) श्री तुलसी गिरी – संस्था प्रमुख

# भूमिका

लोकवार्ता कुनैपनि समुदायका आफ्ना मौलिक चिनारी, विशेषता र अमूल्य सम्पदा हुन् । लोकवार्ता भन्नाले ग्रामिण समाजको ज्ञान अर्थात् असंस्कृत जातिको ज्ञान हो । लोकवार्ता विगतको प्रतिध्वनि हो, ऐतिहासिक हो अनि यस्तो परम्परा हो जो शास्त्रीय र पाण्डित्यको चेतनाले रहित भई परम्पराको गतिमा अघि बढेको र हुर्किएको हुन्छ। समग्रमा भन्नुपर्दा लोकको अध्ययन गर्ने विषय नै लोकवार्ता हो । लोकवार्ता कुनैपनि समुदायका आफ्ना मौलिक चिनारी, विशेषता र अमूल्य सम्पदा हुन्। विश्व मानचित्रमा सानो मुलुक भएपनि जसरी प्राकृतिक सम्पदाका दृष्टिकोणले नेपाल विशाल र धनी छ, त्यसैगरी मौलिक कला, परम्परा र संस्कृतिको विविधताले पनि नेपाल समृद्ध छ। सानो मुलुक भएपनि भौगोलिक विविधताले गर्दा तराईका फाँटिला उर्वर भूमिदेखि अमूल्य जडिबूटी फल्ने पहाडी र हिमाली हावापानी यहाँ पाइन्छ। पूर्वको सङ्गिनीदेखि सुदूर पश्चिमको देउडा सम्मका अनेकन लोक परम्परा र साँस्कृतिक विशेषता बोकेको यो मुलुक कला र संस्कृतिका लागि संसारमै धनी छ। यसै प्रसङ्गमा दुरा समुदायका मौलिक कला तथा परम्परा र संस्कृतिलाई पनि बिर्सन सकिन्न । समुदायका यस्ता लोक परम्पराभित्र लुकेका ज्ञान, सीप तथा मौलिक तथा वौद्धिक सिर्जनाहरुलाई ज्ञानको आधारमा अघि बढेको आजको विश्वमा उचित संरक्षण र समयानुकूल परिमार्जन सहित प्रवर्द्धन गरेमा सम्बन्धित समुदाय र राष्ट्रलाई नै समृद्ध बनाउन सकिन्छ । यसै परिप्रेक्ष्यमा पश्चिमाञ्चल विकाश क्षेत्रको लम्जुङ जिल्लामा बसोबास गर्ने दुरा समुदायमा प्रचलित यस प्रकारका लोकवार्ता र लोक परम्पराभित्र लुकेर बसेका ऐतिहासिक, सामाजिक, धार्मिक, साँस्कृतिक र पुरातात्त्विक महत्त्वका पाटाहरुलाई अध्ययन अनुसन्धान गरी तिनको महत्व र भूमिकाको विश्लेषण गर्दै तिनको जगेर्नाको अवस्थाको बारेमा सुझाव समेत पेश गर्नका लागि नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले गरेको यो अध्ययन कार्य प्रशंसनीय छ।

अध्ययनका लागि छुट्याइएका अनेकन विषय, कार्यक्षेत्र, उपलब्ध समयावधि र साधन स्रोत वास्तवमै पर्याप्त थिएन। तथापि अध्ययनको महत्व र जिम्मेवारी निर्वाह गर्दै यस संस्थाले आफ्ना सम्पूर्ण जनशक्ति र सम्पर्क स्रोतहरुको समेत प्रयोग गरी अत्यन्तै मेहेनतका साथ यस समुदायसँग सम्बन्धित विभिन्न संघ संस्था तथा सम्बन्धित जातिका विभिन्न विद्वान, लेखक र शोधकर्ताहरु समेतको सल्लाह, सहयोग र सुझावका आधारमा पश्चिमाञ्चल विकास क्षेत्रको लम्जुङ जिल्लामा बसोबास गर्ने दुरा समुदायमा प्रचलित लोकवार्ताहरुको अध्ययन गरी निष्कर्ष र सुझाव सहितको अध्ययन प्रतिवेदन तयार गरी पेश गरिएको छ।

यो प्रतिवेदन तयार हुनका लागि धेरै व्यक्ति तथा संस्थाहरुको अमूल्य योगदान तथा सहयोग रहेको छ। सर्वप्रथम त 'दुरा सेवा समाज, केन्द्रीय कार्य समितिका उपाध्यक्ष तथा सिन्दुरे गा.वि.स.–३, ठूलो स्वाँरा, लम्जुङका स्थायी बासिन्दा लोक बहादुर दुराको सहयोगप्रति सिर्जनशील अध्ययन केन्द्र नेपाल (प्रा.)लि. परिवार आभार व्यक्त गर्दछ। स्थानीय सरस्वती मा.वि.का पूर्व शिक्षक तथा हाल सो माविका सञ्चालक समितिका अध्यक्ष समत रहनुभएका लोक बहादुर दुराको हार्दिकतापूर्ण सहयोग यो अध्ययन प्रतिवेदनको पूर्णताको लागि एउटा सर्वाधिक महत्व र अविश्मरणीय पाटोको रुपमा रहेको छ भनी यहाँ उल्लेख गर्नैपर्छ। यसैगरी नेटा गाविस वडा नं. – ३ का वीर बहादुर दुरा, चन्द्रेश्वर गाविस वडा नं. ५ का देवीजङ् दुरा, सिन्दूरे गाविस, मकै स्वाँराका भीमबहादुर दुरा, ठूलो स्वाँरा, चण्डी गाउँका पूर्व जिमाल भीमबहादुर दुरा (ठुलो भीमबहादुरको नामले पनि परिचित), नेटा गाविस वडा नं. २, डाँडागाउँकी समा दुरा आदिको महत्वपूर्ण सहयोग तथा भूमिका विना पनि यो प्रतिवेदनले यस्तो स्वरुप पाउन सम्भव थिएन। यसैगरी 'दुरा सेवा समाज, केन्द्रीय समिति' का महासचिव भुवन दुराको सहयोग र मार्गदर्शन पनि यस अध्ययन मिशनको एउटा महत्वपूर्ण अङ्गको रुपमा रहेको छ।

नमस्ते पोखरा ब्रोडकाष्टिङ् स्टूडियो, पोखराका निर्देशक छवि सुवेदी र ठाडो भाकाका प्रख्यात गायक तथा लोक संस्कृतिका ज्ञाता वृद्धिमान दुरा धम्पुसँगको भेटघाट र वार्ताले पनि यस अध्ययनलाई अझ व्यापक र खोजमूलक बनाउन ठूलो भूमिका निर्वाह गरेको छ। प्रस्तुत अध्ययन कार्यमा प्रत्यक्ष

अप्रत्यक्ष रुपमा धेरै व्यक्तिहरुले सल्लाह, सुझाव र अन्य प्रकारका सहयोगहरु गरेका छन्, जुन हाम्रा लागि सबै उत्तिकै महत्वपूर्ण र अमूल्य छन् । यसै सन्दर्भमा सिन्दूरे गाविस वडा नं. ३, ठूलो स्वाँरा स्थायी बसोबास भएका इण्डियन आर्मी, भू.पू हविल्दार (हवल्दार) देवबहादुर दुराको नाम बिर्सनै नहुने सहयोगीको रुपमा यहाँ उल्लेख गर्नु उपयुक्त हुन्छ । ठूलो स्वाँरादेखि, डाँडागाउँ, हाँडीखोला, मिदिमखोला हुँदै कर्पुटारसम्मको पैदल यात्रामा सुरक्षा र मार्गदर्शन दुबै रुपमा निःस्वार्थ साथ दिनुहुने देवबहादुर दुराको भूमिका अतुलनीय छ ।

अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलनार्थ खटिएका संकलकहरु सन्तोष खनाल, विष्णुमाया गिरी, भूपेन्द्र पराजुली र पर्शुराम रिजाल, फोटोग्राफर हरि श्रेष्ठ र कमल श्रेष्ठ, समयको पावन्दीलाई मनन् गरी छोटो समयमा पनि दिनरात नभनी कम्प्युटर टाइप गर्ने भाइ प्रभानन्द चौधरी र प्रतिवेदनलाई आकर्षक ढङ्गमा डिजाइन गर्ने डिजाइनर अभिनन्दन चौधरीले लगनशीलता र जिम्मेवारीपूर्वक कार्य सम्पन्न नगरिदिएको भए यो प्रतिवेदन तोकिएको समयावधिभित्र पूरा हुने थिएन ।

अध्ययनलाई स्तरीय र पूरक बनाउनका लागि विभिन्न समयमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री वीरबहादुर राई र शाखा अधिकृत नारायणप्रसाद अर्यालले दिनुभएको रचनात्मक सुझाव र सल्लाहले पनि निकै महत्वपूर्ण भूमिका निर्वाह गरेको कुरा यहाँ उल्लेख गर्नैपर्ने हुन्छ । यसैगरी अध्ययन टोली नेता श्री युवराज गिरीको प्राविधिक, समन्वयकारी र नेतृत्वदायी भूमिका पनि अविश्मरणीय छ यस अध्ययनकार्यका लागि । तथ्याङ्कशास्त्री टेकनाथ भट्टराई, संस्कृतिविद् काजीमान प्याकुरेल, लोकबाजाविद् सुशील गौतम, लोकभाषाविद् तारानाथ निरौला, समाजशास्त्री/मानवशासत्री रामेश्वर बराल र लोकवार्ताविद्/लोकवार्ताशास्त्री पार्वती गौतमको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ ।

यस अध्ययन कार्यमा माथि उल्लेख भएका बाहेक पनि धेरै व्यक्ति तथा संस्थाहरुको ठूलो सहयोग र भूमिका रहेको छ । यहाँ सबैको नाम उल्लेख गर्न सम्भव र व्यवहारिक पनि छैन । त्यसैले

अध्ययनकार्यमा प्रत्यक्ष–अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सबैप्रति यो संस्था कृतज्ञता प्रकट गर्दछ। यस अध्ययनकार्यलाई अघि बढाउनका लागि हर समय सल्लाह र रचनात्मक सुझावहरु दिएर सहयोग पुऱ्याउनुहुने नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री वीरबहादुर राई, शाखा अधिकृत श्री नारायणप्रसाद अर्याल लगायत कार्यालयका सम्पूर्ण कर्मचारीहरुप्रति सिर्जनशील अध्ययन केन्द्र नेपाल प्रा.लि. आभार व्यक्त गर्दछ।

**सिर्जनशील अध्ययन केन्द्र नेपाल प्रा.लि.**

धापासी, काठमाडौं, २०६६ फागुन १४ गते